# असल अभ्यास



सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
पुन्ना, डोटी

# असल अभ्यास

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
पुन्ना, डोटी

# असल अभ्यास

© सर्वाधिकार प्रकाशकमा



| | | |
|---|---|---|
| **संस्करण** | : | **पहिलो, २०८१** |
| **प्रकाशित प्रति** | : | **एक हजार** |
| | | यस पुस्तकको कुनै पनि अंश प्रकाशकको अनुमति बिना कुनै पनि माध्यममा पुनः प्रकाशन गर्न पाइने छैन । यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐनअनुसार कारवाही हुनेछ । |
| **प्रकाशक** | : | **सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान** |
| **ठेगाना** | : | **पुन्ना, डोटी** |
| **फोन नम्बर** | : | **०९४–४१११७२/९८५८४३३३७५/९८४८६४११३०** |
| **वेबसाइट** | : | https://sprta.sudurpashchim.gov.np/ |
| **ईमेल** | : | pcggdoti@gmail.com, srtadoti@gmail.com, bamgehendra@gmail.com |
| **मुद्रक** | : | **प्रिन्ट प्रो इन्टरप्राइजेज प्रालि, चाकुपाट, ललितपुर–१** |



# सफलताका कथाका सन्दर्भ

प्रविधिको विकासले मानिसलाई संसारको एक कुनामा भएको घटना तत्काल अर्को कुनामा रहेकाहरूको पहुँचमा पुऱ्यायो । हातहातमा रहेको मोबाइलमा नै सबै घटना थाहा पाइने भयो । यहाँ सूचना हेर्नेमात्र नभएर यसको बिक्री गर्नेहरूले पनि मिनेट मिनेटमा सामाजिक सञ्जालमा सूचना अध्यावधिक गर्न थाले । यस्ता सूचना प्रवाह गर्नेहरू सबैको सफा नियत हुन्छ भन्ने छैन । मानिसले नियतवश अफवाह फैलाउने खालका सूचना प्रसार गर्न थालेका छन् । अर्कालाई उछिन्न वा पछि पार्न सामाजिक सञ्जालमा हरेक हतकन्डा प्रयोग हुन थालेको छ ।

मानिसको मन अत्यन्त चन्चल हुन्छ, तलमाथि दुवैतिर बहन सक्छ भनेर वेदव्यासले भनेझैँ सामाजिक सञ्जालमा जोडिएकाहरू जानी नजानी यस्ता सूचनाको लतमा पर्ने सम्भावना बढ्यो । किनकी प्रविधिको विकाससँगै नकारात्मक खालका एवं मनलाई दिग्भ्रमित गर्ने खालका सूचनाको प्रवाह बढ्न थाल्यो । जसको सूचना प्रशोधन गर्ने क्षमता कम छ, त्यस्ता समूहले यस्ता सूचनालाई सजिलै विश्वास गर्ने वातावरण बन्दै गयो । यसरी प्रविधिले सूचनामा पहुँच पुऱ्यायो, समाचार सम्प्रेषणमा सहयोग गऱ्यो, यसैबाट मनोरञ्जन कसरी लिने भन्नेमा ध्यान केन्द्रित गरायो र अन्तमा मानिसको बानी व्यहोरा तथा आदत नै बनाउन सफल बन्न सक्ने भयो । यही भएर केही मानिस सकारात्मकभन्दा नकारात्मक समाचारमा लालायित हुन पुगे । यिनै कारणले हुनसक्छ कि अहिले धेरै जनाले कुराको सुरुवात नकारात्मक कोणबाट गर्छन् ।

कुनै भेला बैठक अन्तरक्रियामा प्रस्तुतकर्ता के भयो वा भएको छ भन्दा पनि के भएको छैन भन्ने वाक्यबाट आफ्ना भनाइ सुरु गर्ने भए । सुन्ने सुनाउने दुवैलाई यसैबाट आनन्द आउने जस्तो देखियो । नागरिकले त भने भने अब त सार्वजनिक पद धारण गरेकाहरू पनि यसैमा भाष्य मिलाउनमा अभ्यस्त जस्ता देखिए ।

के हाम्रो समाजमा राम्रा काम नभएकै हुन् त ? के हामीसँग राम्रा एवं प्रेरणादायी कथा नभएकै हुन त ? कि यस्ता कथामा हाम्रो ध्यान नपुगेको हो ? मुलुकमा तीन तहका सरकार क्रियाशील छन् । के यी कुनै पनि सरकारले गरेका काम गणना गर्न लायक नभएकै हुन त ? हाम्रो समाजमा राम्रो काम नभएको कि राम्रा काम उजागर गर्नमा हाम्रो दृष्टिकोण नपुगेको हो ? कि हामीले राम्रा काम खोजी गरेकै छैनौँ ?

हरेक समाजमा त्यहाँका मानिसबाट असल र खराब दुवै खालका कर्म भएकै हुन सक्छन् । नायकी र खलनायककी चरित्र हुन्छन् नै । यिनका कर्म आफ्ना स्वभावअनुसार हुने नै भए । जसले यस्ता घटना बाहिर ल्याउँछन् उनीहरूको दृष्टिकोणमा भर पर्ने भयो बाहिर ल्याउने घटनाको स्वभाव र प्रकृति । कुन घटना छान्ने र कुनलाई 'ग्लोरिफाई' गर्ने भन्ने विषय घटना छनोट गर्नेको सोच र दृष्टिकोणमा भर पर्ने भयो । न कि सूचना प्राप्त गर्नेको । अहिले घटना वा सूचना सङ्कलन तथा प्रवाह गर्ने स्रोत र माध्यम बदलियो । अनि धेरैले केही भएन भन्ने भाष्य प्रवाह गर्दा आमरूपमा केही

नभएको जस्तो आभास भएको हुनसक्छ । हाम्रो समाजमा राम्रा कथा पनि छन् । भलै तिनको आकार सानो होला । तर यहाँ त्यस्ता थुप्रै कथा हुनसक्छन् । समाजलाई सही ढङ्गबाट निर्देशित गर्ने हो भने हामीले यस्ता कथा उजागर गर्नुपर्छ, खोज्नुपर्छ । सुदूरपश्चिम अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले यस्तै राम्रा एवं सफलता कथा खोजी गर्ने काम यस गरेको सुन्न पाउँदा म अत्यन्त गौरवान्वित छु । नकारात्मक सूचनाको बाढी आएको यस समयमा यस प्रयासले समाजलाई सकारात्मक बाटो देखाउन केही मात्रामा भए सहयोग गर्न सक्छ भन्ने विश्वास मैले लिएको छु ।

हजारौँ माइलको यात्राको सुरुवात पहिलो पाइलाबाट नै हुन्छ । एकैपटक हजारौँ माइलको दूरी पार गरिने होइन । थोपा सिँचाइ प्रविधिले कम पानी भएको स्थानमा वनस्पतिको लागि आवश्यक जल थोपाथोपाबाट पूरा गर्न सक्छ । यही अवधारणा अनुरूप कुनै एक व्यक्ति वा संगठनको सकारात्मक सोचको प्रभाव अन्य व्यक्ति समूह वा संगठनमा पर्ने निश्चित छ । यसका लागि प्रयास, समय र लगाव चाहिन्छ । कहिलेकाहीँ नकारात्मक सूचनाको बाढी आएको स्थानमा एक दुई जनाको प्रयासले के हुन्छ र भन्ने लाग्न पनि सक्छ । तर यस्तो होइन यसको प्रभाव अवश्य पनि पर्छ ।

यहाँनेर हामीले के पनि बिर्सिनु हुँदैन भने यस संसारमा वा मानव इतिहासमा जे जति परिवर्तन भएका छन त्यसमा ठूलो हिस्सा कुनै एक व्यक्तिको सोच र प्रयासमा आधारित छ । व्यक्तिबाट सुरु भएको प्रयासले आकार ग्रहण गर्दै ठूलो रूप लिने हो । अहिलेको अवस्थामा सकारात्मक एवं समाजका सफल कथाहरू थोरै होलान्, तीनलाई उजागर गर्न सकै अरू धेरै कथा खोज्नका लागि सहयोग पुग्छ नै । उजागर नभएका एवं सुषुप्त अवस्थामा रहेका कथालाई बाहिर ल्याउन सहयोग पुग्न सक्छ ।

शान्ति र कोलाहल जस्तै फरक छ सकारात्मक र नकारात्मक कथाको स्वभाव । तर समाज अगाडि बढाउने यस्तै सकारात्मक कथाले हो भनेर बिर्सन हुँदैन । जतिसुकै नकारात्मक कथाको बाढी किन नआओस् हामी सकारात्मक सन्देश दिने यस्ता कथाहरू खोज्न छोड्नु हुँदैन । म यस अवसरमा प्रतिष्ठानलाई आफ्नो यात्रालाई अनवरत रूपमा कायम राख्न शुभकामना समेत दिन चाहन्छु । सधैं यस्तै अवस्था नरहला किनकी समाज विकासको क्रममा विचारहरू जन्मने, मर्ने र पुनर्जन्म हुने भइरहन्छ नै । भोलि यस्ता काम गर्ने अरू धेरैको जन्म हुनसक्छ ।

प्रतिष्ठानले आफ्ना कमीकमजोरी केलाएर तिनमा सुधार गर्दै सफलताका कथा खोज्ने र उजागर गर्ने कार्यको यस सुदूरपश्चिम प्रदेशमा नेतृत्व प्रदान गर्न सकोस् भन्ने शुभकामनासमेत व्यक्त गर्न चाहन्छु । यसलाई एक घटना वा कार्य नबनाई नियमित प्रक्रियाको रूपमा लिन सकोस् । समाजमा बढिरहेको कुण्ठा, आक्रोश र तनावको बीचमा सकारात्मक कथा खोज्ने कार्य सजिलो त नहोला तर गर्नै नसकिने भने होइन भने बुझ्न र बुझाउन सकोस् । सबै मिलेर काम गर्न सकिन्छ, हामीकहाँ पनि काम हुन्छ, हाम्रो काम हामी सबै मिलेर गर्ने हो भन्ने भाष्य निर्माण गर्न लागिपरोस् । धेरै महत्वकांक्षी नबनिकन सकारात्मक पक्षको आशालाई जीवित राख्न सफल बनोस् । प्रतिष्ठानबाट प्रकाशित यस पुस्तक यस प्रदेशमा भए गरेका राम्रो कामका बारेमा चासो राख्नेहरूलाई उपयोगी नै हुने विश्वास लिएको छु । प्रतिष्ठानको यस प्रयासलाई सुझाव सल्लाह दिएर थप सहयोग गर्नुहुन समेत अनुरोध गर्न चाहन्छु ।

**हरिप्रसाद लम्साल, पिएचडी**
**प्रमुख सचिव**
**सुदूरपश्चिम प्रदेश सरकार,**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, धनगढी**
**२०८१ जेठ १८ गते शुक्रबार ।**



# हाम्रो भनाइ

वि. सं. २०७७ मा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसम्बन्धी ऐन जारी भयो । ऐनमा प्रतिष्ठानको महत्त्वपूर्ण जिम्मेवारी तथा दायित्व स्पष्ट गरिएको छ । प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने दायित्व प्रतिष्ठानलाई दिइएको छ । कानुनतः प्रतिष्ठानले निर्वाचित र मनोनित जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको वृत्तिविकासमा पनि सहयोग गर्दै आएको छ । त्यस्तै सरकारका विभिन्न नीति तर्जुमा, अध्ययन, अनुसन्धान गर्ने सन्दर्भमा विभिन्न निकायसँग सहकार्य र समन्वयको जिम्मेवारी पनि प्रतिष्ठानले वहन गर्दै आएको छ । स्थानीय तहको क्षमता विकासका लागि विभिन्न साझेदारसँग सहकार्य गर्दै आएका छौँ । सरोकारवालालाई दीर्घकालीन तथा अल्पकालीन, सेवाकालीन लगायतका तालिम सञ्चालनको महत्त्वपूर्ण जिम्मेवारी पनि पूरा गर्दै आएका छौँ । स्थानीय तहको संस्थागत विकासका लागि आवधिक योजना, मध्यमकालीन खर्च संरचना, क्षमता विकास योजना र राजस्व सुधार योजनाका सन्दर्भमा पनि सहयोग गरिरहेका छौँ । सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ लगायतका औजार प्रयोग गरेर स्थानीय तहलाई थप जवाफदेही एवं प्रभावकारी बनाउन, सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन र सुशासनलाई सहयोग गर्न प्रतिष्ठानले माध्यमका रूपमा कार्य गर्दै आएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी अनुभव आदान प्रदान, न्यायिक समितिको क्षमता विकास सँगसँगै नेपाल नगरपालिका सङ्घ, राष्ट्रिय गाउँपालिका महासङ्घका साथै नेपाल कानुन व्यावसायिक परिषद्सँग पनि रणनीतिक सम्झौता गरेका छौँ । त्यसबाट स्थानीय तहको योजना तर्जुमालाई थप सहयोग मिलेको छ । स्थानीय तहका कामकारवाही सहभागितात्मक पद्धतिबाट अगाडि बढ्नुपर्छ भन्ने मान्यता प्रतिष्ठानले लिएको छ । टोलबस्तीबाट जति पनि प्राथमिकताका योजना आउँछन् ती वास्तविक हुन्, टुक्रे नहुन् भन्ने उद्देश्य सो मान्यतासँग गाँसिएको छ । स्थानीय सरकारका कानुनको अध्यावधिक गर्नुपर्ने हुन्छ । रणनीतिक सम्झौताले पनि कानुन अध्यावधिक गर्न सघाउने गरेको छ ।

प्रदेश सरकारलाई पनि नीतिगत रूपमा विभिन्न सुझाव दिने दायित्व प्रतिष्ठानलाई ऐनमार्फत दिइएको छ । यसै सन्दर्भमा राजस्व अनुसन्धानका बारेमा अध्ययन अगाडि बढाएका छौँ । सुदूरपश्चिम विश्वविद्यालयका प्राध्यापकको समूहले स्थानीय तहले तर्जुमा गरेका राजस्व सुधार योजनाका बारेमा प्रभावकारिता र कमजोरीसम्बन्धी अध्ययन गरिरहेको छ । यो एउटा रणनीतिक अध्ययन हो । आवश्यकता र औचित्यका आधारमा यस्ता अध्ययनहरू थपिँदै जाने छन् । जसले प्रदेश सरकारलाई विभिन्न नीति अवलम्बन गर्न मार्गदर्शन गर्ने विश्वास लिइएको छ ।

दुई वर्षअघिको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)को सूचक हेर्दा सुदूरपश्चिमका सबै स्थानीय तह कमजोर थिए । तर अहिले ती सूचकमा तुलनात्मक रूपमा

सुधार आएको छ । शासकीय सुधार, योजना प्रणालीमा गर्नुपर्ने कार्य, प्रशासनिक तथा आर्थिक क्रियाकलापमा समन्वय र सहकार्य, लैङ्गिक समानता, समावेशी, भौतिक पूर्वाधार लगायतका सूचकमा निकै सुधार हुनुलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । न्यायिक समितिको सूचक पनि उक्लिएको छ । तर जति हुनुपर्ने हो वा जति गर्नुपर्ने हो त्यहाँ पुगेका छैनौँ भन्ने हामीहरूको स्वीकारोक्ति हो । प्रयास जारी छ, कतिपय स्थानीय तहले राम्रा अभ्यास गरिराखेका छन् । उनीहरूलाई काममा थप सहयोग पुऱ्याउँदै आएका छौँ । टुक्रे योजनालाई प्राथमिकता दिनु नै मुख्य समस्या हो । योजना वा नीति वा कार्यक्रमले रोजगारी सिर्जना गरोस्, दिगो पूर्वाधारलाई सहयोग गरोस्, दिगो विकास लक्ष्यलाई छोओस् भन्ने चाहना वा उद्देश्य प्रतिष्ठानले लिएको छ ।

हाम्रा पाँचवटा विषयगत क्षेत्र छन्- सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासन । यी क्षेत्रमा प्राकृतिक स्रोत तथा वित्त आयोगले अनुदान दिइरहेको छ । मध्यमकालीन खर्च संरचनाको प्राथमिकीकरण गरिरहेका छौँ । आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत योजनालाई पक्कै पनि अगाडि बढाउन सकिन्छ । ती कुरामा तादम्यता अलि मिलिरहेको छैन । यसको लागि समन्वय र सहकार्य बढाउनु जरुरी छ । दक्ष जनशक्ति परिचालन गर्नु जरुरी छ । निर्वाचित जनप्रतिनिधिको क्षमता अभिवृद्धिसँगसँगै नेतृत्व विकास गर्नु पनि उत्तिकै जरुरी छ । यी सम्पूर्ण कुरा विस्तारै हुने छन् । बेरुजु दर घटेको देखिन्छ । वित्तीय सुशासन राम्रो भइरहेको छ । तुलनात्मक रूपमा अगाडि बढिरहेका छौँ । यद्यपि पर्याप्त होइन भन्ने स्वीकारेका छौँ ।

असल अभ्यासका सामग्रीले स्थानीय तहको भावनालाई जोड्छ । क्षमता विकास, वृत्तिविकास, अनुसन्धान सबै क्षेत्रमा स्थानीय तहलाई जोड्छ । कहीँ पूर्वाधारका क्षेत्रमा राम्रो भएको छ, कहीँ आर्थिक क्रियाकलाप राम्रा भएका छन्, कहीँ प्राकृतिक प्रकोपको रोकथामसम्बन्धी क्रियाकलाप राम्रा भएका छन्, कहीँ समन्वय र सहकार्यका कुरा राम्रो भएको छ । एउटा स्थानीय तहको अभ्यासलाई अर्को स्थानीय तहमा अनुशरण किन नगर्ने त ? अथवा एउटा स्थानीय तहको सुधारका पक्षलाई अर्को स्थानीय तहको सिकाइ किन नबनाउने ? यिनै सोच र उद्देश्यले असल अभ्याससम्बन्धी यो पुस्तक तयार गरिएको हो । यसमा समेटिएका सामग्रीको अध्ययनबाट स्थानीय तहले आफ्नो सामाजिक र आर्थिक परिवर्तनका लागि नयाँ सोच वा अवधारण अगाडि सार्न सक्नेछन् । यो प्रस्थान बिन्दु हो । यात्रा थालेका छौँ । यो पुस्तक तयार पार्न सहयोग गरेकोमा एजुकेसनल पेजेजलाई धन्यबाद दिन चाहन्छौँ । यस लेखन कार्यमा प्रतिष्ठानको तर्फबाट सम्पर्क समन्वयसहित महत्त्वपूर्ण सहयोग गर्ने PLGSP कार्यक्रमका स्थानीय शासन विज्ञ तथा टोली प्रमुख रामसिहं ठगुन्नासहित सम्पूर्ण टोली धन्यवादका पात्र हुनुहुन्छ साथै यसमा प्रस्तुत सामग्री लेखनमा सहयोग गर्नुहुने पत्रकार दिनेश गौतम र गोकर्ण दयाललाई पनि धन्यवाद दिन चाहन्छौँ । साथै पुस्तक सम्पादन गर्न सहयोग गर्नुभएकोमा पत्रकार प्रकृति अधिकारीप्रति पनि आभारी छौँ । पुस्तकको लेआउट तथा डिजाइन गरिदिनुभएकोमा सानुराम दाहाललाई पनि धन्यवाद दिन चाहन्छौँ छोटो समयमा तयार पारिएको यस पुस्तक अध्ययनपछि आवश्यक सुझाव र सल्लाहको अपेक्षा गरेका छौँ । धन्यवाद !

**गेहेन्द्र बम, कार्यकारी निर्देशक**
**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी**

# विषयसूची


- असल अभ्यासको चित्र ........ ९
- एपको प्रयोगले सजिलो बनायो ........ ११
- हेलो अध्यक्ष ! हाम्रा गुनासा सुन्नूस् ........ १५
- करको दायरा बढाउने नीति ........ २१
- सेवाकालीन तालिमले ल्याएको सुधार ........ २५
- कार्यालय सहयोगीलाई कम्प्युटर तालिम ........ २७
- मार्गदर्शक बनेको आवधिक योजना ........ ३१
- सामाजिक क्षेत्रमा सफल अभ्यास ........ ३७
- क्षमता विकास योजना तर्जुमा ........ ४३
- स्वमूल्याङ्कनमा बेदकोटको छलाङ ........ ४७
- लैङ्गिक हिंसामुक्त बान्नीगढी जयगढ ........ ४९
- श्रम सहकारी, घरघरमा रोजगारी ........ ५३
- रोग लुकाउनेहरू स्वास्थ्य शिविरमा ........ ५७
- वित्तीय सुशासनमा आएको परिवर्तन ........ ६३
- इतिहास संरक्षण गर्दै अमरगढी ........ ६७
- सुशासन र विकासमा पिएलजिएसपीको योगदान ........ ७२
- गति लिँदै न्यायिक समिति ........ ७९
- पाँच प्रश्नका उत्तर ........ ८७
- सेवाकालीन तालिमले सिकाएका कुरा ........ ९१

# १

# असल अभ्यासको चित्र

सङ्घीयताको कार्यान्वयनमा अहं भूमिका स्थानीय तहको छ । सशक्त अधिकार स्थानीय तहले पाएको छ। आफूले पाएको अधिकारअनुसार सुदूरपश्चिम प्रदेशका स्थानीय तहले कति कार्यान्वन गरे ? यो बीचमा सुदूरपश्चिमका स्थानीय तहले कस्ता कस्ता असल अभ्यासको थालनी गरे ? आमनागरिकले सेवा पाएका छन् त ? यी लगायतका प्रश्नको समाधान खोज्ने कोशिश यस पुस्तकबाट गर्न खोजिएको छ। स्थानीय तहले गरेको असल अभ्यासलाई चित्रण गरिएको छ।

स्थानीय तहलाई आफूले गरेको कामको मूल्याङ्कन आफैँले गर्ने अधिकार दिइएको छ। यसअन्तर्गत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) देशभरिका ७५३ स्थानीय तहसहित सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तहमा लागू छ । आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको सबै स्थानीय तहको समग्र लिजा प्रतिशत ७०.३६ प्रतिशत छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा ६२.५७ प्रतिशत थियो। यो तथ्याङ्कले ७.७९ प्रतिशतले लिजा उकालो लागेको देखिन्छ । कुन स्थानीय तह पारदर्शी र सुशासनमा अब्बल छ ? शिक्षा, स्वास्थ्य, पूर्वाधार, सेवा प्रवाहको स्थिति कस्तो छ ? लिजाले स्पष्ट देखाएको छ । लिजा लागू भएपछिको तथ्याङ्कलाई हेर्ने हो भने स्थानीय तहमा विकासले लय लिएको देखिन्छ । सुशासन र पारदर्शी सेवा प्रवाहमा स्थानीय तहले पाइला चालेको अनुभव भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ जारी गरेको छ। यही कार्यविधिमा टेकेर स्थानीय तहले आफ्नो मूल्याङ्कन आफैँले गर्न पाउने व्यवस्था छ । लिजा लागू भएपछि सेवाप्रवाहमा थप प्रभावकारी, जवाफदेहिता र पारदर्शिता बढेको तथ्याङ्कले नै देखाउँछ। लिजाको सुरुवात भएपछि सुशासन, पारदर्शीता र विकासका कामले गति लिएको देख्न र अनुभव गर्न पाइएको छ।

स्थानीय तहको स्वमूल्याङ्कनका लागि लागि १० वटा विषय क्षेत्र राखिएको छ। शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक

**सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तहको लिजाको स्थिति**

| आर्थिक वर्ष | लिजा औसत प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ५२.०६ | ५३.३३ | ४४.९१ | ५६.८६ |
| २०७७/७८ | ५६.३५ | ५६.३४ | ४९.५ | ६१.५३ |
| २०७८/७९ | ६२.५७ | ६३.९७ | ५६.५ | ६६.४९ |
| २०७९/८० | ७०.३६ | ७१.९ | ६४.१७ | ७४.३२ |

### आर्थिक वर्ष २०७९/८० को १० वटा विषय क्षेत्रको लिजाको स्थिति

| सङ्ख्या | विषय क्षेत्र | अङ्क |
|---|---|---|
| १ | शासकीय प्रबन्ध | ८७.३७ |
| २ | संगठन तथा प्रशासन | ७८.९१ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७०.४३ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ७९.५७ |
| ५ | सेवा प्रवाह | ७७.०४ |
| ६ | न्यायिक कार्य सम्पादन | ८३.१२ |
| ७ | भौतिक पूर्वाधार | ५४.०२ |
| ८ | सामाजिक समावेशीकरण | ७०.०६ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ५७.८ |
| १० | सहकार्य र समन्वय | ३८.४९ |

कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपत् व्यवस्थापन, सहकार्य र समन्वय रहेको छ। १० वटा विषय क्षेत्रको समग्र स्थिति, प्रक्रियागत स्थिति र परिणात्मक स्थितिको सूचकको आधारमा अङ्क दिइन्छ । यसैको आधारमा स्थानीय तहले वर्षभरि गरेको समग्र गतिविधिको मूल्याङ्कन गरिन्छ । अङ्कको आधारमा सरकारले उत्कृष्ट स्थानीय तह घोषणा गर्छ ।

### वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (FRA) को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (फ्रा) को स्थितिमा पनि सुदूरपश्चिमका स्थानीय तहमा क्रमशः सुधार आएको छ। ४० सम्म उच्च जोखिम, ४१ देखि ८० सम्म मध्यम जोखिम र ८१ भन्दा माथि ल्याउनेलाई न्यून जोखिम मानिन्छ।

सङ्घीयताको कार्यान्वयनसँगै वित्तीय सुशासन कायम गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बनाएको छ । यसैको आधारमा स्थानीय तह वित्तीय अवस्थाको स्थिति थाहा पाउन सकिन्छ। स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रको पहिचान गरी वित्तीय सुशासनलाई संस्थागत गर्न फ्राको अवधारणा ल्याइएको हो। मूल्याङ्कनका लागि पाँचवटा विषय क्षेत्र तय गरिएको छ।

- योजना बजेट तथा कार्यक्रम व्यवस्थापन
- कार्यान्वयन क्षमता तथा व्यवस्थापन
- लेखाङ्कन तथा प्रतिवेदन
- अनुगमन मूल्याङ्कन तथा लेखापरीक्षण
- राजस्व व्यवस्थापन

यी पाँचवटा विषय क्षेत्रलाई तीनवटा सूचकमा समावेश गरी अङ्क दिइन्छ। सूचकमा प्रक्रियाको जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासनको जोखिम रहेको छ । यसको मूल्याङ्कन भने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको सफ्टवयरमा जिल्ला समन्वय समितिमार्फत गरिन्छ। वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा सुदूरपश्चिम प्रदेशमा क्रमशः अङ्क बढ्दै गएको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ४९ अङ्क थियो । आर्थिक वर्ष २०७८/७९ मा एक अङ्क घटेर ४८ मा झरेको थियो । तर आर्थिक वर्ष २०७९/८० मा सुधार भई ६१ अङ्क सुदूरपश्चिमका स्थानीय तहले पाएका छन् । यसरी लिजा र फ्रा सुरु हुनुअघि सुशासन, पारदर्शीता नभएको तर लिजा र फ्रा सुरु भएपछि स्थानीय तहमा सुशासन बढ्दै गएको देखिन्छ। त्यतिमात्र होइन स्थानीय तहको दिगो विकासमा टेवा मिलेको स्थानीय तहको निष्कर्ष छ।

| आर्थिक वर्ष | फ्रा औसत अङ्कमा |
|---|---|
| २०७७/७८ | ४९ |
| २०७८/७९ | ४८ |
| २०७९/८० | ६१ |

# एपको प्रयोगले सजिलो बनायो

खोप लगाउन छुटेका बालबालिका फेला पार्नेलाई रिचार्ज कार्डको व्यवस्था गरिएको सूचना कैलालीको घोडाघोडी नगरपालिकाका बासिन्दाले पाए। २०८१ साल वैशाख ३१ गते निमित्त प्रमुख प्रशासकीय अधिकृत खगेन्द्रबहादुर सिंहले जारी गर्नुभएको त्यो सूचना नगरपालिकाले प्रत्येक घरघरमा पुगेर दिएको थिएन, न त कहीँकतै सूचना टाँस गरिएको थियो। नगरपालिकाले सञ्चालनमा ल्याएको घोडाघोडी एकीकृत मोबाइल एपमा सो जानकारी उल्लेख गरिएको पत्र राखिएको थियो। एपमा राखिएको सूचनाका आधारमा स्थानीय बासिन्दाले खोप लगाउन छुटेका बालबालिकाको खोजी गर्न चासो दिए।

घोडाघोडीमा परीक्षणका स्वरूप एपको थालनी गरिएको छ। स्थानीय बासिन्दाले त्यसको प्रयोग थालेका पनि छन्। जनप्रतिनिधिलाई प्रयोगमा ल्याइएको एपका बारेमा जानकारी दिइएको थियो तर नगरवासीसमक्ष त्यति प्रचार हुनसकेन। त्यसैले टोलटोलका बासिन्दालाई पालैपालो भेला गरेर एक दिने कार्यक्रम सञ्चालन गरी एपको महत्व र प्रयोगविधिका बारेमा जानकारी दिन थालिएको छ। भलमन्सा (बरघर) वा मुखिया जस्ता समाजका प्रतिष्ठित तथा बौद्धिक व्यक्तित्वलाई पनि यसको प्रयोगका बारेमा प्रशिक्षण दिइएको छ।

नगरप्रमुख खड्कबहादुर रावतले बासिन्दालाई एप डाउनलोड गर्न भनेका छौँ भन्दै थप्नुभयो, “नगरपालिकाका हरेक सूचना सेवाग्राहीले तत्काल प्राप्त गर्नुपर्छ भनेर एपको प्रयोग थालेका हौँ। सम्भवतः कैलालीमा एप प्रयोग हुँदै





आएको घोडाघोडी एकमात्र नगरपालिका हो । परीक्षणमा रहेकाले सबैलाई एपमा जोड्न प्रशिक्षण दिइरहेका छौँ ।"

प्रायः सबैका हातहातमा मोबाइल फोन छन् । सामाजिक सञ्जाल प्रयोग गर्ने हरेकले एप प्रयोग गर्न थालेका छन् । एपले गर्दा नगरपालिकाको सूचना र जानकारीको पहुँचमा अभिवृद्धि भएको छ । नगरवासीसम्म सूचना र जानकारीको पहुँच पुऱ्याउन नगरपालिकालाई निकै सहज पनि भएको छ । पहिले जस्तो माइकिङ गर्नुपर्ने वा भित्ताभित्तामा सूचना टाँस गर्नुपर्ने वाध्यताको अन्त्य भएको छ । एपकै माध्यमबाट नगरवासीले कुनै पनि गुनासा वा समस्याका बारेमा सिधै नगरप्रमुख वा वडाध्यक्षलाई तोकेर पठाउन सक्ने भएका छन् । यसबाट गुनासो सम्बोधनमा सहज भएको पनि छ ।

विवाह दर्ता गर्न वा नागरिकता बनाउन वा नगरपालिकाबाट पाइने सेवासुविधाका लागि एप महत्त्वपूर्ण साधन बन्न पुगेको छ । सिफारिस लिन केकस्ता कागजात आवश्यक पर्छन् भन्ने पूर्वजानकारी एपबाटै उपलब्ध हुन्छ । एपबाटै सिफारिसका लागि आवेदन दिन पाउने सुविधा छ । "त्यसले गर्दा सेवाग्राहीलाई पटक पटक वडा कार्यालयमा धाइरहनु आवश्यक पर्दैन । लाम लाग्न कुपन लिइरहनु पर्दैन । झन्झट पनि परेन । सिधै प्रोसेस गर्दा हुन्छ" नगरप्रमुख रावतले भन्नुभयो, "सेवाग्राहीलाई दोहोऱ्याएर नगरपालिकासम्म पुग्नु नपरोस् भन्ने उद्देश्यमा सफल भएका छौँ । सेवाग्राहीले दिएको आवेदनका आधारमा वडाले कागजात मिले नमिलेको जानकारी दिन्छ । सेवाग्राहीले आफ्नो निवेदनको अवस्थाका बारेमा पनि जानकारी प्राप्त गर्न सक्छन् । भोलिपल्ट माग गरिएका कागजात लिन सिधै वडामा जान सकिन्छ ।"

नगरपालिकाले १२ वटै वडा कार्यालयलाई सूचना प्रविधिसँग जोडेको छ । नागरिकताको प्रतिलिपि लिन आउँदा वा कुनै पुराना सिफारिसका प्रतिलिपि लिन आउँदा खोज्नै कठिन हुन्थ्यो । अब 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम' अर्थात् डिएमएस प्रणाली अपनाइएको छ । ती कागजात तत्कालै उपलब्ध गराउन सकिने भएको छ । विगतमा आज आएका सेवाग्राहीलाई 'कागज खोज्दै छौँ, भोलि आउनुस्' भन्ने स्थिति थियो । अब त्यस्तो छैन । जन्म दर्ता खोज्न आउनेहरूले धेरै समस्या भोग्नुपर्थ्यो । पुराना ढड्डा पल्ट्याउँदैको सास्ती थियो । हालसम्म २०५४ सालदेखिका ६० हजारभन्दा बढी विवरणलाई 'स्क्यान' गरिसकिएको छ । डिजिटाइज गरिएकाले ढड्डा पल्ट्याइरहनुपर्ने अवस्था छैन । "त्यस्ता कागजातका प्रतिलिपि सेवाग्राहीले चाहेमा एकै छिनमा उपलब्ध गराउने अवस्थामा पुगेका छौँ" घोडाघोडी नगरपालिकाका सूचना प्रविधि अधिकृत रामप्रसाद चौधरीले भन्नुभयो ।

अब त व्यवसाय दर्ता पनि घरबाटै गर्न मिल्ने सुविधा उपलब्ध गराइएको छ । प्रक्रिया घरबाटै गर्न सक्छन् र अन्तिममा कागजात लिन वडामा पुग्नुपर्छ । कति दर्ता भए र कति नवीकरण गर्न आए नआएको जानकारी राख्न अब निकै सहज भएको छ । राजस्व कति सङ्कलन भयो भन्ने पनि 'क्लिक' गरेका भरमा थाहा हुने अवस्था बनेको छ । वडा कार्यालय, स्वास्थ्य केन्द्र, विद्यालय सबैलाई सूचना प्रविधिसँग जोडिएको छ । विद्यालय, स्वास्थ्य संस्था लगायतलाई नियमित रूपमा इन्टरनेट शुल्क उपलब्ध गराइँदै आएको छ । वडा कार्यालयको

# शिक्षा र स्वास्थ्य प्राथमिकतामा



खडक रावत
नगरप्रमुख, घोडाघोडी नगरपालिका, कैलाली

हामी निर्वाचित भएर आएपछि पहिलो सभाबाट शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकता राख्दै अगाडि बढ्ने नीति लिएका थियौँ। सबै सामुदायिक विद्यालयमा योग्यता पुगेका कार्यरत सबै निजी स्रोतका शिक्षकलाई नगर अनुदान शिक्षकका रूपमा नियुक्ति गरिसकेका छौँ। त्यस्ता १२० जना शिक्षक छन्।

विद्यालय दिवा खाजा कार्यक्रममा महिला समूहलाई कृषि उत्पादनसँग जोडेका छौँ। स्थानीय महिला कृषक समूहले उत्पादन गरेका खानेकुरालाई साप्ताहिक मेनु निर्माण गरेर दिवा खाजा खुवाउने पद्धतिको सुरुवात गरेका छौँ। क्याचमेन्ट एरियाका २५ महिलाको एउटा समूह बनाएका छौँ र उहाँहरूलाई कृषि उत्पादनसम्बन्धी तालिम दिइएको छ। कृषि औजार पनि दिइएको छ। मल, बिउ पनि आवश्यकताअनुसार दिने गरेका छौँ। मौसमी वा बेमौसमी कृषि उत्पादन गर्ने गर्नुभएको छ।

कतिपय विद्यालयमा भौतिक पूर्वाधार अभावले दिवा खाजा पकाउन नसक्ने अवस्था थियो। २० वटा विद्यालयमा भान्सा घर निर्माण गरेर खाजा कार्यक्रमलाई अगाडि बढाएका छौँ। भान्साघर नगरपालिका, डब्लुएफपी र सप्रोसको साझा लगानीमा तयार भएको हो। करिब पाँच लाख ६८ हजार रुपियाँमा टहरा निर्माण भएको छ।

विद्यालय नर्स कार्यक्रम पनि सञ्चालन गरेका छौँ। हरेक दिन विद्यालयमा फरक फरक नर्स जानुहुन्छ। सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको मासिक स्वास्थ्य परीक्षण पनि गर्ने गरिएको छ। नगरपालिकाका ८४ जना स्वास्थ्य स्वयंसेविकाले यातायातवापत पाउँदै आएको मासिक एक हजार रुपियाँमा नगरपालिकाका तर्फबाट पनि मासिक एक हजार रुपियाँ थप गरिएको छ। विद्यालयका बालबालिकाका समस्या सुन्न विद्यालय बालबालिकासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गरेका छौँ। छात्राले नगरप्रमुखसँग त्यति खुलेर आफ्ना कुरा राख्ने अवस्था नहुन सक्छ भनेर छात्रासँग नगर उपप्रमुख कार्यक्रम पनि सञ्चालन गरेका छौँ।

हाजिरीलाई नगरपालिका मा जोडिएको छ।

जनसङ्ख्यासँगै घर सङ्ख्या पनि बढ्दै गएको छ। घर खोज्न सहज होस् भन्नका लागि 'हाउस नम्बरिङ'को काम सुरु गरिएको छ। यसबाट कसैको पनि घर पत्ता लगाउन सहज हुनेछ। हाल वडा नं. २ मा हाउस नम्बरिङको कार्य सम्पन्न भइसकेको छ भने वडा नं. ८ मा काम चालु गरिएको छ। तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ। व्यवस्थित तथ्याङ्क उपलब्ध हुन नसक्दा कुनै पनि योजना अगाडि बढाउन सहज नहुने भएकाले घर नम्बरलाई तथ्याङ्कसँग जोड्न खोजिएको हो। "कृषि शाखाले आफ्नो तरिकाले आफ्नो तथ्याङ्क राख्छ, रोजगार शाखाले आफ्नो तथ्याङ्क लिएको छ। उही मानिस वा घरपरिवारको हो वा फरकको तथ्याङ्क हो भन्ने थाहा नहुने अवस्था छ। त्यसैले तथ्याङ्कलाई एकीकृत गर्न पनि घर नम्बरको व्यवस्था गर्न लागेका हौँ" सूचना प्रविधि अधिकृत चौधरीले भन्नुभयो, "त्यसो हुँदा कुनै पनि

शाखाले तथ्याङ्क लिए पनि कुन घरको हो भन्ने थाहा हुनेछ। यसबाट वास्तविक तथ्याङ्क उपलब्ध हुनसक्छ।" म्याट्रिक्स प्रणालीअन्तर्गतको घर नम्बर उपलब्ध गराउने गरिएको छ।

घोडाघोडी नगरपालिका मुक्त कमैया, दलित र आर्थिक रूपमा अति विपन्न समुदाय बस्ने गरेको नगरपालिका पनि हो। त्यस्ता नागरिकलाई नगरपालिकाका तर्फबाट सुरक्षित आवासको कार्यक्रम अगाडि बढाइएको छ। गत आर्थिक वर्ष २०७९/८० मा वडा नं. ३ सृष्टिनगरको मुक्त कमैया शिविरमा अति विपन्न परिवारको पहिचान गरेर १२ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको थियो। चालु आर्थिक वर्ष २०८०/८१ मा दलित बस्तीका अतिविपन्न परिवारको पहिचान गरेर वडा नं. ४ मा छ वटा घर र वडा नं. ९ मा छ वटा घर निर्माणाधीन अवस्थामा छ। गरिबीको रेखामुनी रहेका दुई सय सुरक्षित आवास निर्माण गरेर हस्तान्तरण गर्ने योजना तय गरिएको छ।



चालु आर्थिक वर्षबाट नगर चक्रपथ निर्माणसम्बन्धी काम अगाडि बढेको छ। सङ्घीय सरकारको समपूरक कोषबाट यो कार्यक्रमलाई अगाडि बढाइएको हो। नगर चक्रपथको वातावरण प्रभाव मूल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयारीको काम भइरहेको छ। सो काम सकिने बित्तिकै टेन्डर प्रक्रिया अगाडि बढ्नेछ।

घोडाघोडी नगरपालिका तालतलैया धेरै भएको नगरपालिका हो। तालतलैयाबाट राजस्व वृद्धि गर्नुपर्छ भनेर सरकार र समुदायको साझेदारीमा काम अगाडि बढाइँदैछ। ठेक्का रकमको स्थानीय तहले ६० प्रतिशत र सम्बन्धित समुदायले ४० प्रतिशत लिने गरी तालतलैयालाई सम्झौता गर्ने क्रम अगाडि बढेको छ। विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल क्षेत्रलाई सौन्दर्यकरण गर्ने, संरक्षण गर्ने, अतिक्रमणबाट रोक्ने र नगरपालिकाको प्रमुख आम्दानीको स्रोतका रूपमा विकास गरिने भएको छ। ताल क्षेत्र अवलोकनका लागि पर्यटकसँग प्रवेश शुल्क लिइने भएको छ। घोड सवार, फोटोग्राफी पनि व्यवस्था गरिएको छ र यसले पनि राजस्वको स्रोतको दायरा बढ्ने विश्वास गरिएको छ। ताल वरपर 'फुट ट्रेल' निर्माण गरिएको छ। यसबाट पर्यटकलाई हिँड्न सहज हुनेछ। पर्यटकलाई बस्नका लागि असहज नहोस् भनेर घोडाघोडी तालको दक्षिततर्फ धर्मशाला निर्माण भइरहेको छ। तीन तलेको धर्मशालामा न्यूनतम शुल्क लिएर बस्ने व्यवस्था हुनेछ।

प्रत्येक महिनाको अन्तिम शुक्रबार 'बुक फ्री डे'का रूपमा मनाउन थालिएको छ। त्यस दिन बालबालिकालाई पठनपाठन नगरी अतिरिक्त क्रियाकलापमा सहभागी गराइन्छ।

घुम्ती कार्यपालिका बैठकको आयोजना गर्ने गरिएको छ। नगरपालिकाको प्रवक्तासमेत रहनुभएका वडा नं. १ का वडाध्यक्ष घनश्याम ओझाले सम्बन्धित वडामा गएर घुम्ती कार्यपालिका बैठक गर्दा त्यहाँका विषय वस्तु, भौगोलिक अवस्था, समस्या लगायतका बारेमा जानकार होइन्छ भनेर यस्तो थालनी गरेका हौँ भन्नुभयो। यस्तो बैठक मासिक रूपमा बस्ने गरिएको छ।

'ख' वर्गका अपाङ्गता भएका व्यक्तिलाई पनि निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिएको छ। रातो कार्ड भएका अर्थात् 'क' वर्गका लागि सरकारले नै यस्तो व्यवस्था गरेको छ। नगरपालिकाले भने नीलो कार्ड वाहकलाई पनि स्वास्थ्य विमाको व्यवस्था गरिदिएको छ। नगरपालिकाका प्रवक्ता ओझाले ख वर्गका व्यक्ति पनि असक्त हुने भएकाले त्यस्तो सुविधा उपलब्ध गराइएको बताउँदै भन्नुभयो, "एक लाख रुपियाँ बराबरको स्वास्थ्य बिमाका लागि तीन हजार पाँच सय रुपियाँ व्यहोरिदिँदा त्यस्ता व्यक्तिका परिवारका पाँच जनाले निःशुल्क स्वास्थ्य सेवा पाउन सक्छन् नि।"

# हेलो अध्यक्ष ! हाम्रा गुनासा सुन्नूस्

गाउँमा बाढी उर्लियो । पहिरो गयो । तरकारीले बजार पाएन । पुलेसो भत्कियो । सिँचाइ पुगेन । शिक्षक अभाव भए । नागरिकका समस्या यिनै यिनै हुन् । मनभरि गुनासै गुनासा रहन्छन् तर भन्न जाने कहाँ ? कसलाई सुनाउने ? विकट बस्ती भएकाले आउजाउको समस्या छ । त्यसैले गाउँपालिकाका पदाधिकारीलाई भेटेर गुनासा सुनाउँला भन्ने कुरा त्यति सम्भव नहोला । केही उपाय भए त काइदै हुन्थ्यो नि !

गाउँवासीका समस्या वा गुनासा प्रशस्तै आउँछन् तर तिनलाई सुन्ने सजिलो काइदा के होला ? भनी सोच्दै गर्दा बझाङको केदारस्यूँ गाउँपालिकाका पदाधिकारीलाई एउटा उपाय फुर्‍यो- हेलो अध्यक्ष । यो उपाय अवलम्बन गर्न पाए दैनिक गुनासा भन्ने र सुन्ने तरिकाका बारेमा माथापच्चीसी गरिरहनु नपर्ला भनी पदाधिकारीले ठहर्‍याए ।

नागरिकको गुनासा सम्बोधन गर्न गाउँपालिकाले 'हेलो अध्यक्ष' कार्यक्रमको थालनी गरेको छ । अङ्ग्रेजीमा यसलाई 'हेलो अध्यक्ष' र नेपालीमा 'नमस्ते अध्यक्ष' नामकरण गरिएको छ । गाउँपालिकाको अध्यक्ष पदमा गणेश बोहरा र उपाध्यक्ष पदमा मनीषा धामी निर्वाचित हुनुभएपछि हेलो अध्यक्षको सुरुवात गरिएको हो ।

प्रत्येक वडामा इन्टरनेटको पहुँच छ । 'स्मार्ट फोन' चलाउन सक्नेका लागि इमेल वा सामाजिक सञ्जालको प्रयोग त्यति कठिन हुँदैन । नियमित प्रयोग गरिरहेका हुन्छन् । त्यसैले आफ्ना समस्या हेलो अध्यक्षमा पठाउन गाउँवासीलाई खासै समस्या देखिएको छैन । गाउँपालिकाको वेबसाइटमार्फत हेलो अध्यक्षमा गाउँवासीका गुनासा पदाधिकारीसम्म पुग्ने गरेका छन् । गुनासो कोसँग सम्बन्धित छ ? पदाधिकारी वा



गणेश बोहरा
गाउँपालिका अध्यक्ष

कर्मचारीसँग ? गुनासोको विषय र प्रकृतिअनुसार सम्बन्धित जिम्मेवार व्यक्तिलाई सो गुनासोका बारेमा जानकारी दिइन्छ । उनैले सम्बोधन गर्ने अभ्यास छ ।

दैनिक आएका गुनासा र समस्यालाई गाउँपालिकाले समयमै सम्बोधन गर्ने गरेको छ । "समस्या र गुनासोको पहिचान गरेर सम्बोधन गर्छौं" गाउँपालिका अध्यक्ष बोहराले भन्नुभयो । गुनासो र समस्यालाई अभ्यस्तअनुसार अडियो, भिडियो वा लेखेर पठाउन सकिने सुविधा अनलाइनमा समावेश छ । केदारस्यूँ गाउँपालिकाका सूचना प्रविधि अधिकृत लेखराज रावलका अनुसार मासिक २०/२५ वटा गुनासा र समस्या आउने गरेका छन् । हेलो अध्यक्ष एप प्रयोगमा आउनुअघि स्थानीयले आफ्नो समस्या राख्न पालिकाको कार्यालय वा वडामा धाउनु पर्ने हुन्थ्यो वा जनप्रतिनिधिलाई भेट्नु पर्थ्यो । तर अचेल त्यस्तो अवस्था छैन ।

## विद्यार्थी र सुत्केरीलाई कोसेली

अभिभावकविहीन बालबालिकालाई लक्षित गरी केदारस्यूँ गाउँपालिकाले 'उपाध्यक्ष कोसेली' कार्यक्रम पनि अगाडि सारेको छ । गाउँपालिकाले अभिभावकविहीन बालबालिकालाई शिक्षा दिने उद्देश्यले उपाध्यक्ष कोसेली कार्यक्रम सुरु गरेको हो ।

यस कार्यक्रमबाट बर्सेनि १२ जना बालबालिकाले शिक्षाको अवसर पाएका छन् । उपाध्यक्ष कोसेलीबाट विद्यार्थीले किताब, कापी, पोसाक, झोला, लत्ताकपडा पाउँछन् । विपन्न परिवार र घरमा समस्या परेका बालबालिकाले पनि उपाध्यक्ष कोसेलीबाट सहयोग पाउँदै आएका छन् । अभिभावकविहीन बालबालिकाका लागि अभिभावक बनेको छ केदारस्यूँ गाउँपालिका । "पढ्न पाउनु बालबालिकाको अधिकार हो" गाउँपालिका अध्यक्ष बोहराले भन्नुभयो, "उनीहरूको अधिकारको संरक्षण गर्न खोजेका छौँ ।"

अघिल्लो कार्यकालमा उहाँले वडा नं. ८ को वडाध्यक्षको जिम्मेवारी वहन गर्नुभएको थियो । उहाँ राजनीतिमा प्रवेश गर्नुअघि शिक्षण पेसामा आबद्ध हुनुहुन्थ्यो । शिक्षासँग नजिकबाट जोडिनुभएका अध्यक्ष बोहराकै पहल र सोचमा गाउँपालिकाभित्रका कोही पनि बालबालिका विद्यालयबाहिर बस्न नपरोस् भनी उपाध्यक्ष कोसेली कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाइएको हो । यस कार्यक्रमबाट बालबालिकाले पढ्ने अवसर प्राप्त गर्न सकेकोमा गाउँपालिकाका उपाध्यक्ष धामी पनि सन्तुष्ट हुनुहुन्छ । "अचेल कुनै पनि बालबालिका विद्यालय बाहिर छैनन् । सबैले पढ्ने अवसर पाएका छन्" उहाँले भन्नुभयो ।

केदारस्यूँ गाउँपालिकाले विद्यालय तहमा मात्र होइन चिकित्साशास्त्रको स्नातक तह (एमबिबिएस) अध्ययन गर्न चाहने विद्यार्थीलाई पनि छात्रवृत्ति प्रदान गर्ने योजना अगाडि सारेको छ । एमबिबिएस अध्ययन गर्न झन्डै ४० लाख रुपियाँ लाग्छ । त्यति रकम गाउँपालिकाले व्यहोरिदिने हो भने आर्थिक विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि निकै राहत हुनेछ भने गाउँपालिकाका



लागि चिकित्सक उत्पादन गर्वको विषय बन्छ । हाल गाउँपालिकाले एक जनालाई एमबिबिएस अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराइरहेको छ ।

गाउँपालिकाभित्रका विद्यालयको भौतिक अवस्था निकै जीर्ण थियो । भवन पुराना थिए । जनप्रतिनिधि आएपछि विद्यालयको मुहार फेरिएको छ । "अधिकांश विद्यालयको भवन निर्माणको काम सकिएको छ । केही विद्यालयको थोरै काम बाँकी छ" गाउँपालिका अध्यक्ष बोहराले भन्नुभयो । केदारस्यूँ गाउँपालिकामा ५६ वटा विद्यालय छन् । भवन निर्माणसँगै गुणस्तरीय शिक्षालाई पनि गाउँपालिकाले जोड दिएको छ । केदारस्यूँ गाउँपालिकामा पढ्नेमा छात्र भन्दा छात्राको सङ्ख्या धेरै छ ।


सुदूरपश्चिमको विकट गाउँपालिका हो केदारस्यूँ । एउटा टोलबाट अर्को टोलमा पुग्न झन्डै दुई घण्टा लाग्छ । विद्यालय थिए तर शिक्षक थिएनन् । वर्तमान जनप्रतिनिधि निर्वाचित भएर आएपछि गाउँपालिकाले शिक्षक व्यवस्थापन गर्ने निर्णय गऱ्यो । बालकक्षासहित



गाउँपालिकाले ९० जना शिक्षक व्यवस्थापन गऱ्यो । यसबाट विद्यार्थीलाई एउटा टोलबाट अर्को टोलमा घण्टौँ हिँडेर विद्यालय जानुपर्ने वाध्यता अन्त्य हुनसक्यो ।

गाउँपालिकामा १३ वटा माध्यमिक विद्यालय छन् । ती विद्यालयलाई प्रविधिमैत्रीका रूपमा विकास गरिएको छ । आइसिटी कक्षा, विज्ञान प्रयोगशाला, पुस्तकालयको व्यवस्था गरिएको छ । शिक्षक समयमा विद्यालय नजाने र पूरा समय नबस्ने समस्या देशभरिकै हो । केदारस्यूँमा पनि दुरुस्त समस्या थियो । त्यसलाई समाधान गर्न गाउँपालिकाले ई-हाजिरीको व्यवस्था गरेको छ । गाउँपालिकाको नेतृत्वले नियमित रूपमा विद्यालयको अनुगमन गर्दै आएको छ । ई-हाजिरी र अनुगमनले शिक्षाको गुणस्तरमा सुधार आएको गाउँपालिकाको निष्कर्ष छ । गाउँपालिकाले विद्यालय शैक्षिक क्यालेन्डर कार्यान्वयनमा ल्याएको छ । समयमा पढाइ, समयमै परीक्षा र समयमा नतिजा सार्वजनिक गर्ने रणनीति शैक्षिक क्यालेन्डरमा समेटिएको छ ।

## २०८० सालको शैक्षिक सत्रमा छात्रभन्दा छात्रा बढी




**साक्षरता**
**६९.९३ प्रतिशत**



किशोर किशोरीमैत्री कक्षाकोठा विकास गरेको केदारस्यूँ गाउँपालिकाले सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबाट प्रशंसा प्रसस्त बटुलेको छ ।

दिवा खाजा पकाउन सबै विद्यालयलाई ग्यास चुल्हो वितरण गरिएको छ । दिवा खाजामा रैथाने कृषि उत्पादनलाई प्रोत्साहन गरिएको छ । गाउँपालिकाबाट अनुगमनमा जाँदा कहिलेकाहीँ कक्षाकोठामा छात्राको सङ्ख्या कम देखिन्थ्यो । किन यस्तो भयो त ? कारण खोज्ने क्रममा महिनावारीको समयमा विद्यालयमा छात्रा नजाने गरेको गाउँपालिकाको नेतृत्वले पत्तो पायो । त्यसपछि गाउँपालिकाले सेनेटरी प्याड विद्यालयलाई नियमित उपलब्ध गराएको छ । "प्याड वितरण गर्न थालेपछि छात्राहरू महिनावारी भएको समयमा पनि विद्यालय आउँछन्" उपाध्यक्ष धामीले भन्नुभयो ।

एकजना गर्भवती महिलालाई सुत्केरी बेथा लाग्यो । तत्काल अस्पताल पुर्‍याउनुपर्ने भयो । तर सवारी साधन थिएन । हवाइबाट उद्धार गर्न पनि त्यति सम्भव छैन । गर्भवती महिलालाई अस्पताल पुर्‍याउन समस्या भएपछि पालिकाले निःशुल्क एम्बुलेन्सको व्यवस्थापन गर्ने निर्णय गर्‍यो । अहिले सुत्केरी बेथा लागेपछि अस्पताल पुर्‍याउन र अस्पतालबाट घरमा ल्याउन पनि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ । गर्भवती महिलाको घरमै पुगेर स्वास्थ्य जाँच गर्न चिकित्सक सहितको टोलीलाई गाउँपालिकाले खटाउने गरेको छ । सुत्केरी महिलालाई गाउँपालिकाले कोसेलीको व्यवस्था गरेको छ । आमा र शिशुलाई न्यानो लुगा, पोषणयुक्त खानेकुरा गाउँपालिकाका तर्फबाट उपलब्ध गराइन्छ ।

आफ्ना नागरिकलाई स्वास्थ्यमा सहज पहुँच पुर्‍याउन गाउँपालिकाले प्रत्येक वडामा स्वास्थ्य केन्द्र स्थापना गरेको छ । तिनमा चिकित्सकको समेत व्यवस्था गरिएको छ । वडाका ती केन्द्रमा पुग्न नसक्ने ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई घरमै गएर स्वास्थ्य परीक्षण गर्ने नीति लिइएको छ ।

गाउँपालिकाले स्वास्थ्य उपचारको लागि दीर्घरोगीलाई आर्थिक सहयोग गर्दै आएको छ । "निरोगी पालिका बनाउने नीति छ । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा पुर्‍याउने लक्ष्यसहित काम गरिरहेका छौँ" अध्यक्ष बोहराले भन्नुभयो । गाउँपालिकामा १५ शय्याको अस्पताल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । अस्पताल सञ्चालनमा आएपछि स्वास्थ्य सेवा थप प्रभावकारी हुने निचोड पालिकाको छ ।

## विवाह गर्न सिफारिस

पढ्ने उमेरमा बालबालिकाले भागीविवाह गर्ने गरेको पाइएपछि गाउँपालिकाले बालविवाह रोकथाम गर्न वडाबाट २० वर्ष पुगेको सिफारिस लिनुपर्ने निर्णयलाई कार्यान्वयनमा ल्याएको छ । बालविवाह न्यूनीकरण गर्न गाउँपालिकाले अवलम्बन गरेको यो नीतिलाई अन्य पालिकाले पनि अनुकरण गर्न थालेका छन् ।

जन्मदर्ता वा शैक्षिक प्रमाणपत्रको आधारमा वडाले २० वर्ष पुगेको सिफारिस गरेपछि मात्र विवाह गर्न पाउने प्रावधान गाउँपालिकामा छ । न्यायिक समितिका संयोजकसमेत रहनुभएका गाउँपालिका उपाध्यक्ष धामीले यो नियम कार्यान्वयनमा आएपछि बालविवाहमा कमी आएको दावी गर्दै भन्नुभयो, "चेतनामूलक कार्यक्रम घरदैलोमा पुगेर गर्ने गरेका छौँ । सडक नाटक जस्ता जागरण कार्यक्रम पनि आयोजना गर्दै आएका छौँ ।" न्यायिक समितिसमक्ष झगडा, घरेलु हिंसा, जग्गा विवाद आदिका मुद्दा आउने गरेको छ । दुवै पक्षलाई झिकाएर गाउँपालिकाले मेलमिलाप गराउने गरेको छ । एकल महिला र आमा समूहबाट पनि गाउँपालिकाले महिला हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

लागुऔषध दुर्व्यसनमा फसेका व्यक्तिलाई पुनर्स्थापना गर्नमा पनि गाउँपालिकाले नमुना काम गरेको छ । मानसिक अवस्था बिग्रेको र लागुऔषधमा फसेकाहरूलाई सुधार गृहमा राख्ने गरिएको छ । अहिले १० जना त्यस्ता व्यक्तिलाई सुधार गृहमा राखिएको छ । सुधार देखिएपछि त्यस्ता व्यक्ति समाजमा फेरी फर्किएका छन् । गाउँपालिकाले सबै वडालाई बालमैत्री वडा घोषणा गर्ने तयारी गरेको छ । बालबालिकाको क्षेत्रमा योजना बनाउँदा उनीहरूको सहभागिता सुनिश्चित गरेको गाउँपालिकाले बालमैत्री वडा घोषणा गर्ने तयारी गरेको

छ । ज्येष्ठ नागरिक र अपङ्गता भएका व्यक्तिलाई सुरक्षाकर्मी, बैङ्क र पालिकाको प्रतिनिधिको रोहबरमा घरमै भत्ता उपलब्ध गराउने गरिएको छ ।

उर्लेर आएको सेती नदी र कांलगा खोलाले केदारस्यूँका कयौँ बस्तीलाई प्रत्येक वर्ष दुःख दिन्छ । खोला किनारका बस्ती बगाउँछ। पहाडमा पहिरो लैजान्छ। बर्खामा गाउँपालिकाका बस्तीलाई कसरी जोगाउने भन्ने चिन्ता पर्न थाल्छ । प्रत्येक वर्ष बाढी पहिरोका लागि बजेट नछुट्ट्याए सुखै छैन। पीडामा परेका नागरिकलाई थोरै भए पनि गाउँपालिकाले तत्काल राहत उपलब्ध गराउने गरेको छ। विपत्मा मृत्यु भएकाको परिवारलाई तत्काल ३५ हजार रुपियाँ गाउँपालिकाले उपलब्ध गराउने नीति छ । "बाढी र पहिरोको ठूलो समस्या छ। प्रत्येक वर्ष बस्ती जोगाउन हिँडनुपर्छ" गाउँपालिका अध्यक्ष गणेशबहादुर बोहराले भन्नुभयो । चालु आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले प्राकृतिक प्रकोपका लागि ६५ लाख रुपियाँ विनियोजन गरेको थियो तर अपुग भयो ।

तराईको जस्तो गर्मी, हिमालको जस्तो चिसो हावापानी। अर्थात् न गर्मी न त चिसो। मिश्रित हावापानी भएको गाउँपालिका हो केदारस्यूँ। गाउँपालिकामा स्याउ, अङ्गुर, आँप र केरा पनि उत्पादन हुन्छ । फलफूल, तरकारी र अन्न उत्पादनका लागि गाउँपालिकाले कृषकलाई निःशुल्क बिउविजन, बोटविरुवा वितरण गर्ने गरेको छ। कृषकबाट उत्पादित वस्तुलाई निःशुल्क ढुवानीको प्रबन्ध गरिएको छ। आधुनिक कृषि प्रणाली अपनाउन कृषकलाई हाते ट्याक्टर पनि उपलब्ध गराइएको छ। गाउँपालिका ले कम्तीमा १० घार भएका मौरी पालक कृषकलाई तालिम र घार वितरण गरिएको छ । कृषकबाट उत्पादित वस्तु भण्डारण गर्न चिस्यान केन्द्रको निर्माण अन्तिम चरणमा पुगेको छ।

गाउँमै रोजगारी सिर्जना गर्न सिलाइ, कटाइ, मोबाइल, कम्प्युटर, हाउस वाइरिङलगायत विषयमा पाँच सय जनालाई गाउँपालिकाले तालिम प्रदान गरेको छ। तालिमबाट स्थानीयको आय आर्जनमा वृद्धि भएको छ। गाउँपालिकाले १० लाख रुपियाँको लगानीमा एउटा होजियारी उद्योग सञ्चालनमा ल्याएको छ। यो उद्योगले जिल्लाभर बजार लिएको छ। गाउँपालिका अब गार्मेन्ट उद्योग खोल्ने योजनामा छ।

गाउँपालिकाले आर्थिक उपार्जनको लागि पर्यटनको अवधारणा अगाडि सारेको छ । केदार, कैलाश र त्रिवेणीधामको अवधारणा गाउँपालिकसँग छ। तर बजेट अभावले यो अवधारणामा काम गर्न गाउँपालिकालाई कठिन भएको छ। "ठूलो बजेट चाहिन्छ। गाउँपालिकाको बजेटले मात्र नपुग्ने रहेछ" अध्यक्ष बोहराले भन्नुभयो, "मेला, पर्व, मठ मन्दिरको संरक्षणमा पनि काम गरिरहेका छौँ ।" विकट केदारस्यूँका वडा वडामा बाटो पुगेको छ। एक घर, एक धारा कार्यक्रम तीव्र गतिमा अगाडि बढेको छ।

## आन्तरिक नियन्त्रण प्रणाली

गाउँपालिकाले आफूलाई आवश्यक पर्ने ऐन नियम निर्माण गरेर आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको छ । "नियममा टेकेर मात्र निर्णय

### चार आर्थिक वर्षको केदारस्यूँको लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ७१.२५ | ६७.८६ | ५८.८२ | ८२.२२ |
| २०७७/७८ | ५३.७५ | ५८.३३ | | ६२.२२ |
| २०७८/७९ | ५२ | ५२.३८ | ३८.२४ | ६२.२२ |
| २०७९/८० | ६५ | ६१.९ | ५७.३५ | ७२.२२ |

| आर्थिक वर्ष | फ्रा औसत (प्रतिशतमा) | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ४१ | ४३.४ | ५० | ३३.८२ |
| २०७८/७९ | ४२.५ | ३९.६२ | ५३.८५ | ४२.६५ |
| २०७९/८० | ४९.५ | ४६.२३ | ४२.३१ | ५७.३५ |

गर्छौं । गाउँपालिकालाई आवश्यक पर्ने ऐन नियम बनाएका छौं" प्रमुख प्रशासकीय अधिकृत पदमराज उपाध्यायले भन्नुभयो ।

उहाँका अनुसार गाउँपालिकाले शिक्षा, स्वास्थ्य, सहकारीजस्ता ऐन निर्माण गरेको छ। स्थानीय कर सङ्कलनका लागि निर्देशिका र नियमावली पनि गाउँपालिकाले निर्माण गरेको छ । जडीबुटी निकासी, ढुङ्गा गिट्टी, बालुवा, व्यवसाय, घर बहाल लगायतबाट गाउँपालिकाले राजस्व सङ्कलन गर्ने गरेको छ । सबै वडालाई समेटेर गाउँपालिकाले बजेट बनाउने गरेको छ ।

टोलटोलबाट आएका योजनालाई प्राथमिकताका आधारमा गाउँपालिकाले छनोट गर्ने गरेको छ । यतिबेला गाउँपालिका आवधिक योजना निर्माणको चरणमा पुगेको छ। आवधिक योजना निर्माणपछि विकासका काम थप प्रभावकारी र द्रुत गतिमा हुने विश्वास लिइएको छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा केदारस्यूँ गाउँपालिका पनि क्रमशः उकालो लाग्ने चरणमा छ। आर्थिक वर्ष २०७८/७९ मा ५२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ६५ प्रतिशत पुगेको छ। आघिल्लो वर्षको तुलनामा १३ प्रतिशतले उकालो लागेको हो ।

### केदारस्यूँ गाउँपालिकाका मुख्य सेवा

- जन्म दर्ता
- मृत्यु दर्ता
- विवाह दर्ता
- सम्बन्ध विच्छेद दर्ता
- बसाइँसराइ दर्ता
- मालपोत तथा भूमि कर
- विज्ञापन कर
- व्यवसाय नविकरण

### केदारस्यूँको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा' को स्थिति

केदारस्यूँ गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा'को स्थिति सुधारोन्मुख देखिन्छ । तीन वटा आर्थिक वर्षको फ्राको प्रतिवेदनलाई विश्लेषण गर्दा सुधारोन्मुख देखिएको हो । आर्थिक वर्ष २०७७/७८ मा ४१ प्रतिशत मात्र थियो भने आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा ४९.५ प्रतिशत पुगेको छ । गाउँपालिकाका अध्यक्ष बोहराले वित्तीय सुशासन कायम गर्न चुनौती रहेको बताउँदै भन्नुभयो, "हामी निर्वाचित भएर आउनुअघि कमजोर स्थिति थियो । आव २०८०/८१ बाट सुधार आएको छ। आगामी वर्षमा वित्तीय सुशासनको अङ्क बढाउने गरी काम गर्नेछौं ।"

केदारस्यूँ गाउँपालिकाको बेरुजु ठुलै परिमाणमा छ। आर्थिक वर्ष २०७८/७९ सम्म कायम रहेको १० करोड ८१ लाख १५ हजार २४० र आर्थिक वर्ष २०७९/८० मा कायम भएको बेरुजु पाँच करोड ३७ लाख ५३ हजार ९५३ गरी कुल बेरुजु १६ करोड १८ लाख ६९ हजार १७५ रुपियाँ रहेको छ।

3

# करको दायरा बढाउने नीति



वि.सं. २०८१ वैशाख २० गतेको कुरा हो । बाजुराको बडीमालिका नगरपालिकाको कार्यालयमा शिक्षासम्बन्धी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा पूर्वशिक्षामन्त्री गिरीराजमणि पोखरेल र पूर्वखानेपानीमन्त्री बिना मगर अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो । कार्यक्रम सकिएपछि खाजा वितरण गरियो । खाजाको परिकार देखेर अतिथिहरू अचम्म पर्नुभयो । कोदो, फापर र सिमीबाट तयार गरिएको स्थानीय परिकार थियो । "नगरपालिकाभित्र मःम, चाउमिनलाई पूर्ण रूपमा बन्द गरेका छौँ । रैथाने बालीबाट बनेका परिकार मात्र प्रयोग गर्छौँ" नगर प्रमुख अमर खड्काले अतिथिलाई नगरपालिकाको निर्णय सुनाउनुभयो । रैथाने बालीलाई प्रोत्साहन गर्ने नगरपालिकाको नीतिलाई राष्ट्रिय स्तरमा जोड्न पहल गर्ने आश्वासन अतिथिहरूले दिनुभयो ।

नगर प्रमुख खड्काले आफू निर्वाचित भएर आएपछि साना साना कुराबाट सुधारको पहल थाल्नु भएको छ । गत स्थानीय तहको निर्वाचनको कुरा हो । निर्वाचित भएपछि उहाँलाई खादा लगाउनेको भीड लाग्यो । उहाँको काँधमा आयात गरिएका खादाको चाङ थियो । तर बारी र जङ्गलमा ढकमक्क फूलेका फूल भने ओइलिएर झरेका थिए । उहाँलाई यो संस्कृति उचित लागेन । र, पहिलो निर्णय गरियो, "किसानबाट माला किन्ने र खादा विस्थापित गर्ने ।" यसको अर्थ खादाको अवमूल्यन गर्न खोजिएको पक्कै थिएन, स्थानीय कृषकबाट उत्पादित वस्तुको प्रवर्द्धनको उद्देश्य थियो ।

"आफूले प्रयोग नगरी अरूले गर्दैनन् । साना कुराबाट पनि परिवर्तन गर्न सकिन्छ" पालिका अध्यक्ष खड्काले भन्नुभयो । नगरपालिकाले कृषकलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा

गरेको छ । कृषकले जति धेरै उत्पादन गर्छन् त्यति नै अनुदानको व्यवस्था नगरपालिकाले गरेको छ। कृषकबाट उत्पादित तरकारी र खाद्यान्न सङ्कलन गर्न हरेक वडामा केन्द्र स्थापना गरिएको छ । वडाबाट बजार पुऱ्याउने काम गरिन्छ । नगरपालिकाले कृषि बजार स्थापना गर्न लागेको छ। यसका लागि 'कोल्ड चेन' निर्माणको काम धमाधम भइरहेको छ। बिक्री नभएका कृषकका सामग्री कोल्ड चेनमा राखिनेछ । आवश्यक परेको बेलामा प्रयोग गरिनेछ। विद्यालयको दिवा खाजा कार्यक्रममा पनि स्थानीय कृषकबाट उत्पादित खाद्यान्न तथा तरकारीलाई नै प्रयोगमा ल्याइएको छ। कृषिलाई आर्थिक रूपान्तरणको माध्यम बनाउने योजना नगरपालिकाको छ। कोदोको कुकिज उद्योग स्थापना गरिँदैछ। कुकिजको बजारीकरण गरिनेछ । यसबाट कृषकसँगै पालिकाको पनि आय आर्जनमा सुधार आउने अपेक्षा गरिएको छ। कृषकका लागि नगरपालिकाले ग्लोबल बैङ्कसँग सहकार्य गरेको छ। यसका लागि कृषकको वर्गीकरण गरिँदैछ। कस्तो कृषकलाई नगरपालिकाले सहयोग गर्ने र कस्तोलाई बैङ्कसँग जोड्ने भन्ने मापदण्ड बनाइँदैछ।

## 'विस्वास' अभियान

बडीमालिकाले अर्को अभ्यास थालेको छ- विस्वास अभियान। वि अर्थात् विद्यालय, स्वा अर्थात् स्वास्थ्य र स अर्थात् सचेतना। विद्यालय स्वस्थ भयो भने समुदाय पनि राम्रो हुने निष्कर्ष निकालेर पालिकाले विस्वास अभियान सुरु गरेको हो । सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै गएपछि नगरपालिकाले यो अभियानलाई सशक्त बनाएको छ।

विद्यालयमा भर्नादर घट्दो छ । शिक्षक पर्याप्त छैनन् । आर्थिक अवस्था न्यून भएका परिवारले मात्र सामुदायिक विद्यालयमा बालबालिकालाई पढाउन थालेपछि बडीमालिकाले अर्को सूत्र प्रयोग गऱ्यो- विमा र अनुदान । जसले सामुदायिक विद्यालयमा छोराछोरी पढाउँछन् उनीहरूलाई विमाको सुविधा र कृषि अनुदान उपलब्ध गराउने नीति लिइयो। यसै अभियानका कारण अभिभावकले बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन थालेका छन्।

अभिभावक र शिक्षकलाई जागरुक नगराई गुणस्तरीय शिक्षा सम्भव नभएको निचोड सुनाउँदै नगरपालिका प्रमुख खड्काले भन्नुभयो, "विद्यार्थीलाई सीपसँग जोड्ने योजना नगरपालिकाको छ।" विद्यालयमा खेलकुद र विद्यालय नर्सकोसमेत व्यवस्था नगरपालिकाले गरेको छ।

## 'स्मार्ट हेल्थ'

नागरिकमा स्वास्थ्यको समस्या छ तर कसलाई कुन रोग लागेको छ ? कस्ता विरामी नगरपालिकामा छन् ? कति दीर्घरोगी छन् ? कति अपाङ्गता भएकाहरू छन् ? यी कुराका बारेमा अहिलेसम्म नगरपालिका बेखबर छ। त्यसैले प्रत्येक नागरिकको 'हेल्थ प्रोफाइल' बनाउने योजना नगरपालिकाले बनाएको छ। बिरामीको तथ्याङ्क सङ्कलन गरेपछि नगरपालिकाले स्वास्थ्य कार्ड बनाउने छ। "बिरामी अस्पताल जाँदा कार्ड होइन क्यूआर कोर्ड देखाए पुग्नेगरी डिजिटल कार्ड बनाउँछौँ। बिरामीले रिपोर्ट बोक्नै पर्दैन । सबै जानकारी त्यसैभित्र रहने व्यवस्था गर्दैछौँ" उहाँले भन्नुभयो।

नगरपालिकाले 'स्मार्ट हेल्थ'को अवधारणा पनि अगाडि सारेको छ । स्मार्ट हेल्थ अर्थात् टेलिमेडिसिन सेवाबाट देश विदेशमा रहेका चिकित्सकलाई रिपोर्ट देखाएर उपचारको विधि थाहा पाउने गरिन्छ । कस्तो उपचार गर्नुपर्ने हो ? प्रयोग गरेको औषधि ठिक छ वा छैन ? आदिका बारेमा बिरामीले परामर्श लिन सक्छन्। यो सेवाले बिरामीलाई थप सहज भएको छ। यस्तो सेवा दुईवटा स्वास्थ्य चौकीबाट सुरु गरिएको छ।

## एकल पुरुषलाई भत्ता

केन्द्र सरकारबाट ज्येष्ठ नागरिक र एकल महिलालाई भत्ता उपलब्ध गराएजस्तै नगरपालिकाले एकल पुरुषलाई पनि मासिक एक हजार रुपियाँ दिने निर्णय गरेको छ।

यो निर्णयपछि बडीमालिका नगरपालिकाका तीन सय जना पुरुषले मासिक भत्ता बुझ्दै आएका छन्। ४५ वर्ष नाघे पनि विवाह नगरेका वा पत्नीको मृत्यु भएका एकल पुरुषलाई नगरपालिकाले भत्ता उपलब्ध गराउँछ।



**अमर खड्का**
**नगर प्रमुख**

यसबाहेक ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएकाले भने केन्द्र सरकारले तोकेबमोजिम भत्ता पाउने गरेका छन् । दलित, पछाडि परेका समुदायको लागि पनि नगरपालिकाले बजेटको व्यवस्था गरेको छ ।

मनमोहक प्राकृतिक सुन्दरताले भरिएको बडीमालिका त्रिवेणी पाटन यसै पालिकाभित्र पर्छ । पर्यटकीय क्षेत्र खप्तड राष्ट्रिय निकुञ्जसमेत छ । यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक यस क्षेत्रको अवलोकनका लागि पुग्छन् । त्यसले नगरपालिकाले बडीमालिका यात्रा वर्ष भनेर सुरु गरेको छ । गत वर्षदेखि पालिकाले पञ्चकन्या, बाजा, झाँकीसहितको टोली बडीमालिका लगेर बडीमालिका यात्रा वर्षको सुरु गरेको छ । केन्द्र र प्रदेश सरकारको सहयोगमा बडीमालिकालाई गुरुयोजना बनाएर अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउने योजना बनाइएको छ । पर्यटनको विकासका लागि पालिकाले होमस्टे, ट्रेकिङ गाइडको तालिम र पदमार्ग बनाउने काम पनि भइरहेको छ ।

## दर कि दायरा ?

नगरपालिकामा प्रवेश गर्ने बित्तिकै देखिन्छ- राजस्व शाखा । अचेल शाखामा मानिसको भीड लाग्दैन । सहज रूपमा राजस्व तिर्न सकिन्छ । यसको कारण हो डिजिटलाइजेसन । बडीमालिकाले दर्ता, चलानीदेखि राजस्व सङ्कलनसमेत अनलाइन माध्यमबाट गर्न थालेको छ । प्रविधिमैत्री नगरपालिका बनाइएको छ । राजस्व सङ्कलनमा समेत नयाँ आयामको खोजी गरिरहेको छ । करको दर बढाउनेभन्दा पनि दायरा बढाउने रणनीति नगरपालिकाको छ । ढुङ्गा, गिट्टी, बालुवा र नियमित सेवाबाट राजस्व सङ्कलन गरिरहेको नगरपालिका राजस्वका थप क्षेत्र विस्तार गर्ने योजनामा छ । वन ऐन केन्द्र सरकारसँग छ तर काठ कुहिएर खेर गएको छ । प्रयोग गर्न सकिएको छैन । स्थानीय सरकारले प्रयोग गर्न पाउने हो भने करको दायरा पनि बढाउन सकिने र त्यस्ता रुख सदुपयोग हुनसक्ने अपेक्षा नगरपालिकाको छ । यसका लागि वन ऐन संशोधनको माग नगरपालिकाले गर्दै आएको छ ।

चुनढुङ्गा खानी, जलविद्युत्, पर्यटनको क्षेत्रबाट पनि राजस्व सङ्कलन गर्नेगरी स्थानीय ऐन बनाउने योजना नगरपालिकाको छ । यसका लागि डोटीको पुन्नामा रहेको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग सहकार्य गरेर राजस्व सुधारको योजना बनाउने तयारीमा नगरपालिका छ । "छिट्टै राजस्व सुधारको योजना बनाएर कार्यान्वयनमा लैजान्छौँ" प्रमुख प्रशासकीय अधिकृत बमबहादुर केसीले भन्नुभयो । चालु आर्थिक वर्ष २०८०/८१ मा ४७ करोड रुपियाँ विनियोजन गरेको नगरपालिकाले टोल टोलबाट योजना छनोट गर्ने गरेको छ । छनोट भएका योजना नगरपालिकाको विषयगत समिति हुँदै कार्यपालिकामा लैजाने गरिएको छ । साना ठूला जुनसुकै आयोजनाको काम सकिएपछि नगरपालिकाले सार्वजनिक सुनुवाइ गर्दै आएको छ ।

## बडीमालिका लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा बडीमालिकाको सुधारोन्मुख अवस्था छ । आर्थिक वर्ष २०७६/७७ मा ५६.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा ६८ प्रतिशत पुगेको छ । कोरोना महामारीको समयमा भने लिजामा अङ्क घटेको छ । आर्थिक वर्ष २०७८/७९ मा ५३.२५ प्रतिशतमा झरेको थियो । पछिल्लो वर्षबाट भने लिजामा सुधार देखिएको छ ।

### चार आर्थिक वर्षको लिजा

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ५६.५ | ६१.९ | ३९.७१ | ६६.६७ |
| २०७७/७८ | ७०.७५ | ७५ | ६३.२४ | ७४.४४ |
| २०७८/७९ | ५३.२५ | ५८.३३ | ४८.५३ | ५४.४४ |
| २०७९/८० | ६८ | ६९.०५ | ६३.२४ | ७१.११ |

## बडीमालिका 'फ्रा' को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (फ्रा) मा बडीमालिका मध्यम जोखिममा छ। आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा फ्रामा बडीमालिकाको ५०.५ प्रतिशत छ। यसलाई मध्यम जोखिम मानिन्छ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | – | – | – | – |
| २०७८/७९ | ५०.५ | ४९.०६ | ४२.३१ | ५५.८८ |
| २०७९/८० | ५०.५ | ५० | ४६.१५ | ५२.९४ |

- घरधुरी ३१८५
- जनसङ्ख्या १६,९४४
- पुरुष सङ्ख्या ८७९२
- महिला सङ्ख्या ८१५२
- अपाङ्गता भएका २१८
- साक्षरता दर ७८.४० प्रतिशत
- निरक्षर २१.५९ प्रतिशत
- मुख्य पेसा कृषि

## बडीमालिका सर्वेक्षण

बडीमालिका नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा पालिकाको समग्र सर्वेक्षण गरेको थियो। विकासको आवश्यकताको अवस्था, वडागत जनसङ्ख्या स्थिति, शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, उद्योग, पर्यटनलगायत क्षेत्रमा सर्वेक्षण गरिएको थियो। नगरपालिकाका सूचना अधिकारी पुष्पराज भट्टका अनुसार नगरपालिकाले वडामार्फत प्रत्येक घरघरमा पुगेर सर्वेक्षण गरेको थियो। नगरपालिकाले आफ्नो वेबसाइटमा डिजिटल प्रोफाइल बनाएर राखेको छ।

### बडीमालिकाले प्रवाह गर्ने सेवा

- अपाङ्गता परिचयपत्र वितरण
- योजना सम्झौता
- बसाइँसराइ
- विवाह दर्ता
- नागरिकता र प्रतिलिपी सिफारिस
- घरनक्सा पास
- चार किल्ला प्रामाणित
- जन्म दर्ता
- मृत्यु दर्ता

### विद्युतीय सुशासन सेवा

- घटना दर्ता
- सामाजिक सुरक्षा
- नागरिक वडापत्र
- निवेदनको ढाँचा

४

# सेवाकालीन तालिमले ल्याएको सुधार

बाजुरा बढीमालिका नगरपालिकाका सहायक महिला निरीक्षक बिन्दु बडाल र शोभा शाहलाई सेवाकालीन तालिममा सहभागी हुने अवसर मिल्यो। तालिम डोटीको पुन्नामा रहेको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान अन्तर्गत संचालित प्रदेश तथा स्थानीयत शासन सहयोग कार्यक्रमले प्रदान गरेको थियो।

उहाँहरू दुवैले निजामती सेवामा प्रवेश गर्ने बेलामा केही विषयमा सात दिने तालिम लिनु भएको थियो। सेवाकालीन तालिम लिएपछि समग्र कार्यालय व्यवस्थापनमा सुधारका रेखा देखिएको सुनाउनुभयो निरीक्षक बडालले। उहाँले पुन्नाबाट लिएको कार्यालय व्यवस्थापनको तालिमले नगरपालिकामा काम गर्न निकै सहज र थप प्रभावकारी भएको बताउनुभयो।

"सेवाकालीन तालिमबाट धेरै सिक्ने अपसर पाएँ। अचेल कार्यालयको काममा सहज भएको छ। दर्ता चलानी प्रत्येक शाखामा गर्न मिल्ने रहेछ। दर्ता चलानी अनलाइनबाट प्रभावकारी रूपमा गर्न थालेका छौँ" उहाँले भन्नुभयो।

रजिष्टरमा दर्ता चलानी गर्दा हरायो भने तनाव हुन्थ्यो तर अचेल अनलाइनमा हेर्ने बित्तिकै उपलब्ध गराउन सकिने भएको छ। यसले नगरपालिकामा सुशासन र पारदर्शीता बढेको उहाँहरूको बुझाइ छ। तालिममा सिकेका र जानेका विषय बडाल र शाहले पालिकामा कार्यान्वयन गर्नुभएको छ। आफूहरू सहभागी भएको बैठकमा तालिममा सिकेका विषयलाई गहन ढङ्गले उहाँहरूले राख्दै आउनुभएको छ।

"नगरपालिकाले जुनसुकै कार्यक्रम गर्दा पनि दलित, सीमान्तकृत, पछाडि परेका समुदाय, एकल महिला लगायत सबैलाई सहभागिता गराउने गरेको छ। तालिमबाट सिकेको समानता र समताको कुरा व्यवहारमा कार्यान्वयन गरिरहेका छौँ" सहायक महिला निरीक्षक शाहले भन्नुभयो।

कार्यालयमा दैनिक काम गरिरहे पनि कतिपय काम कसरी गर्ने भन्ने थाहा थिएन। सूचनाको हक माग्नेलाई कति दिनभित्र सूचना उपलब्ध गराउनुपर्छ ? सूचना उपलब्ध गराउने विधि के हो ? सूचनाको हकले सुशासन र पारदर्शी बनाउन के कस्तो सहयोग गर्छ ? भन्ने लगायतका बारेमा तालिमबाट थप बुझ्न पाएको अनुभव उहाँहरूसँग छ। स्थानीय सरकारले योजना छनोट गरेर बजेट विनियोजन गर्छ। तर कसरी योजना छनोट गर्ने ? छनोट गर्ने आधार के हो ? जस्ता विषयमा पनि तालिमबाट प्राप्त ज्ञानलाई उहाँहरूले नगरपालिकामा सदुपयोग गर्नुभएको छ।



बिन्दु बडाल



शोभा शाह

योजना छनोट गर्ने समयका बखत बडाल र शाह बस्तीबस्तीमा पुग्नु हुन्छ। र, नागरिकलाई आफ्ना योजना राख्न सचेत गराउनुहुन्छ। योजना छनोट बस्ती स्तरबाट

वडामा, वडाबाट नगरपालिकाको विषयगत समितिमा र समितिबाट कार्यपालिकमा पेस गर्ने विषयमा तालिममा सिक्नु भएको थियो । अचेल योजना छनोट गर्नुअघि नै बस्तीस्तरमा पुगेर महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत, पछाडि परेका समुदाय सबैलाई आफ्नो योजना बनाएर ल्याउन जागरुक बनाउनुभएको छ ।

"फिल्डमा जाँदा सबै नागरिकलाई बस्तीस्तरबाट आफ्नो योजना बनाउन भनिरहेका छौँ । उहाँहरूले पनि योजना बनाएर पेस गर्नुहुन्छ" बडालले भन्नुभयो ।

बजेट बनाउनेदेखि कार्यान्वयन गर्नेसम्मको सीप उहाँहरूले तालिमबाट प्राप्त गर्नुभएको थियो । तालिम लिएपछि बडीमालिकाले लैङ्गिक उत्तरदायी बजेटसमेत समावेश गरेको छ । "बजेट निर्माणको समयमा कहाँ कसरी बजेट छुट्टाउने भनेर लागिपरिरहेका छौँ" शाहले थप्नुभयो । बडीमालिकाको बैठकमा लेखिने निर्णयसमेत अचेल फरक देखिन्छ । बैठक सुरु भएदेखि नसकिएसम्म र निर्णय नसुनेसम्म बस्नुपर्ने पाठ तालिमबाट प्राप्त भएको छ । "पहिले र अचेलको निर्णय लेखनमा फरक आएको छ । बैठकमा अर्थपूर्ण सहभागिताले निर्णय लेखनमा धेरै राम्रो भएको छ" बडालले भन्नुभयो ।

नगरपालिकामा कर्मचारीको आचारसंहिता नभएको पनि होइन । तर तालिम लिएपछि सेवाग्राहीसँग गरिने व्यवहार र बोलीमा समेत परिवर्तन आएको अनुभव बडाल र शाहले सुनाउनुभयो । "बोलीले ठूलो प्रभाव पार्दे रहेछ" उहाँहरूले भन्नुभयो ।

यो बीचमा बडाल र शाहले 'फिल्डवर्क' पनि गर्नुभयो । व्यक्ति व्यक्ति र सामूहिक रूपमा कार्यस्थलमै गएर तालिममा सिकेको कुरा प्रयोग गरिरहनुभएको छ । यसले आफूहरूमा आत्मविश्वास जागेको उहाँहरू बताउनुहुन्छ । "काम गर्न सक्छु भन्ने आत्मविश्वास बढेको छ । कर्मचारीको क्षतमा विकासमा ठूलो सहयोग मिलेको छ । ऐन निर्माणको विषयमा पनि तालिम प्राप्त भयो भने अझ काममा सहज हुने थियो" उहाँहरूले एकै स्वरमा भन्नुभयो ।

# तालिमले सजिलो बनायो



**दिलसरा जैसी, कम्प्युटर अपरेटर**
**सेती प्रादेशिक अस्पताल, कैलाली**

कम्प्युटरसम्बन्धी विषयमा कक्षा १२ पढेको छु । सिटिइभिटीबाट कम्प्युटर अपरेटरसम्बन्धी तालिम पनि लिएको थिएँ । पढाइका आधारमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा कम्प्युटर अपरेटर पदमा जागिर खाएँ । तर त्यहाँ कम्प्युटरमा नभई रजिष्टरमा लेख्ने चलन थियो । मुद्दा पनि हातैले लेखिन्थ्यो । सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्नुअघि कम्प्युटरसम्बन्धी धेरै ज्ञान थिएन । सातवटै मन्त्रालयका कर्मचारीलाई सूचना प्रविधिसम्बन्धी तालिम दिइएको थियो । तालिम लिएपछि मन्त्रिपरिषद्को बैठकपछि लेख्नुपर्ने कुरा लेख्न सिक्यौँ, डाटा इन्ट्री गर्न जान्यौँ । वेबसाइट बनाउन सिक्यौँ । धेरै कुरा जानियो । अहिले त सबै काम कम्प्युटरबाट गरिन्छ । निकै सजिलो भएको छ । अब त रजिष्टर पल्ट्याइराख्नु पर्दैन । पहिले लेखेर चिठीपत्र पठाउने गरिन्थ्यो भने अहिले ईमेलबाट पठाउने गरेका छौँ । त्योबेला अदालतको पेसी, तारिख सबै कम्प्युटरबाट हेर्न सिकियो ।

अहिले अस्पतालको काउन्टरमा छु । यहाँ पनि कम्प्युटरबाटै काम गर्छु । बच्चा जन्मिदा दिइने प्रमाणपत्र पनि कम्प्युटरबाट तयार गर्ने गरेका छौँ । अझ 'एडभान्स' तालिम लिने इच्छा छ । हामीहरुको काम र जीवन परिवर्तन गरिदिएकोमा प्रतिष्ठानप्रति आभारी छौँ ।

५

# कार्यालय सहयोगीलाई कम्प्युटर तालिम



विहान कार्यालय पुगेर सरसफाइ गरिसकेपछि धेरै जसो कार्यालय सहयोगी फुर्सदिला हुन्छन् । दिनभर सरसफाइमा मात्र व्यस्त रहनुपर्दैन । छिटपुट काममा व्यस्त हुनु बाहेक दिनभरि कार्यालयमा बसेर गफिनु त्यति उपयुक्त ठान्नुभएन कैलालीको जानकी गाउँपालिकाका पदाधिकारीहरूले । उहाँहरूले कार्यालय सहयोगीलाई अन्य काममा पनि संलग्न गराउन सकिए दैनिक कार्यसम्पादनमा सहयोग मिल्ने निष्कर्ष निकाल्नुभयो । उपाय खोज्दै जानुभयो । ठ्याक्कै एउटा उपाय फुऱ्यो- कार्यालय सहयोगीलाई कम्प्युटर सिकाउने ।

कार्यालय सहयोगी र स्वास्थ्य सहयोगी कार्यकर्तालाई कम्प्युटर तालिम दिने योजना तयार गरिएको छ । गाउँपालिकामा त्यस्ता कर्मचारी ३६ जना छन् । सबैलाई अनिवार्य कम्प्युटर सिकाउने भनेर गाउँपालिकाले 'प्याकेज' तयार गरिरहेको छ ।

"कार्यालय सहयोगी प्रायः सरसफाइमा बढी केन्द्रीत हुन्छन् । अन्य काममा पनि सहयोगी हुन्छन् तर दिनभर त्यति धेरै काम गरिरहनुपर्दैन । खाली बस्नुपर्ने अवस्था रहन्छ" जानकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आशिष चौधरीले भन्नुभयो, "खाली समयमा त्यत्तिकै समय व्यथित गर्नुभन्दा टाइपिङ गर्न वा फोटोकपी प्रिन्ट गर्न सहयोग गरिदिन सक्छन् । कम्प्युटरसम्बन्धी ज्ञान भएमा अझ प्रभावकारी सेवा प्रवाह गर्न सकिन्छ । त्यसैले यस्तो योजना लागू गर्दैछौं ।"

यतिबेला गाउँपालिकाको ध्यान राजस्व उठाउनेप्रति पनि छ । राजस्वका क्षेत्र विस्तार क्रमिक रूपमा थालिँदैछ । अझै पनि राजस्वका सबै क्षेत्र समेट्न सकिएको छैन । "सबै क्षेत्रलाई समेट्ने प्रयास जारी छ" उहाँले भन्नुभयो ।

नदीजन्य पदार्थप्रति बेवास्ता हुँदै आएको थियो । पहिलो पटक टेन्डर खुला गरियो । कसैको टेन्डर समावेश भएन । पुनः आह्वान गरियो । गाउँपालिकाले टेन्डर आह्वान गर्दा प्रस्तावका बारेमा त्यति चासो नदिने प्रवृत्ति विगतदेखिकै हो । त्यसैले गर्दा यस वर्ष पटक पटक टेन्डर आह्वान गर्नुपरेको हो । प्रतिस्पर्धा गर्न सक्ने ठेकेदारहरूलाई पालिकाले बोलाएर टेन्डर प्रक्रियामा सामेल हुन अनुरोध गऱ्यो । ठेकेदारहरूलाई मनाउनुपऱ्यो ।




उनीहरू राजी भए । गाउँपालिकाले नदीसम्म पुग्ने बाटोका लागि के गर्नुपर्छ हामी सहजीकरण गर्न तयार छौँ भनी प्रतिबद्धता पनि व्यक्त गऱ्यो । सबै वातावरण मिलाउन सफल भयो । अन्ततः ठेकेदारहरू टेन्डर प्रक्रियामा समावेश भए ।

नदीजन्य पदार्थको ठेक्कामध्ये दुई वटामा सम्झौता भएको छ । एउटामा ६० लाख रुपियाँको र अर्कोमा ४२ लाख रुपियाँको ठेक्का परेको छ । सम्झौता भएर काम सुरु भइसकेको पनि छ । एउटा प्वाइन्टमा टेन्डर परेन त्यो गाउँपालिकाले अमानतबाट नदीजन्य पदार्थको रसिद काट्ने गरेको छ ।

गाउँपालिकाको राजस्वको इतिहासमै कवाडीको ठेक्का खोलिएको थिएन । यसपटक कवाडीको ठेक्का खोल्नुपर्छ भन्ने निधो भयो । करिब आठ लाख रुपियाँको ठेक्का लागेको छ । कवाडी कर उठ्न थालेको छ । विज्ञापन करका लागि पनि आह्वान हुँदा सानो गाउँपालिका भएकाले सो उठ्न सम्भव नभएको पदाधिकारीहरूको बुझाइ छ ।

सम्पत्ति कर, वहाल विटोरी करमा पनि पालिकाको ध्यान पुगेको छ । नियमित बजार अनुगमन सुरु गरिएको छ । व्यावसायिक दर्ता, नवीकरण लगायतमा पत्र पठाउन थालिएको छ । आगामी वर्षमा अझ सशक्त रूपमा यी कार्यलाई बढाउने भन्ने कुरामा सचेत रहेको भनाइ उहाँको छ ।

विगतमा बहाल कर थिएन, अहिले उठाउन थालियो । यसले गर्दा गाउँपालिकाको आम्दानी पनि बढ्न थालेको छ । गाउँपालिकाका प्रशासन शाखा प्रमुख मेवालाल चौधरीले गाउँगाउँमा भारतीय मानिसले कवाडी उठाउने गरेको स्मरण गर्दै भन्नुभयो, “तर अहिले ठेकेदारले गाउँ वा बजारमा कवाडी सङ्कलन गर्ने गरेका छन् । कवाडीबाट राजस्व पनि उठिरहेको छ ।” गाउँपालिकाले व्यवसाय दर्ताका बारेमा बुझ्न सुरुमा बजार अनुगमन गऱ्यो । धेरै व्यवसायीले दर्ता नै नगरेको पाइयो । अहिले आर्थिक ऐनअनुसार ती व्यवसायीले दर्ता गर्नुका साथै वार्षिक रूपमा व्यापार व्यवसाय कर तिरिरहेका पनि छन् । अहिले नक्सा पास गरेर मात्र घर बनाउन पाइने नियम कार्यान्वयनमा ल्याइएपछि राजस्वको क्षेत्रमा थप विस्तार भएको छ ।

गाउँपालिकाले आवधिक योजना तयार गरेको छ । आर्थिक वर्ष २०७९।८० मा पाँच वर्षका लागि

यस्तो योजना तयार गरिएको हो । 'शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार, पहिचानसहित जानकी गाउँपालिकाको मूलआधार' नारा दिइएको आवधिक योजनाले लिएको लक्ष्य यस्तो छ, "आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रको सन्तुलित विकास भई पालिकाबासीको समग्र जीवनस्तरमा दिगो एवं गुणस्तरीय सुधार भएको हुनेछ ।"

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चौधरीले आवधिक योजनालाई मध्यनजर गरेर लगिरहेका छौँ भन्नुभयो । क्षमता विकासको कुरा अघिल्ला आर्थिक वर्षमा खासै चासोको विषय बन्न सकेको थिएन । यसपटक कर्मचारीमात्र नभएर जनप्रतिनिधिलाई पनि यसमा समावेश गरिएको छ । नीति तथा कार्यक्रम अनुगमनदेखि विविध विषयमा जनप्रतिनिधिका लागि पनि तालिम सञ्चालन गर्ने गरिएको छ । आवश्यक पर्दा न्यायाधीस जस्तो उच्च ओहोदावाललाई पनि आमन्त्रण गरी तालिम दिन लगाइएको छ ।

समय व्यवस्थापन सबै गाउँपालिकाको चुनौतिको विषयका रूपमा रहँदै आएको छ । निर्धारित समयभन्दा निकै ढिला गरी बैठक बस्ने प्रवृत्ति स्थानीय तहहरूमा समस्याकै रूपमा देखिएको छ । यो समस्याबाट जानकी गाउँपालिका पनि अछुतो रहने कुरै थिएन । अब त्यस्तो छैन । निर्धारित समयभन्दा बढीमा पाँच मिनेटसम्म पर्खिने अभ्यास थालिएको छ । "दुई बजे कार्यक्रम हुने भनिएको छ भने दुई बजेर पाँच मिनेटमा जसरी पनि सुरु गर्नैपर्छ" उहाँले थप्नुभयो, "यसमा जनप्रतिनिधि र कर्मचारी सबै अभ्यस्त भइसकेका छौँ । यसलाई असल अभ्यासका रूपमा लिएका छौँ ।"

विपत् व्यवस्थापनमा गाउँपालिकाले महत्त्वपूर्ण कार्यलाई अगाडि सारेको छ । मौसम पूर्वानुमानका बारेमा पूर्वसूचना दिने गरिएको छ । त्यससम्बन्धी प्रविधि वडा नं. ४ र ९ मा जडान गरिएको छ । पानी पर्न सक्ने वा बाढी आउनसक्ने लगायतका बारेमा पूर्वजानकारी दिने चलन थालिएको छ । तीन दिनसम्मको पूर्वानुमान गर्न सकिएको छ । यसले विशेषगरी किसानलाई निकै फाइदा पुगेको छ । यस्ता सूचना बरघर, थकाली जस्ता

## पहिचानसहितको पालिका



आशिष चौधरी
**प्रमुख प्रशासकीय अधिकृत, जानकी गाउँपालिका, कैलाली**

संस्कृति पहिचानसहितको जानकी गाउँपालिका रहेको छ । सामुदायिक विद्यालयमा अध्ययनरत हरेक जातजातिका विद्यार्थीले अनिवार्य रूपमा आफ्नो वेशभूषा लगाउनुपर्ने नियम बनाएका छौँ । यो नियम हरेक शुक्रबारका लागि लागू हुँदै आएको छ । विद्यार्थीले यसरी आफ्ना वेशभूषा लगाएर आउने गरेका पनि छन् ।

मौलिक परिकार खाने चलन पनि छ । प्रायः विद्यालयमा जे सजिलो लाग्छ त्यो परिकार बनाउँछन् तर हामीले गाउँपालिकाबाट सूची तयार गरेर दिएका छौँ । पौराणिक खाजा ढिक्री, खरिया जस्ता मौलिक परिकारको सम्बर्धन होस् भनेका छौँ । हरेक दिनको खाजाको मेनु फरक फरक छ । राज्यले उपलब्ध गराउने सोही रकमबाट खाजा व्यवस्थापन भइरहेको छ ।

सामाजिक प्रतिष्ठाप्राप्त नेतृत्वमार्फत समाजलाई पुऱ्याइने गरिएको छ । "पानी पर्ने पूर्वानुमान छ भने धान काट्नु पर्ने वा नपर्ने हो भन्ने किसानले थाहा पाउने छन्" पालिकाका प्रमुख प्रशासकीय अधिकृत चौधरीले दावी गर्नुभयो, "विपत्का बारेमा पूर्वसूचित गर्ने मामिलामा हामी सुदूरपश्चिमका पालिकाहरूमा अगाडि छौं ।" यस्ता सूचनाको पहुँचका लागि सामाजिक सन्जाल स्थापना गरिएको छ । मोबाइल सन्देशमार्फत पनि सूचना जारी गर्ने गरिएको छ ।

विद्यालय सुधारका कुरामा पनि पालिकाले चासो देखाउँदै आएको छ । नियमित प्रधानाध्यापक बैठक हुने गरेको छ । स्वास्थ्य क्षेत्रका मापदण्ड पूरा गर्नेमा जानकी गाउँपालिका कैलालीका १३ स्थानीय तहहरूमध्ये दोस्रो स्थानमा रहेको दावी पदाधिकारीहरूको छ । खोप, जन्म, औषधि, उपचार लगायतका सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाका प्रमुखलाई नियमित बोलाएर जानकारी लिने गरिएको छ ।

आर्थिक वर्ष सकिनेबेला ठेक्का खोल्ने र हतार हतार बजेट सक्ने प्रवृत्तिको अन्त्य गर्न पनि गाउँपालिका सफल भएको छ । समयमा टेन्डर आह्वान गर्ने गरिएको छ । विगतमा कामको ठेक्का लिएकाहरूले समयमा काम सम्पन्न नगरेको भए जरिवाना गर्ने भनी गाउँ परिषद्बाटै निर्णय गराइएको छ । "यो निर्णयले थाति रहेका काम जरिवानाको डरले सम्पन्न हुने अवस्थामा पुगेका छन्" गाउँपालिकाका प्रशासन शाखा प्रमुख मेवालाल चौधरीले भन्नुभयो ।

चालु आर्थिक वर्षदेखि कार्यविधि नै बनाएर जानकी गाउँपालिकाका उत्कृष्ट कर्मचारीलाई शिक्षा, कृषि, स्वास्थ्य लगायतका छ विधामा पुरस्कृत गरिएको छ । सँगसँगै उत्कृष्ट काम गर्ने व्यक्ति वा संस्थालाई पनि पुरस्कृत गर्ने गरिएको छ । छिटो र गुणस्तरीय रूपमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई सम्मान गर्न थालिएको छ । उत्कृष्ट कार्य गर्ने बरघर, मेलमिलापकर्तालाई पनि पुरस्कृत गर्न परिपाटीको थालनी गरिएको छ ।

मुख्य चोकमा सीसीटिभी क्यामेराबाट निगरानी गर्ने गरिएको छ । गाउँपालिकाका कार्यालयहरूलाई कागजरहीत घोषणा गर्ने तयारीमा रहेको छ । स्कुले विद्यार्थीलाई ई-हाजिरी गर्ने योजना पनि छ । चक्रपथ निर्माण पनि अगाडि बढाइएको छ । भूवर्गीकरण पूरै गरिसकिएको छ । अरु गाउँपालिकाले आवासीय र गैरआवासीय मात्र गर्छन् तर जानकी गाउँपालिकाले कृषि, व्यवसायी, आवासीय लगायतमा वर्गीकरण गरिएको छ ।

## आवधिक योजना (आर्थिक वर्ष २०७९/८०-२०८३/८४)
## सम्भावना

- अन्नबाली (गहुँ, धान), तोरी, केरा उत्पादनका लागि उपयुक्त हावापानी तथा कृषि भूमि रहेको
- गाउँपालिकाको अवस्थिति दुईवटा नगरपालिकाको विचमा रहेकाले गाउँपालिकाको बजारीकरण तथा औद्योगीकरणको अवस्था रहेको
- बहुजातीय समुदायको बसोबास क्षेत्र भएकाले साँस्कृतिक, सामाजिक रूपान्तरणको प्रबल सम्भावना रहेको
- कुल जनसङ्ख्याको झन्डै ६४ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेकोले ठूलो श्रम शक्तिको उपलब्धता
- स्थानीय संस्कृति, जैविक आकर्षण तथा कर्णाली कोरिडोरको अवस्थितिले गर्दा पर्या-पर्पटन प्रवर्द्धन गर्ने सम्भावना रहेको
- छिमेकी मुलुक भारतको सीमा नजिक भएका कारण जडिबुटी, प्रशोधन, तरकारी खेती, दुध उत्पादन तथा केरा खेती पकेट क्षेत्रबाट पालिकाको अर्थतन्त्रमा यथेष्ट योगदान पुग्ने सम्भावना रहेको छ ।

## ६

# मार्गदर्शक बनेको आवधिक योजना



'समृद्ध जयपृथ्वी निर्माणको मूल आधारः दिगो कृषि, पर्यटन, व्यापार, उत्थानशील पूर्वाधार' बझाङको जयपृथ्वी नगरपालिकाको प्रथम आवधिक योजनाको मूल नारा हो यो । पञ्चवर्षीय आवधिक योजना बनाएर विकासको पाइलामा लम्कन खोजिरहेको छ जयपृथ्वी नगरपालिका। नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकाससहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने लक्ष्य लिइएको छ।

लक्षित योजनाअनुसार काम अगाडि बढेमा योजनाको अन्तिम वर्ष अर्थात् आगामी आर्थिक वर्ष २०८३/८४ सम्ममा आर्थिक वृद्धि हालको ४.८ बाट ८.० प्रतिशतमा उक्लिनेछ । त्यस्तै प्रतिव्यक्ति वार्षिक आय करिब ६८ हजारबाट ८२ हजार रुपियाँ पुग्नेछ । बहुआयामिक गरिबी २५ बाट १६ प्रतिशतमा झर्नेछ । योजना अवधिमा साक्षरता दर ७३ बाट ८० प्रतिशतमा, औसत आयु ६९ बाट ७२ वर्षमा, बेरोजगारी २६ बाट १५ प्रतिशतमा, मानव विकास सूचकाङ्क ०.४७ बाट ०.५ मा पुग्नेछ ।

"आगामी २०८४ सालसम्म नगरपालिकालाई समृद्ध



चेतराज बजाल
नगर प्रमुख

बनाउने लक्ष्यसहित आवधिक योजना बनाएर काम गरिरहेका छौं" नगर प्रमुख चेतराज बजालले भन्नुभयो, "हामीसँग दरिलो आवधिक योजना छ।"

आवधिक योजनालाई टेकेर नगर विकासको योजना अगाडि बढाइएको छ। आवधिक योजनामा शैक्षिक गुणस्तर, स्वास्थ्य, रोजगारी, आधुनिक कृषि प्रणाली, पर्यटनलगायत क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। आवधिक योजनाअनुसार काम गर्न पर्याप्त बजेटको भने समस्या छ। नगरपालिकाका प्रशासकीय अधिकृत अम्मरराज जोशीले भन्नुभयो, "राम्रो योजना भएर पनि बजेटको अभावमा कार्यान्वयन गर्न समस्या हुने रहेछ। पर्यटन र पूर्वाधार जस्ता क्षेत्रमा ठूलो लगानी चाहिन्छ। नगरपालिकासँग सीमित बजेट उपलब्ध हुन्छ। बजेटले भ्याएसम्म आवधिक योजनालाई पछ्याइरहेका छौं।" यद्यपि ठूलो आकारको बजेट नभए पनि नगरपालिकाले आफ्नो स्रोत साधनले भ्याएसम्म विकासको कामलाई द्रुत गतिमा अगाडि बढाएको उहाँको भनाइ छ।

योजनाका दस्तावेजमा अब्बल रणनीति र प्राथमिकता उल्लेख छन्। कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानी वृद्धि गर्ने, एक घर एक धारा र पूर्ण सरसफाइ सहितको नगरपालिका बनाउने, विकासका पूर्वाधारमा सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याउने, कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराइ गरिबी निवारणमा उल्लेख्य सुधार गर्ने, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवालाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासका लागि आवश्यक कार्य योजना लागू गर्ने लगायतका प्राथमिकतालाई जोड दिइएको छ।

बजेट पनि सोहीअनुसार विनियोजन गर्ने गरिएको छ। "बजेट तयार गर्दा बस्तीस्तरमा छलफल हुन्छ। त्यसपछि वडामा र वडाले नगरमा सिफारिस गर्छ। नगरको विषयगत समितिमा छलफल भएपछि कार्यपालिकामा बजेट पेस हुन्छ" उहाँले बजेट तयारी प्रक्रियाका बारेमा सुनाउनुभयो।





**अम्मरराज जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**

नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा ५९ करोड रुपियाँ विनियोजन गरेको छ । यसै बजेटबाट नगरपालिकाले विकास कार्य सञ्चालन गर्दै आएको छ।

सुदूरपश्चिम प्रदेशको उत्तरी भागमा रहेको बझाङको दक्षिणी-पूर्व क्षेत्रको पहाडी क्षेत्रमा जयपृथ्वी नगरपालिका अवस्थित छ। दुर्गम लेकाली भेग र सेती नदीको वारिपारि दुवैतिर बस्ती छ। लेकमा भेडा, बाख्रापालनका साथै आलु, कोदो उत्पादन हुन्छ । फेदीमा गहुँ, धान, मकै उत्पादन हुन्छ। "स्थानीय उत्पादनलाई नगरपालिकाले जोड दिएको छ" नगर उपप्रमुख रतनबहादुर सिंहले भन्नुभयो।

पर्यटकलाई आकर्षित गर्न पालिकाले भ्यूटावर निर्माण गरेको छ। नगरपालिकामा बसपार्क निर्माण हुँदैछ। नगरपालिकाले सम्पन्न गरेका र अगाडि बढाएका कामको फेरिस्त लामै छ। विद्यालयमा शिक्षकको समस्या थियो। दरबन्दी मिलान गरेपछि त्यो समस्या केही टरेको छ। शिक्षक र विद्यार्थीको अनुपातको आधारमा विद्यालय गाभिएका छन्। स्थानीय कला, संस्कृति र सभ्यताबारे विद्यार्थीलाई जानकारी दिन स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको छ। नगरपालिकाले १० वर्षे शैक्षिक रणनीति पनि तयार गरेको छ। "शिक्षाको गुणस्तर सुधार गर्ने रणनीति बनाएका छौँ" नगर प्रमुख बजालले भन्नुभयो, "राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, प्रदेश सरकार र सङ्घसंस्थाको सहयोगमा विद्यालयको भौतिक सुधारको काम पनि भइरहेको छ।"

नगरपालिकाले हरेक वर्ष एक जना विद्यार्थीलाई चिकित्साशास्त्र विषयमा स्नातक तह (एमबिबिएस)मा छात्रवृत्ति पनि उपलब्ध गराउने गरेको छ । हरेक वर्ष एक जनालाई यस्तो छात्रवृत्ति उपलब्ध गराइन्छ। पहिलो वर्ष छात्रलाई जुम्लामा र दोस्रो वर्ष छात्रालाई वीरगन्जमा एमबिबिएस अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराइएको थियो। तेस्रो वर्षका लागि दलित महिला छनोट गरिएको तर प्रवेश परीक्षा उत्तीर्ण भएर पनि भर्नाका लागि अङ्क






नपुगेकाले रोकिएको छ ।

स्वास्थ्य क्षेत्रमा पनि नमुना काम अगाडि सारेको नगरपालिकाको दावी छ । क्षयरोगमुक्त नगरपालिका घोषणा गरिएको छ । सबै किसिमका खोपको पहुँच पुऱ्याइएको छ । बाल मृत्युदर र मातृ मृत्युदरमा कमी आएको छ । बर्थिङ सेन्टर सञ्चालन गरिएको छ ।

महिलालाई आत्मनिर्भर बनाउन नगरपालिकाले विभिन्न अभ्यास सञ्चालन गरिरहेको छ । स्थानीय ऐन निर्माण गरी नगरपालिकाले महिला विकास समिति गठन गरेको छ । कार्यपालिकाले बुद्धिजीवी महिलाको नेतृत्वमा सात सदस्यीय समिति गठन गरेको छ । ११ वटै वडामा महिलालाई निःशुल्क लोकसेवा कक्षा सञ्चालन गर्ने गरिएको छ । सिलाइ कटाइ तालिम दिएर आत्मनिर्भर बनाउने प्रयास नगरपालिकाले गरेको छ । हिंसा पीडित महिलालाई संरक्षण गर्न 'सेफ हाउस' अर्थात् आवासको व्यवस्था नगरपालिका ले गरेको छ । "हिंसा पीडित महिलालाई पुनर्स्थापना गर्न आवासको व्यवस्था नगरपालिकाले गरेका छौँ" नगर प्रमुख बजालले दावी गर्नुभयो, "सुदूरप्रश्चिम प्रदेशकै यो असल अभ्यास हो ।"

नगरपालिकाको न्यायिक समितिको कार्यसम्पादन विधि पनि सर्वमान्य हुँदै आएको छ । न्यायिक इजलासको व्यवस्था गरिएको छ । न्यायिक समितिका संयोजकसमेत रहनुभएका उपप्रमुख रतनबहादुर सिंहले इजलासको व्यवस्था गर्ने जिल्लाकै पहिलो नगरपालिका जयपृथ्वी रहेको दावी गर्नुभयो । विभिन्न जिल्लाबाट निरीक्षणमा आउनेहरूले इजलासका बारेमा प्रशंसा गर्ने गरेका पनि छन् । इजलासमा घरझगडा, लेनदेन र जग्गा सिमाना विवादको विषय प्रमुख रहने गरेको छ । मेलमिलाप हुन नसकेका विषयलाई अदालत जान सिफारिस गर्ने गरिएको छ । न्यायिक विषयका बारेमा नगरपालिकाले वडा वडामा पुगेर सचेनामूलक कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरिएको छ । नागरिक सहायता कक्षा पनि सञ्चालन गरिएको छ । पालिकाले दलित विकास समिति पनि गठन गरेको छ । "दलितको उत्थान गर्न समिति गठन गरिएको हो । दलितको स्थितिबारे प्रोफाइल तयार भएको छ । उत्थानको कामलाई कार्यान्वयनमा लैजान्छौँ" नगर प्रमुख बजालले भन्नुभयो ।

नगरपालिकाले खेलकुदको उन्नयनमा पनि अग्रसरता देखाएको छ । नगरपालिकाले खेलकुद विकास समिति गठन गरेको छ । विपत्सँग जुध्न नगरपालिकाले तालिमप्राप्त विपत् व्यवस्थापन समिति गठन गरेको



**रतनबहादुर सिंह**
**उपप्रमुख**

छ । नगर प्रहरीलाई अग्नि नियन्त्रण तालिम दिइएको छ । नगरपालिकाले हाल ११ जना नगर प्रहरीको व्यवस्थापन गरेको छ । जनतासँग मेयर र उपमेयर कार्यक्रम पनि नगरपालिकसँग छ । "आपतकालीन दुर्घटना, विरामी भएमा गरिब विपन्नलाई सहयोग गर्ने उद्देश्यले तत्काल सहयोग गर्न यो कार्यक्रम सुरु गरेका हौँ" नगर प्रमुख बजालले भन्नुभयो ।

उद्योग र रोजगारी सिर्जनामा नगरपालिकाले काम सुरु गरेको छ । वडा नं. ५ मा पाँच जनालाई नगरपालिकाले जुत्ता सिलाउने तालिम दिएको छ । जुत्ता उद्योग स्थापना गर्ने तयारी गरिएको छ । कृषिबाट पनि रोजगारीका ढोका खोल्ने योजना नगरपालिकाले बनाएको छ । कृषि क्षेत्रमा एक हजार एक सय जनालाई रोजगार दिने गरी काम भइरहेको छ । कृषकलाई आधुनिक खेती प्रणालीमा रूपान्तरण गर्न बिउविजन दिने, टनेल बनाउन आर्थिक सहयोग गर्ने, पशुपालन गर्नेलाई आधुनिक गोठ सुधार गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिएको छ । कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिँदै छ । कृषकबाट उत्पादित वस्तु बजारमा ल्याउने र बजारबाट कृषकलाई आवश्यक पर्ने वस्तु पुऱ्याउन कृषि एम्बुलेन्स सञ्चालन गर्न लागिएको हो ।

फलफूल, सुन्तला र ओखरका बोटविरुवा पनि कृषकलाई नगरपालिकाले वितरण गर्दै आएको छ । कृषकका लागि सिँचाइ र हाते ट्र्याक्टरको समेत व्यवस्था नगरपालिकाले गर्दै आएको छ । विद्यालयमा नगरपालिकामा उत्पादित कृषि उत्पादनलाई नै दिवा खाजा कार्यक्रममा जोडेको छ । कृषकबाट उत्पादित स्थानीय तरकारीलाई नै नगरपालिकाले विद्यालयको दिवाखाजा कार्यक्रममा प्रयोग गर्दै आएको छ ।

सामाजिक सुरक्षा कोषबाट ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भत्ता बैङ्कबाट नै नगरपालिकाले उपलब्ध गराउने गरेको छ । नगरलाई डिजिटलाइजेसन गर्ने तयारीमा जुटेको छ नगरपालिका । नगरपालिकाले हरेक काम सम्पन्न गरेपछि सार्वजनिक सुनुवाई गर्ने गरेको छ । "सुशासन हाम्रो प्रतिबद्धता हो । काम सम्पन्न भएपछि सार्वजनिक सुनुवाई गर्छौं" नगर प्रमुख बजालले थप्नुभयो ।

## नगर सर्वेक्षण

जयपृथ्वी नगरपालिकाले कुन क्षेत्रमा विकास आवश्यक छ भनेर सर्वेक्षण गर्ने गरेको छ । नगरपालिका ले आफ्नो वेबसाइटमा नगरपालिकाको कुन क्षेत्र सुधार गर्दा राम्रो होला ? भनेर प्रश्न राखेको छ । यसमा स्थानीयले आफ्नो मत दिन सक्छन् । हालसम्मको सर्वेक्षणअनुसार सबैभन्दा धेरैले सडकको विकास गर्नुपर्नेमा मत दिएका छन् । ३४ प्रतिशतले सडकमा विकास गर्नुपर्ने मत जाहेर गरेका छन् । नागरिकको अपेक्षाअनुसार दिगो विकासका लागि नगरपालिकाले यसरी सर्वेक्षण लिएको हो । स्थानीय तह आएपछि यसरी सर्वेक्षण गर्न थालिएको हो । यो विधिबाट काम गर्दा छिटो विकास हुने र स्थानीय पनि लाभान्वित हुने निष्कर्ष पालिकाको छ ।

| विषय | प्राप्त मत प्रतिशत |
|---|---|
| प्रविधि | २३ |
| पर्यटन | १२ |
| सडक | ३४ |
| शिक्षा | २८ |
| अन्य | ४ |

## लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)लाई जयपृथ्वी नगरपालिकाले पनि कार्यान्वनमा ल्याएको छ। नगरपालिकाले आफूले गरेको कामको आधारमा आफैंले मूल्याङ्कन गर्ने विधि लिजा हो । चारवटा आर्थिक वर्षको तथ्याङ्कको मूल्याङ्कन गर्दा जयपृथ्वीमा सुधारको रेखा देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा ६१.७५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा ६३.२५ प्रतिशत पुगेको छ। आगामी आर्थिक वर्षमा थप सुधार आउने अपेक्षा जयपृथ्वी नगरपालिकाको छ।

## लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ६१.७५ | ६०.७१ | ६१.७६ | ६२.२२ |
| २०७७/७८ | ५२.५ | ६१.९ | ५५.८८ | ४५.५६ |
| २०७८/७९ | ६०.२५ | ६३.१ | ६४.७१ | ५५.५६ |
| २०७९/८० | ६३.२५ | ६४.४८ | ६९.१२ | ५७.७८ |

## जयपृथ्वीको 'फ्रा' को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा' को स्थिति भने जयपृथ्वीको मध्यम जोखिम देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा जयपृथ्वीको फ्रा सार्वजनिक गरिएको छैन । आव २०७८/७९ मा जोखिम ४६ प्रतिशत र आव २०७९/८० मा घटेर ४३.५ मा आएको देखिन्छ ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | - | - | - | - |
| २०७८/७९ | ४६ | ५१.८९ | ३८.४६ | ३९.७१ |
| २०७९/८० | ४३.५ | ४४.३४ | ३४.६२ | ४५.५९ |

### उपलब्ध गराइने मुख्य सेवा

- मृत्यु दर्ता
- जन्म दर्ताघटना दर्ता
- सामाजिक सुरक्षा
- नागरिक वडापत्र
- निवेदनको ढाँचा



८

# सामाजिक क्षेत्रमा सफल अभ्यास



वि. सं. २०७९ मा स्थानीय तहको निर्वाचनबाट डोटीको दिपायल सिलगढी नगरप्रमुखमा विजयी हुनुभएका बाजीसिं खड्काको नेतृत्वमा नगर अनुगमनमा टोली निस्कियो । अनुगमनका क्रममा साना बालबालिका होटेल, रेस्टुरेन्ट र घरमा काम गरिरहेको दृश्य टोलीले देख्यो । टोलीले ठहऱ्यायो- यो त ठिक भएन । यस बारेमा नीति र योजना त ल्याउनैपर्ने भयो भनी निष्कर्ष निकालियो । बालश्रममुक्त नगरपालिका बनाउने योजना पालिकाले तयार गऱ्यो ।

काम चुनौतीपूर्ण थियो तर सहास र प्रतिबद्धता थियो । त्यस्ता ७० जना बालबालिकालाई उद्धार गरियो । उद्धार त गरियो तर राख्ने कहाँ भन्ने समस्या भयो । कतै राखेरमात्र भएन पठनपाठनको व्यवस्था गर्नु पनि अनिवार्य नै थियो । नगरपालिकाले फेरी अर्को निर्णय गऱ्यो- ती बालबालिकाको सम्पूर्ण खर्च व्यहोर्ने । छात्रावास (होस्टेल)मा राखेर शिक्षा प्रदान गर्ने निर्णय गरियो । तीमध्ये ३३ जनालाई होस्टेलमा राखियो भने बाँकीलाई आआफ्ना घरमा पुनर्स्थापना गरियो । छोटो अवधिमा त्यति ठूलो सङ्ख्यामा बालबालिकालाई व्यवस्थापन गर्न सक्नु पालिकाका लागि चमत्कार नै थियो । कसैले पनि छिटो सहज रूपमा ती बालबालिकालाई श्रमबाट मुक्त गर्न सकिएला भन्ने कल्पना पनि गरेका थिएनन् ।

उद्धार गरिएका ती बालबालिका विद्यालयमा अध्ययनरत छन् । बालबालिकाको लागि खाना, आवास,



रमेशचन्द्र जोशी
नगर अधिकृत

लत्ताकपडा, शैक्षिक सामग्री गरेर एक जना बराबर वार्षिक ८१ हजार रुपियाँ लगानी गरिरहेको छ। लगानीको प्रतिफल पनि देखिन थालिसकेको छ । उद्धार गरिएकामध्ये केही बालबालिकाले माध्यमिक शिक्षा परीक्षा (एसईई) पनि पूरा गरिसकेका छन् ।

नगर अधिकृत रमेशचन्द्र जोशीले अभिभावक नभएका र आर्थिक चपेटामा परेका बालबालिकालाई नगरले पढाउने गरेको जानकारी दिनुभयो । उहाँको नेतृत्वमा अनुगमन टोली अहिले पनि कायम छ। टोलीले प्रत्येक वडामा पुगेर नियमित अनुगमन पनि गरिरहेको हुन्छ । वडामा बालबालिकाले श्रम गरिरहेको फेला नपारिएपछि वडा नं. २, ५, ६ र ८ लाई बालश्रम मुक्त वडा घोषणा गरिएको छ । "बाँकी वडालाई क्रमशः बालश्रम मुक्त वडा घोषणा गर्छौं" उहाँले भन्नुभयो। थप ५० जना अभिभावकविहीन बालबालिकालाई शैक्षिक सामग्रीका लागि पाँच हजार रुपियाँका दरले पालिकाले सहयोग गर्दै आएको छ । पालिकाले बालकोषसमेत स्थापना गरेको छ। सङ्घीयताको कार्यान्वयनसँगै विद्यालय शिक्षा पालिकाको काँधमा आयो । दिपायल सिलगढी नगरपालिकामा पनि अन्यत्र जस्तै विद्यालय र शिक्षकको अनुपात मिलेको थिएन । कुनै विद्यालयमा शिक्षक धेरै विद्यार्थी कम र कुनैमा विद्यार्थी धेरै शिक्षक कम । यो स्थितिको अन्त्य जरुरी थियो । यसका लागि पालिकाले अनुदानमा शिक्षक व्यवस्थापन गर्ने निर्णयको कार्यान्वयन थाल्यो। शिक्षक कम भएको ठाउँमा पालिकाले थप शिक्षक उपलब्ध गराउन थाल्यो । यसले गर्दा गुणस्तरीय शिक्षामा केही सकारात्मक सङ्केत देखिएको छ । विद्यालयमा छात्राको लागि स्यानेटरी प्याड, आइसिटी कक्षा, इन्टरनेटको व्यवस्थाले पनि विद्यार्थीको सिकाइमा परिवर्तन आएको पालिकाको ठम्याइ छ ।

## जोखिम न्यूनीकरण

घटना २०८१ वैशाख दोस्रो साताको हो । नगरपालिकाको बस्ती नजिकै भीरमा आगलागी भयो । राति ९ बजेको थियो । घटनाका बारेमा कसैले नगर प्रहरीलाई फोनमार्फत जानकारी दियो। दमकलसहित नगर प्रहरी तत्कालै आगो निभाउन होमियो । आगो बस्तीमा पस्न पाएन। ठूलो क्षति हुनबाट टऱ्यो।

देशका अधिकांश पालिकामा अझैसम्म पनि दमकल र आगो निभाउने जनशक्ति छैन । यसको व्यवस्थापनमा ठूलो लगानी लाग्ने भएर धेरै पालिकाले आँट गर्न सकेका छैनन् । तर दिपायल सिलगढी नगरपालिकासँग दमकलको समस्या छैन। फायरम्यानसहित २४ घण्टा नै दमकल र नगर प्रहरी परिचालन गर्ने गरिएको छ। खबर पाउने बित्तिकै टोली खटिन्छ । "जिल्लाभरिमा हामीसँग मात्र दमकल छ" प्रमुख प्रशासकीय अधिकृत शङ्कर सुचिकारले भन्नुभयो। आवश्यक परेमा अन्य पालिकालाई पनि दमकलको सहयोग उपलब्ध गराउने गरिएको छ।

जलवायु जोखिममा परेका नागरिकलाई केन्द्र र प्रदेश सरकारको सहयोगमा पालिकाले आवास सुविधासमेत उपलब्ध गराएको छ। नगरभित्र जलवायु जोखिममा परेका ३३ जनाले आवास सुविधा पाएका छन् । १६ जनाको घर बनिसकेको छ भने बाँकीको काम भइरहेको छ। दुई जनाको लागि जग्गा खरिदको लागि तीन लाख रुपियाँ र घर बनाउन नगरले चार लाख रुपियाँ सहयोग गरिएको छ।

## सुत्केरीलाई पोषिलो झोला

सुत्केरी बेथा लागेपछि अस्पताल लैजान सार्वजनिक यातायातमा असहज हुँदा पालिकाका त्यस्ता महिलालाई



शङ्कर सुचिकार
प्रमुख प्रशासकीय अधिकृत

अचेल समस्या खेप्नुपर्दैन । पालिकाले सुत्केरी बेथा लागेपछि अस्पताल लैजान निःशुल्क एम्बुलेन्सको व्यवस्था गरेको छ । त्यस्ता महिलाले यसको प्रयोग मजाले गर्दै आएका छन् ।

नगरले एम्बुलेन्स सेवा राखेपछि गर्भवती महिलालाई सहज भएको छ । "जिल्लाभित्रको जुनसुकै अस्पतालमा लगे पनि निःशुल्क एम्बुलेन्स उपलब्ध गराएका छौं । जिल्ला बाहिर जानु परेमा ५० प्रतिशत छुट गरेका छौं" प्रमुख प्रशासकीय अधिकृत सुचिकारले भन्नुभयो । स्थानीय तहको निर्वाचनपछि पालिकाले सुत्केरी महिलाको लागि एम्बुलेन्सको व्यवस्था गरेको हो । पालिकाले वडा नम्बर १, २, ३ र ८ मा बर्थिङ सेन्टरसमेत राखेको छ ।

सुत्केरी महिलाका लागि पोषिलो झोलाको पनि व्यवस्था पालिकाले गरेको छ । पोषण कार्यक्रमअन्तर्गत नौ थरीका सामान राखेर पोषिलो झोला सुत्केरी महिलालाई उपलब्ध गराइन्छ । पोषिलो झोलामा सिमी, बोडी, केराउ लगायतका गेडागुडी, नुन, दाल, तेल, घिउ, अण्डा, साबुन लगायतका सामग्री राखिएको हुन्छ । यो कार्यक्रमले सुत्केरी महिलालाई पोषिलो खाना खुवाउनुपर्ने चेतना समाजमा अभिवृद्धि हुँदै गएको निष्कर्ष पालिकाको छ । महिला हिंसा न्यूनीकरणका लागि पालिकाले काम गर्दै आएको छ । पालिकाले हिंसा न्यूनीकरण गर्न कोष बनाएर सचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।

### स्थानीयलाई प्रोत्साहन

आयातित तरकारीले बजार लिएपछि दिपायल सिलगढी नगरपालिकाले स्थानीय स्तरमा उत्पादित





## सहभागितात्मक योजना

नगरपालिकाले भ्रष्टाचारको अन्त्य र सुशासनलाई मूलमन्त्र बनाएको छ। नगरपालिकाले मासिक र चौमासिक खर्च वेबसाइटबाट सार्वजनिक गर्ने गरेको छ। हरेक काम सकिएपछि सार्वजनिक सुनुवाइलाई नगरपालिकाले निरन्तरता दिएको छ।

सहभागितात्मक योजना तर्जुमाको अभ्यास भने सुरुवात गर्ने चरणमा नगरपालिका पुगेको छ। टोल र वडा स्तरबाट योजना आउँछ। नगरपालिकामा विषयगत समिति पनि छ। तर जति हुनुपर्ने हो त्यो तहमा सहभागितात्मक योजना तर्जुमाको अभ्यास हुन नसकेको अधिकृत जोशीले बताउनुभयो। "सामान्य रूपमा सहभागितात्मक योजना तर्जुमाको अभ्यास छ। प्रभावकारी रूपमा लैजानुपर्ने छ" उहाँले भन्नुभयो। नगरपालिकाले आवधिक योजना र क्षमता विकास योजना बनाउन लागिपरेको छ। आवधिक र क्षमता विकास योजना बनेपछि सहभागितात्मक योजना तर्जुमालाई जोड दिने नगरपालिकाको लक्ष्य छ।

तरकारीलाई प्रोत्साहन गरेको छ। नगर प्रमुख खड्काले केही वर्षभित्र तरकारी आयातमा रोक लगाउनेगरी काम भइरहेको बताउनुभयो। यसका लागि नगरपालिकाले कृषकलाई तरकारीको बिउको प्रबन्ध गरेको छ।

"आयातित तरकारी रोक्ने योजनामा छौँ। नगरपालिकाभित्र उत्पादन गर्नेगरी काम भइरहेको छ" उहाँले भन्नुभयो। कपास खेतीलाई पनि प्राथमिकतामा राखिएको छ। सोहीअनुसार नगरपालिकाले कृषकलाई कपास खेतीका लागि बिउको व्यवस्था गरेको छ। नगरपालिकाले रैथाने बाली कोदो र कागनो संरक्षणमा काम गरिरहेको छ।

रैथाने बाली उत्पादन गर्न कृषकलाई ५० प्रतिशत अनुदानमा नगरपालिकाले हाते ट्र्याक्टरको व्यवस्था गरेको छ। "कृषकले उत्पादन गरेको वस्तु नगरपालिकाले किन्छ। कहाँ बेच्ने त्यो नगरपालिकाको काम हो। कृषिमा नगरपालिकालाई आत्मनिर्भर बनाउने योजनाअनुसार काम गरिरहेका छौँ" उहाँले योजना सुनाउनुभयो। स्थानीय स्तरमा रोजगार सिर्जना गर्न उद्योग स्थापनामा समेत नगरपालिकाले हात हालेको छ। महिलालाई तालिम दिएर चप्पल उद्योग सञ्चालनमा ल्याइएको छ। होजियारी, सिलाइ कटाइ, साबुन बनाउने

लगायतका तालिम नगरपालिकाले दिएको छ ।

भौतिक पूर्वाधारको क्षेत्रमा पनि क्रमशः सुधारको सङ्केत देखिएको छ। सडक, खानेपानी, बिजुली, सिँचाइको क्षेत्रमा नगरपालिकाले काम सुरु गरेको छ। एक घर, एक धारा कार्यक्रमलाई सशक्त ढङ्गले अगाडि बढाइएको छ। नगरपालिकाले ३० रोपनी जग्गामा बसपार्क निर्माण थालेको छ । बसपार्कका लागि पाँच करोड रुपियाँमा जग्गा खरिद गरिएको हो । स्थानीय नागरिकलाई सेवा दिने उद्देश्यले नगर बस समेत सञ्चालनमा ल्याइएको छ। नगरपालिकाले आफ्नो नयाँ प्रशासकीय भवन पनि निर्माण गर्दैछ। नगर अस्पताल पनि निर्माणको चरणमा छ। भाइरल बनेको कोटभैरव झोलुङ्गे पुलमा पर्यटक भित्र्याउने योजना पालिकाले बनाएको छ । तत्कालीन राजाको दरबार जोड्ने डोटीको यो पुल अचेल भाइरल बनेको छ।



## दिपायल सिलगढी नगरपालिकाको लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा दिपायल सिलगढी नगरपालिकाको प्रत्येक वर्ष अङ्क बढेको छ । चार आर्थिक वर्षको लिजाको मूल्याङ्कन गर्दा दिपालय सिलगढीको लिजामा अङ्क बढेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा ५३.२५ प्रतिशत रहेकोमा आव २०७९/८० मा आइपुग्दा ६८.५ प्रतिशत पुगेको छ।

## पालिकाको दीर्घकालीन रणनीतिक विकास योजनामा उल्लेखित चुनौती

- मानवीय स्रोतको दक्षता र गुणस्तर अभिवृद्धि गरी उत्पादकत्व बढाउनुपर्ने,
- आर्थिक सामाजिक अवस्थालाई माथि उचाल्न र आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न भौतिक संरचनाको निर्माण, सम्वर्द्धन र संरक्षण गर्नुपर्ने,
- उपलब्ध प्राकृतिक स्रोत साधनको सम्वर्धन तथा दिगो रूपमा प्रयोग गर्नुपर्ने,
- भौगोलिक अवस्था तथा भूबनोट अनुसारको उत्पादन कार्यक्रमको प्रवर्द्धन
- व्यवस्थित सहर निर्माणको कार्य अघि बढाउनुपर्ने,
- कृषि तथा फलफूलको उत्पादन र उत्पादकत्व अभिवृद्धि र मूल्य अभिवृद्धि गर्नुपर्ने,
- जैविक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा हावापानीगत विविधताको दिगो उपयोगद्वारा पालिकालाई यस क्षेत्रको प्रमुख पर्यटकीय केन्द्रको रूपमा विकास गर्नुपर्ने,
- विविध खालका ऐतिहासिक तथा सांस्कृतिक सम्पदा सम्वर्द्धन र संरक्षण गर्नुपर्ने,
- योजनाको लक्ष्य हासिल गर्नेगरी नयाँ संरचनाको निर्माण तथा उपलब्ध संरचनाको समुचित प्रयोग गर्नुपर्ने,
- लगानी तथा प्रविधिको प्रयोगमा बढोत्तरी गरी उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्दै उत्पादित वस्तुको बजारमाथिको पहुँच बढाउनुपर्ने ।
- नगरपालिका भित्रका नागरिकको आय तथा सामाजिकस्तर उचाल्नुपर्ने ।
- महिला, अशक्त, अपाङ्गता भएका तथा आर्थिक सामाजिक रूपमा पछि परेका समुदायको उत्थान हुनुपर्ने ।

## लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ५३.२५ | ५८.३३ | ५४.४१ | ५० |
| २०७७/७८ | ५९.७५ | ६३.१ | ५७.३५ | ६० |
| २०७८/७९ | ६५ | ६४.२९ | ६१.७६ | ६७.७८ |
| २०७९/८० | ६८.५ | ६६.६७ | ७०.५९ | ६७.७८ |

## 'फ्रा'को स्थिति

दिपायल सिलगढीको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा' मध्यम जोखिम देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा उच्च जोखिममा थियो। यो आर्थिक वर्षमा २९.५ प्रतिशत थियो। ४० सम्मलाई उच्च जोखिम मानिन्छ। तर आर्थिक वर्ष २०७८/७९ मा मध्यम जोखिममा पुगेको छ। यो आर्थिक वर्षमा ४८ प्रतिशत थियो भने आर्थिक वर्ष २०७९/८० मा ५३.५ प्रतिशत पुगेको छ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | २९.५ | ३१.१३ | २३.०८ | २९.४१ |
| २०७८/७९ | ४८ | ५२.८३ | १९.२३ | ५१.४७ |
| २०७९/८० | ५३.५ | ५०.९४ | ४२.३१ | ६१.७६ |

## लेखा प्रणाली सुत्रमा

दिपायल सिलगढी नगरपालिकाले नेशनल ट्रेजरी लेगुलाटोरी एप्लिकेसन (सुत्र)मा आधारित लेखा प्रणाली कार्यान्यनमा ल्याएको छ। यो प्रणालीबाट वित्तीय नियन्त्रक र आर्थिक अनुशासन कायम गर्न, आर्थिक ऐन-नियम परिपत्रको पालना तथा वित्तीय तथ्याङ्कको आधार स्थापना गर्न पनि सुत्र उपयोगी रहेको नगरपालिकाको निष्कर्ष छ। पालिकाको लेखापाल भक्तराज भट्टले पूर्ण रूपमा सुत्र प्रणाली अपनाइएको बताउनुभयो।






८

# क्षमता विकास योजना तर्जुमा



जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि नगरी नगरको विकास सम्भव नभएको निष्कर्ष अछामको मङ्गलसेन नगरपालिकाले निकाल्यो । नगरपालिकामा स्थायी अस्थाई गरेर दुई सय कर्मचारी छन् । त्यसो भए कर्मचारीको कसरी क्षमता अभिवृद्धि गर्ने त ? नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आएपछि नगरले क्षमता विकास योजना तर्जुमा बनायो । योजनामा कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास गर्नका लागि तालिम प्रदान गर्ने विषय प्राथमिकताका साथ समेटियो । यसका लागि बजेटको व्यवस्था नगरपालिकाले गऱ्यो ।

तालिम नियमित सञ्चालन हुन थालेको छ । कर्मचारीमात्र होइन जनप्रतिनिधि पनि तालिममा सहभागी हुने गर्नुभएको छ । बजेट कसरी बनाउने ? नगरपालिकाले गरेका निर्णय कार्यान्वयन कसरी गर्ने ? बैठक सञ्चालन र निर्णयको तौरतरिका के हो ? लगायत विषयमा मङ्गलसेनका जनप्रतिनिधि र कर्मचारीले तालिमबाट क्षमता अभिवृद्धि गर्नुभएको छ । यसले सुशासनको पाटोमा ठूलो सहयोग मिलेको नगर प्रमुख पदमबहादुर बोहराको निचोड छ ।

क्षमता विकास योजनाअन्तर्गत पालिकाका विषयगत समितिका अधिकारीलाई तालिमको व्यवस्था गरिएको छ । “क्षमता विकास योजनाले नगरपालिकामा सुशासन कायम भएको छ” उहाँले भन्नुभयो । पालिकाले क्षमता विकासका लागि बर्सेनि करिब ३० लाख रुपियाँ विनियोजन गर्ने गरेको छ । नगरपालिकाले क्षमता अभिवृद्धि योजनामात्र होइन राजस्व सुधार र आवधिक योजनासमेत निर्माण गरेको छ । नगरपालिकाले सबै वडामा कर्मचारीको ई-हाजिरीको विकास गरेको छ ।



पदमबहादुर बोहरा
नगर प्रमुख

## छाउपडीमुक्त नगरपालिका

पहिलोपटक महिनावारी भएको समयमा छात्रालाई एक्लै गोठमा राख्ने कुप्रचलन अछाममा नभएको होइन । गोठमै किशोरीले ज्यान गुमाएका खबर बेलाबखत अखबारमा छापिन्छ । कुप्रथालाई कसरी अन्त्य गर्ने त ? निर्वाचित जनप्रतिनिधि आएपछि छाउपडी गोठ भेटिएमा भत्काउने अभियान सञ्चालन गऱ्यो । घरघरमा सचेतनामूलक कार्यक्रम पुऱ्यायो । यसको प्रभावले मङ्गलसेन नगरपालिकामा छाउपडी प्रथा न्यून हुँदै गयो । २०७६ सालमा नगरपालिकाले छाउपडीमुक्त पालिका घोषणा गऱ्यो । गोठमा किशोरीलाई राखिएको पाइएमा तत्काल 'एक्सन'मा उत्रने नीति पालिकाको छ। अचेल मङ्गलसेनका बस्तीमा किशोरीलाई गोठमा राख्ने प्रचलन नरहेको दाबी पालिकाको छ । भूमिविहीन बादी समुदाय पालिकाभित्र थिए । अरुको गोठमा बस्न बाध्य भएका बादी समुदायको व्यवस्थापन गर्न नगरपालिकालाई निकै चुनौती थियो । क्रमशः घर बनाइदिने नगरपालिकाले योजना बनायो । बादी समुदायका लागि नौवटा घर निर्माण गर्न लागेको नगरपालिकाले चारवटा घर बनाइसकेको छ । "बाँकी घर क्रमशः बनाउँदै जान्छौँ" नगर प्रमुख बोहराले भन्नुभयो ।

## खेतबारी बाँझो राख्न रोक

खेतबारी बाँझो छ । बजार आयातको भर छ । तरकारी बाहिरबाट ल्याउनुपर्छ । दाल चामलसमेत बोरामा आउन थाल्यो । यसलाई कसरी रोक्ने त ? नगरले खेतबारी बाँझो नराख्ने अभियान चलायो । 'बाँझो नराखौँ खेतबारी, हरियाली बनाऔँ' भन्ने नारा तय गरेर कृषिमा पालिकालाई आत्मनिर्भर बनाउने योजना छ । कृषिलाई व्यावसायिक बनाउन करेसाबारी बनाउनेदेखि बिउविजनको वितरणसम्मका कार्यपालिकाले गरिरहेको छ । कृषकलाई सिँचाइको प्रबन्ध नगरपालिकाबाट गरिएको छ। ठूला साना सिँचाइ आयोजना सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सरकारको सहयोगमा नगरपालिकाले निर्माण गरिरहेको छ। कृषकले उत्पादन गरेको बस्तु बजारीकरण गर्न वितरण केन्द्र नगरपालिकाले निर्माण गरेको छ। तर व्यवस्थापनमा भने समस्या देखिएको छ।

व्यवसायीले आयातित तरकारीलाई प्राथमिकता दिँदा स्थानीय कृषकले उत्पादन गरेको वस्तु ओझेलमा परेको नगरपालिकाका पदाधिकारीहरूको बुझाइ छ । कृषक र व्यापारीको तालमेल मिल्न सकेको छैन। यसको व्यवस्थापन गर्न लागिरहेको भनाइ पदाधिकारीको छ। विद्यालयमा दिवा खाजा कार्यक्रममा पनि स्थानीय चामल, दाल, तरकारी र घिउको व्यवस्था गरिएको छ । विद्यालयमा आयातित तरकारी प्रयोगमा रोक लागाइएको छ । एक वर्ष भयो मङ्गलसेनका सबै विद्यालयमा स्थानीय खाद्यान्नको प्रयोग गरिएको छ । कृषकलाई पशुपालनमा पनि नगरपालिकाले आकर्षित गरेको छ। नस्ल सुधारको लागि भारतबाट राँगो ल्याएर कृषकलाई नगरपालिकाले वितरण गरेको छ ।

## रोजगारी सिर्जना

पहिलो कार्यकालमा पनि निर्वाचित हुनुभएका नगर प्रमुख बोहराले नगरका सात सय जनालाई रोजगारी प्रदान गर्ने पहिलो निर्णय गर्नुभयो । चारैतिरबाट विरोध भएपछि उहाँले रोजगारीको कार्यक्रम स्थगित गर्नुभयो । केही समयपछि केन्द्र सरकारले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम ल्यायो । लगभग यस्तै मोडेलमा नगर प्रमुख बोहराले पनि युवालाई रोजगार दिन लाग्नुभएको थियो । "केन्द्र सरकारभन्दा हामी अगाडि थियौँ तर स्थानीय तहमा धेरै विवाद आएपछि विज्ञापन आह्वान गरेर पनि पछि हट्यौँ"



खगेन्द्रबहादुर सोडारी
**प्रमुख प्रशासकीय अधिकृत**

उहाँले सुनाउनुभयो । नगर प्रहरीदेखि प्रशासनिक कामसम्म रोजगारी सिर्जना गर्ने योजना उहाँको थियो । अहिलेसम्म अगाडि बढ्न सकेको छैन । आगामी दिनमा यो योजनालाई मूर्तरूप दिन उहाँ लाग्नुभएको छ ।

पहिलोपटक निर्वाचित भएर आएपछि सुरुका दिनमा कार्यालय कहाँ राख्ने ? कसरी ऐन नियम बनाउने भन्ने चुनौती थियो । स्थानीयले सात रोपनी जग्गा दान दिएपछि नगरपालिकाको भवन बन्यो । विस्तारै ऐन निर्माणमा पालिका जुट्यो । त्यसपछि नागरिकसँग जोडिएका विकासका काममा नगरपालिका लाग्यो । नगर भए पनि एक टोलबाट अर्को टोलमा पुग्न घण्टौ हिँड्नु पर्ने अवस्था थियो । सडक थिएन । नगरले सडकलाई प्राथमिकतामा राख्यो । अहिले १४ वटै वडामा सडक पुगेको छ । बिजुली पुगेको छ । बृहत् खानेपानी आयोजना निर्माण भइरहेको छ । एक घर, एक धारा कार्यक्रमलाई टुङ्गोमा पुऱ्याउने गरी नगरपालिकाले काम गरिरहेको छ । रोजगरका क्षेत्र खोजेर पालिकाले चप्पल, जुत्ता, दालमोठ, सिलाइ, वाइरिङ लगायतका तालिम पनि स्थानीयलाई दिएको छ ।

## विद्यालयमा छाना विस्थापित

बर्खामा पानी पर्दा कक्षा कोठामा पानी चुहिने समस्या देशभरिकै विद्यालयका हुन् । हावाहुरी चल्दा छानै उडाएर लैजाला झैँ हुने त स्वभाविक नै हो । विद्यालयको यो समस्या समाधान गर्न मङ्गलसेन नगरपालिकाले छाना विस्थापित गरिरहेको छ । ४९ वटा विद्यालयका भवन क्रमशः पक्की बनाउँदै लैजाने योजना नगरपालिकासँग छ । भवनका लागि केन्द्र र प्रदेश सरकारसँग पनि नगरपालिकाले साझेदारी गरिरहेको छ । "केही वर्षमा पूर्ण रूपमा विद्यालयको छाना हटाएर पक्की ढलानको भवन बनाउँछौँ" उहाँले भन्नुभयो । नगरपालिकाले प्रविधिमैत्री शिक्षाका लागि सबै विद्यालयमा इन्टरनेट पुऱ्याएको छ । माध्यमिक विद्यालयमा आईसीटी कक्षा सुरु गरिएको छ ।

## एक विद्यालय, एक नर्स

नगरले माध्यमिक विद्यालयमा 'एक विद्यालय, एक नर्स'को समेत व्यवस्था गरेको छ । १० वटा माध्यमिक विद्यालयमा नर्स राखिएको छ । सीपयुक्त शिक्षाका लागि नगरपालिकाले प्राविधिक शिक्षालयसमेत स्थापना गरिएको छ । हेल्थ असिस्टेन्ट र फार्मेसीको पठनपाठन प्राविधिक शिक्षालयमा सञ्चालन भइरहेको छ । यसलाई सुदूरपश्चिमकै प्राविधिक शिक्षालय बनाउने योजना पालिकाको छ । प्राविधि शिक्षालयले सुदूरपश्चिमका नौवटै जिल्लालाई कोटा निर्धाण गरिदिएको छ । प्राविधिक शिक्षालयप्रति सबै जिल्लाको अपनत्व होस् भनेर यसरी कोटा निर्धारण गरिएको हो ।

स्वस्थ नगर स्वस्थ नागरिक बनाउने परिकल्पना नगरपालिकाको छ । यसका लागि नगरपालिकाले टोल टोलमा पुगेर स्वास्थ्य शिविर सञ्चालन गरिरहेको छ । महिनाको एकपटक चिकित्सक सहितको टोली नगरवासीको स्वास्थ्य जाँचको लागि टोलमा पुग्ने गरेको छ । यसबाट ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकलाई सहज भएको छ । नगरपालिकामा १४ वटा वडा भए पनि १७ वटा स्वास्थ्य चौकी छन् । एक टोलबाट अर्को टोलमा जान समय धेरै लाग्ने भएकाले नागरिकलाई स्वास्थ्यको पहुँच पुऱ्याउने उद्देश्यले नगरपालिकाले वडाको सङ्ख्याभन्दा स्वास्थ्य चौकीको सङ्ख्या विस्तार गरेको हो ।

सुत्केरी बेथा लागेपछि अस्पताल लैजान नगरपालिकाले निःशुल्क एम्बुलेन्सको प्रबन्ध गरेको छ । सुत्केरी महिलालाई पोषिलो खानेकुरा पनि नगरपालिकाले

दिँदै आएको छ। नगरपालिकाले नयाँ अभ्यास थालेको छ- बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराए थप पाँच सय रुपियाँ प्रोत्साहन भत्ता उपलब्ध गराउने । यो कार्यक्रमले परिवारले समयमै बच्चाको जन्मदर्ता गराउने गरेको पाइएको छ। जलवायु परिवतर्नको चपेटमा नगरपालिकाका पोखरी पर्न थाले । जङ्गल भित्रको पोखरी पनि सुक्न थालेपछि नगरपालिकाले संरक्षण अभियान सञ्चालन गरेको छ । पर्यटन विकास पूर्वाधार कार्यक्रमअन्तर्गत पोखरी संरक्षण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत खकेन्द्रबहादुर सोडारीले बताउनुभयो । "जङ्गलमा रहेका पोखरीसमेत सुक्न थालेपछि संरक्षणमा जुटेका छौँ । पोखरीमा पानी रिचार्ज गरिरहेका छौँ" उहाँले भन्नुभयो ।

चोरीका घटना निकै बढ्न थालेपछि तनाव सिर्जना हुन थाल्यो । चोर कसरी पत्ता लगाउने ? सडक दुर्घटना भयो । सवारीको पहिचान कसरी गर्ने ? हिंसाका घटना भए । अपराधी कसरी पत्ता लगाउने ? यिनै समस्याको समाधान गर्न नगरपालिकाले मुख्य चोकमा सीसी क्यामेरा जडान गर्ने निर्णय लियो। सीसी क्यामेरा जडान गरेपछि अपराधिक घटनामा न्यूनीकरण आएको नगरपालिकाको विश्लेषण छ। नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन प्रत्येक वडामा प्रहरी चौकी राख्ने योजना नगरपालिकाले बनाएको छ।

### मङ्गलसेनको लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) मा मङ्गलसेन नगरपालिकाले राम्रो अङ्क पाएको छ । प्रत्येक आर्थिक वर्षमा मङ्गलसेनको लिजा अङ्क बढेको छ। आर्थिक वर्ष २०७६/७७ मा ५१.५ प्रतिशत रहेकोमा आव २०७९/८० मा आइपुग्दा औसतमा ७६ प्रतिशत पुगेको छ।

### चार आर्थिक वर्षको लिजा

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ५१.५ | ४७.६२ | ५० | ५४.४४ |
| २०७७/७८ | ६७.७५ | ५८.३३ | ६९.१२ | ७१.११ |
| २०७८/७९ | ६७.२५ | ७५ | ६३.२४ | ६६.६७ |
| २०७९/८० | ७६ | ८५.७१ | ७२.०६ | ७४.४४ |

### मङ्गलसेनको 'फ्रा'को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा'मा मङ्गलसेन मध्यम जोखिममा छ । फ्राको तथ्याङ्क मूल्याङ्कनमा क्रमिक रूपमा सुधार भएको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा जोखिम ५५ प्रतिशत रहेकोमा आव २०७९/८० मा ७२.५ प्रतिशत पुगेको छ।



| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ५५ | ५२.८३ | ५३.८५ | ५८.८२ |
| २०७८/७९ | ६३.५ | ६६.९८ | ६५.३८ | ५७.३५ |
| २०७९/८० | ७२.५ | ७६.४२ | ४६.१५ | ७६.४७ |

९

# स्वमूल्याङ्कनमा बेदकोटको छलाङ



कञ्चनपुरको बेदकोट नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनवापत औषतमा ८७ दशमलव २५ प्रतिशत प्राप्त गरेको छ । पालिकाले समग्र स्थितिका लागि ९४ दशमलव शून्य पाँच प्रतिशत, प्रक्रियागत स्थितिका लागि १२ दशमलव ६५ प्रतिशत र परिमाणात्मक स्थितिका लागि ८० प्रतिशत प्राप्त गरेको छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अर्थात् लिजाका लागि पालिकाले तोकिएका आधारमा आफ्नो मूल्याङ्कन आफैँले गर्न पाउने व्यवस्था छ। यसका विभिन्न सूचक छन् । बेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्टले एक सय पूर्णाङ्कमा आफूहरूले प्राप्त गरेको प्राप्ताङ्कप्रति आत्मसन्तुष्ट रहेको प्रतिक्रिया दिनुभयो। "आवश्यक प्रमाण पेस गरेर यतिका अङ्क दावी गरेका हौँ" उहाँले थप्नुभयो, "अझै धेरै काम गर्न बाँकी छ तर पाएको प्राप्ताङ्कप्रति आत्मसन्तुष्टि छ।"

नगरपालिकाले आवधिक योजना पनि निर्माण गरेको छ । आर्थिक वर्ष २०७८।७९ देखि लागू भएको पञ्चवर्षीय योजनालाई टेकेर वार्षिक योजना तथा कार्यक्रम बनाउने गरिएको छ । बेदकोट नगरपालिकाको आन्तरिक आय वृद्धिका लागि राजस्व सुधार योजना पनि निर्माण गरिएको छ। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँगको सहजीकरणमा आर्थिक वर्ष २०७९।८० मा योजना तयार गरिएको हो। नगरपालिकाको आम्दानी झन्डै साढे तीन करोड रुपियाँ छ। आम्दानी वृद्धिका लागि राजस्व सुधार योजनालाई पनि आधार मानेर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस सन्दर्भमा विभिन्न वडामा घुम्ती शिविर सञ्चालन गर्ने गरिएको छ। खटिएको टोलीले स्थलगत रूपमा दर्ता नभएका फर्मलाई ठाउँको ठाउँमै दर्ता गर्ने, फर्म नवीकरण भए नभएको हेर्ने, नभएको भए त्यहीँ नवीकरण गर्ने दर्ता गर्ने गरिएको छ। यो विधिबाट राजस्वको दायरामा नआएकाहरू धमाधम दायरामा आउन सफल भएका छन् भने यसबाट राजस्वमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ।

विकास निर्माणसम्बन्धी सम्पूर्ण कार्य योजना बनाएर सञ्चालन गर्ने अभ्यास थालिएको छ । शैक्षिक सुधारका लागि पनि गत २०७९ र २०८० सालको शैक्षिक सत्रमा सबै सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरिएको थियो। नगरपालिकाबाट बजेटको व्यवस्था गरेर तीन महिना अतिरिक्त कक्षा सञ्चालन गरिएको थियो । जसले गर्दा अहिले कक्षा ८ र १० को नतिजामा सामान्य सुधार भएको छ। सामुदायिक विद्यालयका विद्यार्थीलाई आफू अध्ययनरत विद्यालयमा विहान साँझ थप कक्षा सञ्चालन गरिएको



**पदमराज भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

थियो । विद्यालय समय अघि र पछि अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको कक्षा सञ्चालन गरिएको थियो । सकभर सम्बन्धित विद्यालयका शिक्षकलाई नै परिचालन गरिएको थियो । घर टाढा भएका वा विभिन्न कारणले समय दिन नसक्ने शिक्षक भएका हकमा अन्य शिक्षक व्यवस्थापन गरिएको थियो ।

सामुदायिक विद्यालयमा आधारभूत र माध्यमिक तहका शिक्षक दरबन्दी मिलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहमा कम शिक्षक दरबन्दी रहेको छ । दरबन्दी मिलान गरेपछि अपुग भएको दरबन्दीका लागि नगरपालिकाले अनुदान दिने रणनीति अवलम्बन गरिएको छ । खाजाको व्यवस्थापन विद्यालयले राम्रैसँग गरेका छन् । रकम थोरै भयो, खाजा पुग्दैन भन्ने गुनासो आएको छैन । "अनुगमनमा जाँदा सबैले रमाएर खाजा खाएकै देख्छौँ । गुनासो त सुन्न पाएका छैनौँ" नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्टले बताउनुभयो । खाजाका लागि सातागत तालिका बनाइएको छ ।

प्रदेश सरकारको विशेष अनुदानमा यस वर्ष चारवटा विद्यालयलाई स्मार्टबोर्डसहितको कक्षाकोठामा रूपान्तरण गरिँदैछ । कक्षा ८,९ र १० मा स्मार्टबोर्डका माध्यमबाट सूचना प्रविधिको प्रयोग गरी सिकाइ अभिवृद्धि गर्ने योजना सबै वर्षबाट सुरु हुँदैछ । अन्य सबै सामुदायिक विद्यालयमा कम्प्युटरको व्यवस्था छ । त्यसलाई शिक्षकले पठनपाठनमा प्रयोग गर्न सकेको अवस्था भने छैन । जडेपानीमा रहेको वैजनाथ मावि जिल्लाकै एकमात्र नमुना विद्यालय हो ।


राजस्व वडा कार्यालयबाट सङ्कलन गर्ने गरिएको छ । अनलाइनमाध्यमबाट सङ्कलन हुन्छ । राजस्व सङ्कलन कार्यलाई सजिलो बनाइएको छ । "राजस्व बढाउनेभन्दा पनि दायरा बढाउनेतिर नगरपालिकाको ध्यान केन्द्रीत भएको हुनाले सस्तो र सजिलो बनाउन खोजिएको छ" उहाँले भन्नुभयो । जेष्ठ नागरिकलाई वडा वा टोलटोलमा भत्ता वितरण गरिन्छ । अनलाइनबाटै वितरणको व्यवस्था गरिएको छ । जेष्ठ नागरिकका निम्ति यस वर्ष आँखा शिविर सञ्चालन गरिएको थियो । जेष्ठ नागरिकलाई झन्डै तीन हजार थान चस्मा वितरण गरिएको थियो ।

बेदकोट नगरपालिकामा चक्रपथ छ तर निर्माण सम्पन्न भइसकेको छैन । चक्रपथको डिजाइन भइसकेको छ । त्यसको केही खण्डमा कालोपत्रे भएको छ । क्रिकेट स्टेडियम र कभर्डहल बनेका छन् तर पूरा भइसकेका छैनन् ।

पालिकाका उपप्रमुख तुलसी जोशी विगतमा न्यायिक समितिका मेलमिलापकर्ता हुनुहुन्थ्यो । अब उहाँ त्यसको संयोजक हुनुभएको छ । अनुभवले गर्दा उहाँले यतिबेला न्यायिक समितिलाई गति दिन सक्नुभएको छ । १० वटै वडामा मेलमिलाप समिति गठन गरिएको छ । धेरै घटना त्यहीँ मिलाइन्छ । वडामा नमिलेका वा मिल्न नसकेका विवाद सिफारिस भई समितिमा पठाइन्छ । पहिले समस्या सिधै समितिमा पुग्थे । त्यसो हुँदा दैनिक जसो लफडा हुन्थ्यो तर अहिले वडामा नै मिलापत्र गराइने भएकाले नगरपालिकामा विगतमा जस्तो समस्या हुँदैन । "अहिले धेरै समस्या उतै सकिने भएकाले नमिलेका बल्ल यहाँ आउँछ । त्यसैले सङ्ख्या घटेको छ" उहाँले भन्नुभयो । अचेल वर्षमा ५० देखि ६० वटा विवाद नगरपालिकासम्म आइपुग्छ । मेलमिलाप गराएमा मेलमिलापकर्तालाई पाँच सय रुपियाँ पारिश्रमिक उपलब्ध गराउने नीति लिइएको छ । तर जतिसुकै मेलमिलाप गराए पनि बढीमा दुई वटाको मात्र रकम उपलब्ध गराइन्छ । एउटा वडामा एक जना मेलमिलापकर्ताको व्यवस्था गरिएको छ ।

१०

# लैङ्गिक हिंसामुक्त बान्नीगढी जयगढ



अछामको बान्नीगढी जयगढ गाउँपालिका कार्यालयको पहिलो तलाको भित्तामा १९ बुँदे लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचारसंहिता टाँसिएको छ । लैङ्गिक हिंसामुक्त पालिका बनाउन आचारसंहिता अक्षरसः पालना गर्ने प्रतिबद्धतासहित जनप्रतिनिधि र कर्मचारीको हस्ताक्षर छ ।

"लैङ्गिक तथा विभेदपूर्ण शब्द तथा व्यवहार गर्ने छैनौं । अस्वाभाविक व्यवहार तथा शब्दावली प्रयोग गर्ने छैनौं" आचारसंहितमा लेखिएको छ। जेष्ठ नागरिक, यौनिक तथा अल्पसङ्ख्यक, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक व्यवहार गर्ने प्रतिबद्धता आचारसंहितमा उल्लेख छ । लिङ्ग तथा जातीयताको आधारमा कुनै पनि व्यक्तिको कार्य क्षमताप्रति शङ्का तथा उपशङ्का गर्न समेत आचारसंहिताले रोक लगाएको छ। "गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त बनाउने योजना हो । आचारसंहिता पालना नगरे तत्काल कानुनबमोजिम कारबाही गर्ने नीति छ" गाउँपालिका अध्यक्ष टेकबहादुर साउदले भन्नुभयो ।

यसका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाइएको छ । विभेदरहित



**बिन्दु रावल**
**गाउँपालिका उपाध्यक्ष**

समतामूलक समृद्ध समाजको परिकल्पना नीतिको छ । लैङ्गिक हिंसा निवारण कोषसमेत स्थापना गरिएको छ । कोषबाट हिंसामा परेका नागरिकलाई तत्काल उद्धार तथा राहतको व्यवस्था गरिएको छ । नीति नै बनाएर काम गरेपछि गाउँमा हिंसाको घटनामा न्यूनीकरण आएको गाउँपालिकाको विश्वास छ । "कतै हिंसा भयो भने तत्काल कानुनी कारबाही हुन्छ । वडा वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छौँ" गाउँपालिकाका उपाध्यक्ष बिन्दु रावलले भन्नुभयो ।

## हाहाकारबाट मुक्त

सुदूरपश्चिमको पहाडी क्षेत्रका धेरै गाउँपालिकामा खानेपानीको समस्या छ । त्यसैले खानेपानी वितरणलाई लिएर अधिकांश गाउँपालिकामा समान अभियान देख्न पाइन्छ- एक घर, एक धारा । हो, पिउने पानी भएन भने के होला ? आँत भिजाउन एक गाग्री पानीका लागि घण्टौं हिँड्नु पर्ने अवस्था सुखद हुँदैन । पानी थाप्न फेरि घण्टौँ लाइनमा बस्नु पर्ने अर्को पीडा ।

पानीका लागि अछामको बान्नीगढी जयगढ गाउँपालिकाका स्थानीय पिउने पानीको लागि सङ्घर्ष गर्न विवश थिए । गाउँवासीलाई पानीको व्यवस्था कसरी गर्ने त ? निकै टाउको दुःखाइको विषय बन्दै आएको थियो । स्थानीय सरकारले पानीको सङ्कट मोचन गर्ने नीति बनायो । जसरी पनि पिउने पानीको व्यवस्था गर्ने लक्ष्यसाथ गाउँपालिका अगाडि बढ्ने भयो । योजना त बन्यो तर बजेट छैन । कसरी एक घर एक धाराको कार्यक्रम सफल बनाउने त भन्नेमा माथापच्चीसी हुन थाल्यो । केन्द्र र प्रदेश सरकारसँग हारगुहार गरेर गाउँपालिकाले बजेटको व्यवस्थापन जसोतसो गर्‍यो । २०८१ सालको असारभित्र स्थानीयको घरघरमा पानी पुर्‍याउने अन्तिम तयारीमा गाउँपालिका छ । "पानीको हाहाकार थियो । असारसम्म घरघरमा पानी पुग्ने" गाउँपालिका अध्यक्ष टेकबहादुर साउदले भन्नुभयो ।

कुनै बेला बजारका चोक चोकमा फोहरको डङ्गुर थियो । जथाभावी फालिएको फोहोरले गाउँपालिकाका बस्ती नै कुहरू त देखिएको थियो नै रोगव्याधिको जोखिम पनि उत्तिकै थियो । यसको व्यवस्थापन कसरी गर्ने त ? जनप्रतिनिधि निर्वाचित भएर आएपछि गाउँपालिकामा घनिभूत छलफल चल्यो । ल्यान्डफिल साइट निर्माण गर्ने निर्णय गाउँपालिकाले गर्‍यो । अचेल जथाभाबी फोहोर देखिँदैन । ल्यान्डफिल साइटमा फोहोर विसर्जन गर्न थालिएको छ । "कुहिने र नकुहिने फोहोर छुट्याएर विसर्जन गर्ने गरिएको छ । हामी आएपछि यो काम गरेका हौँ" उपाध्यक्ष रावलले भन्नुभयो । फोहोर व्यवस्थापन गरेसँगै रोग फैलने जोखिम कम भएको छ ।

## उपाध्यक्ष पोषण कोसेली

गाउँमा कुनै महिला गर्भवती भएमा पोषण सामग्री लिएर गाउँपालिकाका प्रतिनिधि पुग्छन् । स्वास्थ्यकर्मीसहितको टोली घरघरमा पुगेर गर्भवती महिलाको स्वास्थ्य परीक्षणका साथै 'उपाध्यक्ष कोसेली' कार्यक्रमअन्तर्गत पोषणका सामग्री दिइने गरिएको छ । अन्डा, तेल, नुन, फलफूल, साबुन सहितका सामग्री गर्भवती महिलालाई गाउँपालिकाले उपलब्ध गराउँछ । सुत्केरी हुनअघि आठपटक स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गर्नुका साथै आठपटक नै आयोडिन नुन दिइने गरेको छ ।

सुत्केरी भएपछि डिस्चार्ज हुने बेलामा आम र बच्चालाई लुगासहित रकम पनि गाउँपालिकाले दिने गरेको छ । छवटै वडामा सुरक्षित प्रसूती सेवा गाउँपालिकाले



**टेकबहादुर साउद**
**गाउँपालिका अध्यक्ष**

सञ्चालन गरेको छ । उँलाई पोषणमैत्री बनाउने योजना गाउँपालिकाको छ । असारभित्र वडा नम्बर १ र ४ लाई पूर्ण पोषणयुक्त वडा घोषणा गर्ने तयारी गाउँपालिकाको छ । स्थानीय सरकार आउनुअघि औषधिको अभाव हुने गरेको गुनासो आउने गरेको थियो । "अचेल औषधिको अभाव छैन । पर्याप्त मात्रमा औषधिको प्रबन्ध गरेका छौँ" प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर रावलले भन्नुभयो ।

क र ख वर्गका अपाङ्ता भएकालाई केन्द्र सरकारले नै भत्ता उपलब्ध गराए पनि ग र घ वर्गकालाई भने वर्षको एकपटक गाउँपालिकाले भत्ता दिने गरेको छ । थोरै भए पनि राहत मिलोस् भनेर गाउँपालिकाले वर्षको एकपटक एक हजार रुपियाँका दरले भत्ता दिने गरेको छ । केन्द्र सरकारबाट आउने ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता बैंकमार्फत गाउँपालिकाले उपलब्ध गराउने गरेको छ ।

## अध्यक्ष स्वरोजगार कार्यक्रम

युवा विदेश पलायन बढ्दो छ । युवालाई कसरी गाउँमा टिकाउन सकिन्छ भन्ने उपाय देशका सबै जसो गाउँपालिकाले सोच्दै आएका छन् । गाउँमै रोजगारीको सिर्जना गर्ने योजना बान्नीगढी जयगढ गाउँपालिकाले तयार गरेको छ । अध्यक्ष स्वरोजगार कार्यक्रम सञ्चालन गरेको छ भने बेरोजगार भएर बसेका र गाउँमै केही गर्छु भन्नेलाई गाउँपालिकाले यस कार्यक्रमअन्तर्गत सहयोग गरिरहेको छ । कृषि र पशुपालनमा बिउविजन वितरण, बाख्रा वितरण, फर्म बनाउन आर्थिक सहयोग गाउँपालिकाले गरिरहेको छ । आलुको पकेट क्षेत्र बनाएर टनेल बनाउन कृषकलाई सहयोग पालिकाले गरेको छ । रैथाने बालीको बिउ संरक्षणको काम पनि भइरहेको छ ।

कोदो, फापर, मकै, जौ लगायतका अनाजको संरक्षणमा पालिका जुटेको छ । यसका लागि खेतबारी बाँझो नराख्ने नीति छ । पाउरोटी र बेसार उद्योगसमेत सञ्चालनमा छ । उद्योगमा महिलाले रोजगार पाएका छन् । स्वीटर, चप्पल, चोया, दुना टपरी बनाउने तालिम पनि गाउँपालिकाले दिने गरेको छ । यसबाट स्थानीयको आयआर्जनमा वृद्धि भएको छ ।

बसाइँसराइले विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून हुन थाले । कुनै विद्यालयमा विद्यार्थी धेरै शिक्षक कम र कतै शिक्षक धेरै विद्यार्थी कम । खस्कदो शैक्षिक गुणस्तर । यी समस्याको समाधान गर्न गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग सम्झौता नै गर्‍यो । २३६ दिन विद्यालय सञ्चालन हुनै पर्ने, नियमित पठनपाठन, समयमा परीक्षा र नतिजा सार्वजनिक गर्नेगरी सम्झौता भयो । यो सम्झौतासँगै आगामी वर्षदेखि गुणस्तरमा सुधार आउने अपेक्षा गरिएको छ । विद्यार्थी र शिक्षकको अनुपात कसरी मिलाउने ? यसका लागि गाउँपालिकाले विद्यालय गाभ्ने नीति अगाडि सारेको छ । आठवटा विद्यालयलाई गाभिएको छ । गाउँपालिकामा २१ वटा विद्यालय छन् । विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन आठ कक्षाको परीक्षा गाउँपालिकास्तरीय बनाइएको छ । एउटा विद्यालयलमा विद्यालय नर्सको व्यवस्था गरिएको छ । अन्य विद्यालयमा क्रमशः नर्स राख्दै जाने योजना छ ।

शिक्षक वा अभिभावकबाट हिंसामा परेका विद्यार्थी खुलेर बोल्न पनि सक्दैनन् । शिक्षकबाट झन डराउँछन् । कसलाई भन्ने ? कसलाई सुनाउने ? यो समस्या समाधान गर्न विद्यालयमा उजुरी पेटिका राखिएको छ । विद्यार्थीले आफू हिंसा वा समस्यामा परेका उजुरी पेटिकामा लेखेर

हाल्न सक्छन् । विद्यालयमा रहेको सुनुवाइ समितिले उजुरी पेटिका खोलेर समस्याको निहरूण गर्ने गरेको छ । यसबाट विद्यालयमा हुने हिंसा न्यूनीकरण गर्ने प्रयास गरिएको छ ।

पालिकाले अनाथ, असाय, गरिव, विपन्न परिवारका बालबालिकालाई छात्रवृत्ति दिने गरेको छ । बालबालिका विद्यालयबाहिर नराख्ने नीति पालिकाको छ । खेलकुदको क्षेत्रमा पनि बर्सेनि गाउँपालिकाले लगानी गर्दै आएको छ । यो वर्ष खेलकुदका लागि २५ लाख रुपियाँ छुट्टाइएको छ । अध्यक्ष भलिबल प्रतियोगिताको आयोजना गाउँपालिकाले गर्दै आएको छ । यसरी हरेक क्षेत्रमा विकासको ढोका खोल्दै गएको बान्नीगढी जयगढ गाउँपालिकाले विकासका लागि आवधिक योजना पनि बनाएको छ । आवधिक योजनामा समृद्धिको आधार बान्नीगढी सरकार भन्ने नारा तय गरेको छ । आवधिक योजनामा दीर्घकालीन योजना समेटिएको छ । चालु आर्थिक वर्षमा ४० करोड बजेट ल्याएको गाउँपालिकाले आगामी वर्षबाट आवधिक योजना अनुसार बजेट निर्माण गर्ने रणनीति छ ।

## बान्नीगढी जयगढको लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा बान्नीगढी जयगढ गाउँपालिकामा क्रमशः सुधार देखिन थालेको छ । आर्थिक वर्ष २०७६/७७ मा ३५.७५ प्रतिशत रहेकोमा आव २०७९/८० मा आइपुग्दा ८१.५ प्रतिशत पुगेको छ ।

## चार आर्थिक वर्षको लिजा

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ३५.७५ | ३४.५२ | ३०.८८ | ४० |
| २०७७/७८ | ३६.२५ | २५ | २५ | ५० |
| २०७८/७९ | ५२.२५ | ६०.७१ | ३६.७६ | ६० |
| २०७९/८० | ८१.५ | ८५.७१ | ६७.६५ | ९० |

## बान्नीगढी जयगढको 'फ्रा'को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा'मा बान्नीगढी जयगढ उच्च जोखिमबाट मध्यम जोखिममा पुगेको छ । अर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा उच्च जोखिममा थियो । जसमा ३९.५ र ३६ प्रतिशत थियो । ४० भन्दा मुनीलाई उच्च जोखिम मानिन्छ । तर आव २०७९/८० मा भने उकालो लागेर ५४ प्रतिशतमा पुगेको छ । यसलाई मध्यम जोखिम मानिन्छ ।



| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ३९.५ | ३६.७९ | ३८.४६ | ४४.१२ |
| २०७८/७९ | ३६ | ३३.०२ | २३.०८ | ४५.५९ |
| २०७९/८० | ५४ | ५६.६ | ५३.८५ | ५० |

# ११

# श्रम सहकारी, घरघरमा रोजगारी



सहकारी शब्द झट्ट सुन्दा आर्थिक कारोबार गर्ने संस्था हो भन्ने त पक्कै लाग्छ । तर दार्चुलाको नौगाड गाउँपालिकामा भने श्रम सहकारीको शब्दार्थ फरक छ । यो सहकारीले आर्थिक कारोबार गर्दैन । श्रमको कारोबार गर्छ । अर्थात् बेरोजगारलाई रोजगारी दिन्छ ।

नौगाड गाउँपालिकामा श्रम सहकारीको अवधारणाको 'पिता'का रूपमा वर्तमान जनप्रतिनिधिलाई मानिएको छ । स्थानीय तहको निर्वाचनबाट अध्यक्षमा दलजित सिंह धामी र उपाध्यक्षमा जगतसिंह ठगुन्ना निर्वाचित हुनुभयो । उहाँहरूले प्रत्येक घरमा एक जनालाई रोजगार दिन श्रम सहकारीको अवधारणा अगाडि सार्नुभयो । सुदूरपश्चिम प्रदेशमै श्रम सहकारीको अभ्यास नयाँ हो ।

श्रम सहकारी बन्नुअघि उपभोक्ता समिति थियो । यो समितिमा निश्चत व्यक्ति वा पार्टी निकटका मात्र सहभागी हुने गरेका थिए । प्रत्येक घरका एक व्यक्तिलाई समेट्ने गरी गाउँपालिकाले कार्यविधि बनायो । कार्यविधिअनुसार अब श्रम सहकारी टोल टोलमा खडा गरिएको छ । छवटा वडा रहेको नौगाडको प्रत्येक टोलमा गरेर ६७ वटा श्रम सहकारी बनाइएको छ ।

श्रम सहकारीमा न्यूनतम ३० सदस्य हुन्छन् । कार्यसमितिमा सातदेखि ११ जना सदस्य रहन्छन् । "श्रम गर्न सक्ने मानिसको संगठन हो" गाउँपालिका अध्यक्ष धामीले भन्नुभयो । टोलमा भौतिक पूर्वाधार वा सामाजिक कार्यका लागि बजेट विनियोजन भएपछि श्रम सहकारीले काम



**जगतसिंह ठगुन्ना**
**गाउँपालिका उपाध्यक्ष**

गर्छ । श्रम सहकारीमा आवद्ध व्यक्तिले परिश्रम गरेवापत पारिश्रमिक पाउनुहुन्छ । सडक, खानेपानी, जलविद्युत् लगायतका आयोजनामा समेत श्रम सहकारीमार्फत स्थानीयले काम गर्न पाउँछन् । निर्वाचनमा मत दिएकाले मात्र वा जनप्रतिनिधि आबद्ध दलका व्यक्तिलेमात्र नभई फरक विचारधारा राख्ने वा मत नदिएकाले पनि रोजगारी पाउने अवस्था सुनिश्चित गरिएको छ । पहिले उपभोक्ता समिति हुँदा अनियमितताको गुनासो आउने गरेको थियो तर श्रम सहकारीबाट काम हुन थालेपछि भ्रष्टाचार र अनियमितताको गन्ध आएको छैन ।

"श्रम सहकारीले सुशासन र पारदर्शीता कायम गरेको छ । उपभोक्ता समिति हुँदा एउटा पार्टीको मान्छेले मात्र काम पाउँथे । अहिले प्रत्येक घरको एक जनाले काम पाएका छन्" उहाँले भन्नुभयो । एकाध हप्तामा सकिने आयोजना भए पनि आलोपालो गरेर एक दिन काम गर्न पाइने प्रावधान छ । यसरी काम गर्दा नौगाडमा विकासको काम छिटो भएको र बेरोजगार बस्नुपर्ने दिनको पनि अन्त्य भएको दावी गरिएको छ । यो कार्यक्रम लागू भएपछि दुई हजार २०७ जना स्थानीय लाभान्वित भएका छन् ।

नौगाडको पाँचवटा वडामा अल्लो प्रशोधन केन्द्र छ । प्रशोधन केन्द्रमा युवाले काम गरिरहेका छन् । प्रदेश सरकारसँग साझेदारी गरेर आफ्नै घर आँगनमा बसेर युवालाई उद्यमी बनाउने नीति गाउँपालिकाको हो । अल्लोबाट धागो र कपडा बनाउन सकिन्छ ।

गाउँपालिकाले ड्राइभिङ, सिलाइकटाइ, अचार बनाउने जस्ता तालिम पनि प्रदान गर्दै आएको छ । हातमा सीप भयो भने आय आर्जन गर्न सकिने निचोड निकालेर गाउँपालिकाले बर्सेनि तालिम दिने गरेको छ । युवालाई कृषिमा आकर्षण गर्ने नीति गाउँपालिकाको छ । बाख्रा पालनका लागि फर्म खोल्न अनुदानको व्यवस्था गरिएको छ । अचेल गोरु पाल्न महंगो र काममा जोत्न ढिला हुने भएकाले कृषकलाई हाते ट्याक्टर गाउँपालिकाले अनुदानमा दिँदै आएको छ । गहुँ चुट्नका लाथि थ्रेसरसमेत गाउँपालिकाले उपलब्ध गराउँछ । "पढेलेखेका युवालाई कृषिमा आकर्षण गर्न खोजेका छौँ । कृषिमा नौगाडलाई आत्मनिर्भर बनाउन उत्पादनमा जोड दिएका हौँ" गाउँपालिका उपाध्यक्ष ठगुन्नाले भन्नुभयो ।

## तथ्याङ्कमा श्रम सहकारी

- श्रम सहकारीको सङ्ख्या- ६७
- एक सहकारीमा न्यूनतम सदस्य सङ्ख्या- ३०
- कार्यसमिति सदस्य- ११ जना
- लाभान्वितको सङ्ख्या- २२०७
- महिला- १३०५
- पुरुष- ९०२

स्थानीय आर्थिक विकासको मेरुदण्डको रूपमा गाउँपालिकाले कृषिलाई लिएको छ । रैथाने बाली कोदो, फापर र तरकारीको बजारीकरण गर्ने योजना गाउँपालिकाको छ । खाद्यान्न र तरकारीको सङ्कलन केन्द्र गाउँपालिकाले बनाएको छ । कोल्डस्टोरमा राखेर 'अफसिजन'मा पनि बिक्री वितरण गरी स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्य गाउँपालिकाको छ । कृषकले आफूले उत्पादन गरेको अनाजको बजार नपाएकै कारण अफ्ठ्यारो भएको महशुस गरेर गाउँपालिकाले बजारीकरण गर्ने योजना तयार गरेको हो ।

सिँचाइको व्यवस्था गर्न पालिका जुटेको छ । नौगाड



दलजितसिंह धामी
गाउँपालिका अध्यक्ष

नदीबाट पानी पम्पिङ गरी माथि गाउँ गाउँमा लैजाने योजना गाउँपालिकाको छ । यसको लागि बजेट व्यवस्थापनमा गाउँपालिका लागेको छ। स्थानीय आर्थिक विकासअन्तर्गत नै भैंसी पालनमा कृषकलाई गाउँपालिकाले प्रोत्साहन गरेको छ । दुईवटा भैंसी पाल्ने कृषकलाई अनुदान दिने र गोठ बनाउन सहयोग गर्ने योजना बनाइएको छ। दूध सङ्कलन केन्द्र बनाएर बजारसम्म पुऱ्याउन सहजीकरण पालिकाले गर्नेछ। हाल नौगाड हुँदै सदमुकाम खलङ्गा जोड्ने सडक निर्माण भइरहेकाले यो सडक बनिसकेपछि सदरमुकाम जान पनि सहज हुने र स्थानीय कृषकले उत्पादन गरेको वस्तुको बजार विस्तार हुने अपेक्षा गाउँपालिकाको छ । प्रदेश सरकारको गौरवको आयोजनाअन्तर्गत यो सडक निर्माण भइरहेको हो ।

## विधुर भत्ता

ज्येष्ठ नागरिक र एकल महिलालाई त केन्द्र सरकारले भत्ताको व्यवस्था गरेको छ। तर नौगाडले एकल महिला जस्तै पत्नी गुमाएका वा विवाह नगरी बसेका एकल पुरुषलाई पनि भत्ता दिने गरेको छ । त्यतिमात्र होइन ३५ वर्ष पूरा भई विवाह नगरेका महिलाका लागि पनि गाउँपालिकाले भत्ताको व्यवस्था गरेको छ । एकल पुरुष दलितको हकमा ५५ देखि ६० र गैरदलितको हकमा ६० देखि ६८ उमेर समूहकालाई मासिक पाँच सय रुपियाँ भत्ताको व्यवस्था गरिएको छ ।

यसरी भत्ता बुझ्नेहरू ४३ जना छन् । अन्यको हकमा भने केन्द्र सरकारले तोकेबमोजिम हुने छ । "विवाह नगरेको महिला पुरुष र पत्नी गुमाएका पतिलाई जीवनयापनमा सहज होस् भनेर भत्ताको व्यवस्था गरेका हौँ" गाउँपालिका अध्यक्ष धामीले बताउनुभयो । अशक्त, अपाङ्गता भएका र बैंकमा जान नसक्ने ज्येष्ठ नागरिकलाई उनीहरूले इच्छाएको र नाता प्रमाणित गरेर परिवारको अन्य सदस्यले भत्ता बुझिदिन पाउने व्यवस्था गाउँपालिकाले गरेको छ। त्यस्ता व्यक्ति दुर्गम बस्तीबाट बैङ्कसम्म पुग्न असम्भव वा कठिन हुने भएकाले गाउँपालिकाले सहज बनाइदिएको हो ।

## टिनमुक्त विद्यालय

एकपछि अर्को विकासको काममा हात हालेको नौगाडले विद्यालयलाई विशेष प्राथमिकतामा राखेको छ। भूकम्प, हावाहुरी र पानीको जोखिमबाट विद्यालयलाई मुक्त राख्न टिनको छाना विस्थापित गर्ने योजनाअनुरूप क्रमशः पक्की भवन निर्माण भइरहेको छ ।

४३ वटा विद्यालय रहेको नौगाडमा ३५ वटा विद्यालयको पक्की भवन बनिसकेको छ । "बाँकी विद्यालयको केही वर्षमा भवन बनाइसक्ने छौँ" गाउँपालिका अध्यक्ष धामीले जानकारी दिनुभयो । शैक्षिक गुणस्तरका लागि शिक्षक र विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गरिएको छ। अपुग शिक्षक भएको ठाउँमा गाउँपालिकाको अनुदान कोटामा शिक्षकको प्रबन्ध नौगाडले गरेको छ । गाउँपालिकाले शिक्षा ऐन पनि बनाएको छ। सङ्घीय शिक्षा ऐन नबनेकाले २०२८ सालको शिक्षा ऐनसँग नबाझिने गरी गाउँपालिकाले शिक्षा ऐन बनाएको छ। विद्यालय सञ्चालन, शैक्षिक गुणस्तर, शिक्षकको व्यवस्थापन लगायतका विषय गाउँपालिकाले बनाएको ऐनमा समावेश गरिएको छ। साथै स्वास्थ्यको पहुँचमा आम नागरिकलाई जोड्न वडा वडामा स्वस्थ्य चौकी र टोलमा स्वास्थ्य एकाइसमेत स्थापना गरिएको छ । दुर्गम बस्तीका नागरिकलाई स्वास्थ्य सेवा दिन वडाअन्तर्गत आठवटा एकाइ राखिएको छ ।

सुदूरपश्चिमको पहाडी क्षेत्रमा पर्ने नौगाड मनसुनजन्य

विपत्को जोखिममा छ । बर्खायाममा पहिरो नगएको कुनै वर्ष छैन । विपत् जोखिम न्यूनीकरण गर्न नौगाडलाई प्रत्येक वर्ष चुनौती आइपर्छ । बाढी पहिरोमा परेका नागरिकको उद्धार तथा राहतको लागि नौगाडले सहयोग गर्दै आएको छ । जोखिमको अवस्था हेरेर गाउँपालिकाले आर्थिक सहयोग गर्ने गरेको छ । स्थानीय सरकारसँग नागरिकको अपेक्षा धेरै हुने तर स्रोतको अभावले काम गर्न कठिनाइ हुने गरे अनुभव अध्यक्ष धामीले सुनाउनुभयो ।

### नौगाड गाउँपालिका लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा नौगाडले उच्च अङ्क पाएको छ । कामको प्रगतिको आधारमा नौगाडले उच्च अङ्क पाएको हो । अर्थिक वर्ष २०७६/७७ मा ८०.५ प्रतिशत थियो भने आव २०७९/८० मा आइपुग्दा ८३ प्रतिशत पुगेको छ ।

### चार आर्थिक वर्षको लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ८०.५ | ८३.३३ | ६४.७१ | ९१.११ |
| २०७७/७८ | ७७.२५ | ७९.७६ | ६३.२४ | ८६.६७ |
| २०७८/७९ | ८३.७५ | ८४.५२ | ७६.४७ | ८८.८९ |
| २०७९/८० | ८३ | ८५.७१ | ७६.४७ | ८६.६७ |

### नौगाड गाउँपालिकाको 'फ्रा'को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा'मा नौगाड गाउँपालिका न्यून जोखिम छ । मूल्याङ्कनमा ८० भन्दा माथि ल्याउनेलाई न्यून जोखिम मानिन्छ । नौगाडको आर्थिक वर्ष २०७९/८० मा ८२.५ प्रतिशत रहेको छ । अघिल्लो आवमा ७४ प्रतिशत थियो । आव २०७७/७८ मा सुदूरपश्चिमको उच्चतम् प्रदर्शन गर्ने स्थानीय तहमा नौगाड परेको थियो ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ७७ | ८०.१९ | ७६.९२ | ७२.०६ |
| २०७८/७९ | ७४ | ७७.३६ | ५७.६९ | ७५ |
| २०७९/८० | ८२.५ | ८३.०२ | ६१.५४ | ८९.७१ |

### नौगाड गाउँपालिकाले दिने सेवा

● मृत्यु दर्ता ● बसाइँसराइ ● सम्बन्ध बिच्छेद
● विवाह दर्ता ● जन्म दर्ता

### विद्युतीय सुशासन सेवा

● घटना दर्ता ● सामाजिक सुरक्षा
● नागरिक वडापत्र ● नमुना फारम



१२

# रोग लुकाउनेहरू स्वास्थ्य शिविरमा



स्वास्थ्य चौकीमा बिरामी जानै नचाहने । रोग लुकाएर घरमै बस्ने । ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई झन् ठूलो समस्या, स्वास्थ्य संस्थामा पुग्न कठिन । यसरी स्वास्थ्यको पहुँचभन्दा टाढा रहेका नागरिकलाई कसरी सेवा दिने त ? दार्चुलाको मालिकार्जुन गाउँपालिकाले निर्णय गर्‍यो- टोलटोलमै पुगेर स्वास्थ्य शिविर सञ्चालन गर्ने । अचेल चिकित्सक सहितको टोली हरेक तीन महिनामा टोलटोलमा पुग्ने गरेको छ । चिकित्सकको टोली टोलमै पुग्न थालेपछि रोग लुकाएर बसेका बिरामी पनि उपचार गर्न थालेका छन् ।

काठमाडौँस्थित वीर अस्पतालको सहयोगमा मालिकार्जुनले यसरी बिरामीको उपचार गर्ने गरेको छ । गाउँपालिकाकै स्रोतबाट एमबिबिएस पूरा गरेका चिकित्सकको व्यवस्था गरिएको छ । गाउँपालिकाले सञ्चालन गरेको स्वास्थ्य शिविरमा आँखा, हाडजोर्नी, उच्च रक्तचाप, मधुमेह लगायतका बिरामीले सेवा लिने गरेका छन् । "स्वास्थ्य संस्थामा आउन नचाहने र रोग लुकाएर बसेका बिरामीको लागि शिविर प्रभावकारी भएको छ । यसरी स्वास्थ्य जाँच गर्दा प्रेसर र सुगरमा बिरामी धेरै भेटिए । अहिले नियमित औषधि सेवन गर्न थालेपछि स्वास्थ्यमा सुधार आएको छ" गाउँपालिका अध्यक्ष हीरासिंह धामीले भन्नुभयो ।



हीरासिंह धामी
गाउँपालिका अध्यक्ष

घुम्ती सेवाबाट बिरामीको उपचार गर्न थालेपछि मृत्युदरमा कमी आएको निष्कर्ष गाउँपालिकाको छ। ज्येष्ठ नागरिक र सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्सको प्रबन्ध गरिएको छ । बालबालिकाको हकमा भने विद्यालयमै गएर स्वास्थ्य परीक्षण गर्ने नीति गाउँपालिकाको छ । विद्यार्थीलाई प्रजनन् स्वास्थ्यको विषयमा शिक्षा दिन मालिकार्जुनले नर्सलाई विद्यालयमा खटाउने गरेको छ । "नागरिकलाई स्वस्थ राख्न सकिएन भने अरु विकासको के अर्थ ? स्वस्थ नागरिक, स्वस्थ मालिकार्जुन बनाउने नीति हो" उहाँले भन्नुभयो ।

गाउँमा क्षयरोगका बिरामी छन् कि छैनन् भनेर गाउँपालिकाले घरघरमै गएर परीक्षण गऱ्यो । क्षयरोगका बिरामी भेटिए तत्काल औषधिको व्यवस्था मिलाइएको छ। क्षयरोग न्यूनीकरण भएपछि क्षयरोगमुक्त गाउँपालिका घोषणा गर्ने तयारीमा गाउँपालिका छ । वडा वडामा स्वास्थ्य चौकीका साथै स्वास्थ्य एकाइको पनि स्थापना गरिएको छ । एउटै वडा भए पनि टाढाका बिरामीलाई स्वास्थ्य चौकीमा पुग्न असहज भएपछि मालिकार्जुनले नजिकै स्वास्थ्य एकाइको पनि व्यवस्था गरिदिएको हो । अनलाइनका माध्यमबाट पनि बिरामीको उपचार गर्ने योजना गाउँपालिकाको छ । १० शय्याको अस्पताल बनिरहेको गाउँपालिकामा टेलिमेडिसिनका माध्यमबाट बिरामीलाई सेवा दिन लागिएको हो । "आगामी वर्षसम्म टेलिमेडिसिन सेवा सुरु गर्ने योजना छ" अध्यक्ष धामीले भन्नुभयो । गाउँपालिकाले प्राकृतिक चिकित्सा प्रणालीलाई पनि प्राथमिकता दिएको छ । मालिकार्जुनले नागरिकलाई योग र ध्यान पनि सिकाउने गरेको छ ।





**कल्यानसिंह धामी**
**गाउँपालिका उपाध्यक्ष**

मालिकार्जुन गाउँपालिकाले २०८० फागुन १३ देखि १८ गतेसम्म सञ्चालन गरेको एकीकृत घुम्ती शिविर सञ्चालन गरेको थियो । जसबाट सेवा लिने सेवाग्रहीको सङ्ख्या ५४२ रहेको छ ।

| सेवा | लाभग्राहीको सङ्ख्या |
|---|---|
| सामाजिक सुरक्षा भत्ता | १०९ |
| स्वास्थ्य परीक्षण तथा औषधि वितरण | ४०८ |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सा | २५ |
| जम्मा | ५४२ |

ज्येष्ठ नागरिकले आफूहरू बैङ्कमा जान नसकेको गुनासो जनप्रतिनिधिसँग बारम्बार राख्नुभयो । अपाङ्गता भएका व्यक्ति हिँडेर बैङ्कसम्म पुग्न नसक्ने अवस्था थियो । कसरी भत्ता लिने त ? भनी पटक-पटक गुनासो आउन थालेपछि गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता पनि घुम्ती सेवाबाट घरघरमै पुऱ्याउने गरेको छ ।

सुरक्षाकर्मी, बैङ्क र गाउँपालिकाको प्रतिनिधि गएर ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई भत्ता उपलब्ध गराउने गरेको छ । "बैङ्कमा पुग्न नसक्नेहरूले पनि स्थानीय सरकार भएको महशुस गर्नुभएको छ" उपाध्यक्ष कल्यानसिंह धामीले भन्नुभयो ।

## बालविवाहमुक्त गाउँपालिका

कानुनले नै बालविवाहमा रोक लगाएको छ । तर गाउँघरमा लुकिछिपी र भागेर बालविवाह हुने गरेको पाइएपछि मालिकार्जुनले नियमनलाई प्रभावकारी बनायो । सचेनामूलक कार्यक्रम पनि टोल टोलमा पुऱ्याइयो । आमा समूह र बालक्लबलाई झन् सक्रिय बनाइयो । यसले बालविवाह रोक्न ठूलो भूमिका निर्वाह गरेको छ । बालविवाह हुन छोडेपछि गाउँपालिकाले बालिविवाहमुक्त गाउँपालिका घोषणा गर्ने तयारी गरेको छ । वडा नं. २ र ६ बालविवाहमुक्त घोषणा भइसकेका छन् । अन्य वडामा पनि क्रमशः घोषणा गर्ने योजना गाउँपालिकाको छ । आगामी २०८२ सालभित्र गाउँपालिकालाई बालिविवाहमुक्त भएको घोषणा गर्ने लक्ष्य गाउँपालिकाको छ ।

गाउँबाट भटाभट मानिस बसाइँ सर्न थाले । गाउँमात्र रित्तिएन, विद्यालयमा विद्यार्थी पनि नहुने भए । बसाइँसराइ रोक्न गाउँपालिकाले सामुदायिक विद्यालयमा पनि अङ्ग्रेजी माध्यमबाट पढाउने नीति बनायो । मानिस बसाइँ सर्नुको मुख्य कारण छोरोछोरीलाई निजी विद्यालयमा पढाउनु थियो । अङ्ग्रेजी माध्यमबाट पढाउन थालेपछि अभिभावकले छोराछोरी गाउँमै पढाउन थालेका छन् । गाउँपालिकाले अङ्ग्रेजीबाट पढाउन तीनवटा विद्यालयलाई अनुदान दिने गरेको छ । "गाउँमै बस्ने माहोल बन्छ । विद्यालय खाली हुने अवस्था आएपछि यो नीति लिएका हौँ । अहिले बोर्डिङ स्कुलबाट झिकेर सामुदायिकमा बालबालिका पढाउन सुरु भएको छ" अध्यक्ष धामीले भन्नुभयो ।

गत स्थानीय तहको चुनावपछिको कुरा हो । अध्यक्ष हीरासिंह र उपाध्यक्ष कल्यानसिंह सहितको टोली विद्यालयको अनुगमनमा निस्किएको थियो । कतिपय विद्यालयमा विद्यार्थीभन्दा शिक्षक धेरै भेटिए । अध्यक्ष र उपाध्यक्ष नै आश्चर्यमा पर्नुभयो । ४-५ जनामात्र विद्यार्थी देखेपछि गाउँपालिकाले विद्यालय मर्ज गर्ने नीति बनायो ।



**नरबहादुर ठगुन्ना**
**प्रमुख प्रशासकीय अधिकृत**

विद्यालयको मर्ज गरेसँगै 'डम्प' भएर बसेका शिक्षकको पनि व्यवस्थापन भयो । त्यसपछि गाउँपालिकाले शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकसँग करार सम्झौता गर्‍यो । गाउँपालिकाले कार्यविधि नै बनाएर विद्यालयसँग सम्झौता गरेपछि गुणस्तरमा सुधार देखिन थालेको छ ।

कक्षा ५ र ८ मा गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गरिँदै आएको छ । "गाउँपालिकास्तरीय बोर्ड परीक्षा सुरु गरेका छौँ । यो परीक्षाबाट कहाँ के सुधार गर्नुपर्ने रहेछ भनेर अध्ययन गरिरहेका छौँ" अध्यक्ष धामीले भन्नुभयो ।

गाउँपालिकाले अध्यक्ष शैक्षिक सुधार कार्यक्रम तथा उपाध्यक्ष बालबालिका शिक्षा र सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ । यसबाट गरिब, विपन्न तथा अभिभावकविहीन बालबालिकलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ । दुवै कार्यक्रमबाट एक हजार पाँच सय विद्यार्थी लाभान्वित भएका छन् । अध्यक्ष शैक्षिक सुधार कार्यक्रमबाट भने विद्यालयको भवन निर्माण र आइसिटी कक्षा बनाउने काम भइरहेको छ ।

कुल ३७ वटा विद्यालय रहेको मालिकार्जुनमा ११ वटा माध्यमिक विद्यालयलाई आइसिटी मोडेलमा लगिएको छ । एसइई सकिएपछि उत्कृष्ट ग्रेड प्राप्त गर्ने विद्यार्थीले प्राविधिक विषय अध्ययन गर्न चाहेमा गाउँपालिकाले सहयोग गर्ने नीति बनाएको छ । "प्रत्येक वडाबाट जुन विद्यार्थीले एसइईमा बढी ग्रेड ल्याउँछन् उनीहरूलाई प्राविधिक विषय पढाउन सहयोग गर्छौं" उपाध्यक्ष धामीले भन्नुभयो । शिक्षासँगै खेलकुदका कार्यक्रममा पनि गाउँपालिकाले लगानी गरेको छ। अध्यक्ष क्रिकेट कप, राष्ट्रपति खेलकुद कार्यक्रम लगायतका गतिविधि गाउँपालिकाले सञ्चालन गर्दै आएको छ ।

मालिकार्जुन गाउँपालिकाले २०८० मङ्सिर १७ देखि २६ गतेसम्म एकीकृत घुम्ती शिविर सञ्चालन गरेको थियो । जसमा उल्लेखनीय सेवाग्राही रहेको थियो । एकीकृत शिविरमा सामाजिक भत्ता वितरणदेखि स्वास्थ्य जाँच र विद्यालयको अनुगमन गरिएको थियो ।

| सेवा | लाभग्राहीको सङ्ख्या |
|---|---|
| सामाजिक सुरक्षा भत्ता | ८० |
| स्वास्थ्य सेवा | ४१४ |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सा | २९२ |
| पशुउपचार तथा औषधि वितरण | ३१९ कृषकको १८४५ पशुको उपचार । |
| विद्यालय अनुगमन | १३ वटा विद्यालय |
| योजना उपभोक्ता समिति पदाधिकारी अभिमुखीकरण | ८६ वटा आयोजनामा १७८ जनालाई अभिमुखीकरण गरिएको । |

## कृषिमा प्रोत्साहन

कृषिलाई समृद्धिको मूल आधार बनाएको गाउँपालिकाले किसानलाई भैंसी, बाख्रा, बिउविजन अनुदानमा दिँदै आएको छ। अघिल्लो वर्ष २० परिवारलाई २० वटा भैंसी उपलब्ध गराइएको थियो । प्रदेश सरकार, स्थानीय सरकार र किसानको साझेदारीमा भैंसी कार्यक्रम गाउँपालिकाले सञ्चालन गर्दै आएको छ। यसबाट दूधमा गाउँपालिकालाई आत्मनिर्भरसँगै स्थानीयको आयआर्जनमा टेवा पुर्‍याउने उद्देश्य गाउँपालिकाको हो ।

त्यसैगरी मासुमा आत्मनिर्भर बनाउन पालिकाले ४२



घरधुरीलाई बाख्रा र कुखुरा वितरण गरेको छ। सामूहिक खेती कार्यक्रमलाई पनि यसपटकदेखि सुरु गर्ने योजना पालिकाको छ । बिउविजन र बोटविरुवा बाहिरबाट ल्याउनुपर्ने अवस्थाको अन्त्य गर्न पालिकाले आफैं बेर्ना उत्पादन गर्न लागेको छ। कृषि स्थानीय आर्थिक विकाससँग जोडिएकाले पनि गाउँपालिकाले प्राथमिकता दिएको हो। कृषकले उत्पादन गरेको वस्तुको बजारीकरणमा पनि गाउँपालिकाले सहजीकरण गर्ने योजना बनाएको छ। युवालाई उद्यमी बनाउन गाउँपालिकाले तालिम, अनुदान, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, लक्षित वर्गलाई सीप र स्रोतको प्रबन्ध गाउँपालिकाले गरेको छ।

खानेपानीका लागि स्थानीय तीन चार घण्टा हिँड्नु पर्ने स्थिति थियो। गाउँपालिकाको वडा नं. २ ,३, ७ र ८ का नागरिकलाई पिउने पानीको चरम अभाव थियो। स्थानीय सरकार आएपछि खानेपानीको समस्या समाधान नजिक पुगेको छ। मूल नभएको ठाउँमा लिफ्ट प्रविधिबाट खानेपानीको व्यवस्था गरिएको छ। यसबाट एक हजार दुई सय घरधुरी लाभान्वित भएका छन्। "क्रमशः खानेपानीको समस्या समाधान गरिरहेका छौं। यो वर्षबाट सबै ठाउँमा खानेपानीको समस्या समाधान हुन्छ। अब चार घण्टा हिँडेर पानी लिन जानु पर्दैन" अध्यक्ष धामीले भन्नुभयो। खाली डाँडामा खाल्डा बनाउने र त्यहाँ बर्खामा परेको पानी जम्मा गरेर प्रयोग गर्ने योजना पनि गाउँपालिकाले बनाएको छ। डाँडा डाँडामा पानी रिचार्ज गर्न खाल्डो बनाउने तयारी गाउँपालिकाले गरेको छ। सडक पूर्वाधारको काम पनि धमाधम भइरहेको छ। स्थानीय सरकार आएपछि प्रत्येक वडामा कच्ची बाटो पुगेको छ।

### हेलो अध्यक्ष

गाउँपालिकाले गरेका गतिविधि वा गाउँमा कुनै समस्या परेमा मोबाइलबाट गुनासो राख्न सकिने व्यवस्था गरिएको छ। ह्वाटस्‌एपमा 'हेलो अध्यक्ष' भनेर एकाउन्ट बनाइएको छ। यसमा स्थानीयले आफ्नो गुनासो र समस्या राख्न सक्छन्। "ह्वाट्सएपमा आएको गुनासो तत्काल सम्बोधन गर्छौं" प्रमुख प्रशासकीय अधिकृत नरबहादुर ठगुन्नाले भन्नुभयो। भ्रष्टाचारको अन्त्य, सुशासन र पारदर्शीतालाई गाउँपालिकाले मुल नारा बनाएको छ।

## मालिकार्जुनको लिजाको स्थिति

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा आर्थिक वर्ष २०७९/८० मा मालिकार्जुनले ८५.२५ प्रतिशत पाएको छ । अघिल्लो आवमा ७८.७५ प्रतिशत थियो । आव २०७६/७७ मा भने मालिकार्जुनको लिजा सार्वजनिक गरिएको थिएन । पछिल्लो तीन वर्षको तथ्याङ्कमा लिजा क्रमशः बढेको देखिन्छ ।

## लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | - | - | - | - |
| २०७७/७८ | ४५.५ | ४५.२४ | ३६.७६ | ५२.२२ |
| २०७८/७९ | ७८.७५ | ७९.७६ | ६९.१२ | ८५.५६ |
| २०७९/८० | ८५.२५ | ७९.७६ | ७९.४१ | ९२.२२ |

## मालिकार्जुनको 'फ्रा' को स्थिति

वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली 'फ्रा'मा मालिकार्जुन न्यून जोखिममा छ । आर्थिक वर्ष २०७९/८० मा ८१.५ प्रतिशत पाएको छ । ८१ भन्दा माथि आएमा त्यसैलाई न्यून जोखिम मानिन्छ । अघिल्लो आर्थिक वर्षमा भने मध्यम जोखिममा थियो । अघिल्लो आव २०७८/७९ मा ५६.५ प्रतिशत थियो ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ४४.५ | ३९.६२ | ५० | ५० |
| २०७८/७९ | ५६.५ | ६२.२६ | ३८.४६ | ५४.४१ |
| २०७९/८० | ८१.५ | ८८.६८ | ५७.६९ | ७९.४१ |

### मुख्य सेवा

- मृत्यु दर्ता
- विवाह दर्ता
- जन्म दर्ता




### विद्युतीय सुशासन सेवा

- घटना दर्ता
- सामाजिक सुरक्षा
- नागरिक बडापत्र
- फारमहरू

१३

# वित्तीय सुशासनमा आएको परिवर्तन



वित्तीय सुशासनमा अनुत्तीर्ण हुँदै आएको बैतडीको पाटन नगरपालिकाले अहिले भने बल्ल सुधारमा छलाङ मारेको छ । स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ अनुसार नगरपालिकाको वित्तीय सुशासनको लेखाजोखा हुँदै आएको छ । मूल्ङ्कनमा ४० प्रतिशतभन्दा कम प्राप्त गर्ने स्थानीय तहको वित्तीय सुशासन खराब मानिन्छ । पाटन नगरपालिकाको वित्तीय सुशासन आर्थिक वर्ष २०७८/८९ मा ३२ प्रतिशत रहेकोमा आव २०७९/८० मा ६६ प्रतिशतमा उक्लिएको छ ।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन, अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन जस्ता कुरा वित्तीय सुशासन



**शेरबहादुर बुढा**
**प्रमुख प्रशासकीय अधिकृत**

जोखिम मूल्याङ्कन कार्यविधिका मुख्य विषय हुन् ।

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न हरेक आर्थिक वर्षको वित्तीय सुशासन जोखिम मूल्याङ्कन हुने गरेको छ ।

पाटन नगरपालिकाले आव २०७९/८० मा योजना प्रक्रियामा ६३.२१ प्रतिशत, नतिजामा ८४.६२ प्रतिशत, वित्तीय अनुशासनमा ६४.७१ प्रतिशत गरी औषतमा ६६ प्रतिशत प्राप्त गरेको छ । वित्तीय सुशासनमा दोब्बरले सुधारको चमत्कार प्राप्त हुनुमा कार्यविधिले तोकेका मापदण्ड र सूचकका आधारमा काम गर्दाको प्रतिफल भएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बुढाले बताउनुभयो ।

सेवाकालीन तालिम पाएपछि मात्र वित्तीय सुशासनका विषयमा कर्मचारीले थाहा पाएका थिए । यस्ता तालिमबाट नगरपालिकाभित्र रहेका विषयगत सबै शाखाले गरेका काम पारदर्शीढङ्गले अगाडि अगाडि बढ्न सकेको कर्मचारीहरू बताउँछन् ।

## भूमिहीनलाई जग्गा

पाटन नगरपालिका-६, ढुङ्गेओखल गाउँका सार्की समुदायमा देखिएको जग्गासम्बन्धी समस्या समाधान







कमलसिंह बोहरा
नगर उपप्रमुख

गर्न नगरपालिकाले पहल थालेको छ । पुस्तौँदेखि भोगचलन गर्दै आएको घरजग्गा कानुनी रूपमा सार्की समुदायको स्वामित्वमा ल्याउन नगरपालिकाका उपप्रमुख कमलसिंह बोहरा आफैँ खटिनु भएको छ ।

दलित समुदायका १४ परिवारले पुस्तौँअघि गैरदलितको खेती गरिदिने, बिहेबारीमा डोली ओलिनकाठ बोक्ने लगायतका सेवा गरेवापत उपभोग गर्न पाएको जग्गा ती समुदायकै नाममा नामसारी गरिने भएको छ । नामसारी गर्दा लाग्ने राजस्वसमेत जुटाउन नसक्ने अवस्थामा रहेका दलित परिवारलाई नगरपालिकाले नै सबै खर्च व्यहोरिदिने भएको छ ।

दलित समुदाय बस्दै आएको सिङ्गो बस्ती नै नामविहीन थियो । नगरपालिकाको पहलमा दलित बस्तीले 'ढुङ्गोओखल टोल' नाम पाएको हो । नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक कमलसिंह बोहराले सामाजिक विभेदको हिलोमैलो पखाल्ने अभियान सुरु भएको बताउँदै नगरपालिका भित्रका २२ वटा दलित बस्तीका अपहेलित नाम परिवर्तन भएको जानकारी दिनुभयो ।

अपलेहित गाउँको नामले विभेद खेप्नु परेको पीडा त्यहाँका दलित समुदायले वर्षौँदेखि भोग्दै आएका छन् । पाटन नगरपालिका-६ की फुन्नी बादीले नमिठो अनुभव यसरी सुनाउनुभयो, “खर किन्न एउटा गाउँमा पुग्दा तिर्खा लागेर पानी मागेँ । मलाई घर ठेगाना सोधियो । पाटन हो भनेँ । स्टिलको लोहोटामा

पानी दिने तयारी गर्दा पाटन कुन गाउँ हो ? भनेर पुनः सोधियो । दलितको गाउँको नाम सुन्ने बित्तिकै त्यो लोहोटा फिर्ता लगेर शौचालय जाने प्लास्टिकको भाँडामा पानी पिउन दिइयो । अपमानित भएपछि पानी नपिई फर्किएँ ।" बादी समुदायलाई बैतडीमा भाड भनेर बोलाउने कुप्रचलन छ । त्यसैले उहाँको बस्तीको नाम भडाड वा भटाड भनिन्थ्यो । अहिले त्यो बस्तीको नाम परिवर्तन गरेर बयलपाटा टोल नामकरण गरिएको छ । पाटन नगरपालिका-५ को डुमेउडाको नाम फेरेर अहिले सिर्जना टोल राखिएको छ । सोही ठाउँको डुमचेडा (डुम चिहान)को नाम फेरेर रानीघाट राखिएको छ ।

नगरपालिकाको अगुवाइमा दलित बस्तीका अपहेलित नाम फेरिएका साइनबोर्ड राख्न थालेसँगै घरआँगन पनि सफा हुन थालेका छन् । 'घरआँगनको सरसफाइ हेर्न बयलपाटा जानुहोस्' भन्ने सिकाइ हुन थालेको छ ।

## महिलालाई प्राथमिकता

पाटन नगरपालिकाले उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने योजनाको अध्यक्षमा अनिवार्य रूपमा महिलालाई अध्यक्ष बनाउने निर्णय गरेको छ । वित्तीय सुशासनमा राम्रो नतिजा आउनुमा यो निर्णयले सहयोग गरेको भनाइ पालिकाका पदाधिकारीको छ । महिलाले इमानदारीपूर्वक काम गर्ने, समयमै योजना निर्माण सम्पन्न गर्ने जस्ता कार्यले योजनाको पारदर्शिता बढेको अनुभव गरिएको छ । यस्तो अभ्यासले भ्रष्टाचार न्यूनीकरण भएको नगरपालिकाको ठम्याइ छ ।

पाटन नगरपालिकाले कुप्रचलनका रूपमा रहेका छाउपडी प्रथा, जातीय विभेद, लैङ्गिक हिंसामाथि प्रतिबन्ध लगाई त्यस्तो कसुर गरेको पाइएमा नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवासुविधा नदिने घोषणा गरेको छ । नगरपालिकाका प्रमुख गौरीसिंह रावलले नगरपालिकाको यस्तो घोषणाले गलत प्रचलन कम हुँदै गएको बताभयो । नगरपालिकाले लैङ्गिक हिंसा प्रभावितलाई पुनर्स्थापना गर्न महिला सुरक्षा गृह (सेफ हाउस) सञ्चालनमा ल्याएको छ । पुनर्स्थापना गर्न मुठीदान, कपडा दान र नगरपालिकाको कार्यकक्षमा दान पेटीका राख्ने गरिएको छ ।

## खादा प्रतिबन्ध

नगरपालिकाले आयोजना गर्ने औपचारिक कार्यक्रममा तयारी खादा र मालाको प्रयोगमा प्रतिबन्ध लगाएको छ । स्थानीय फूलको प्रयोग बढाउन यस्तो निर्णय गरेको हो ।

नगरपालिकाले न्यायिक समितिलाई चुस्त बनाउन कानुनी सल्लाहकार नियुक्त गरेर मेलमिलाप केन्द्र सञ्चालनमा ल्याएको छ । न्यायिक समितिका संयोजक एवं नगर उपप्रमुख कमलसिंह बोहराले साँध सीमानाको विवाद, छिमेकीको गोरु बारीमा पसेर भएको झगडा जस्ता विवाद मेलमिलाप केन्द्रमार्फत समाधान गर्ने गरिएको बताउनुभयो । चालु आर्थिक वर्षमा १८० वटा मुद्दा मेलमिलापमार्फत टुङ्गो लगाएको उहाँले जानकारी दिनुभयो ।



# १४

# इतिहास संरक्षण गर्दै अमरगढी



डडेल्धुराको अमरगढी किल्लाको नाम सुन्ने वित्तिकै एउटा गर्जन स्मरण हुन्छ- बाघको डमरु हुँ, मलाई सिनो खाने कुकुर नसम्झ । गढीको प्रवेशद्वारमा बडाकाजी अमरसिंह थापाको सालिक छ । नेपाल एकीकरणका समयमा अङ्ग्रेजसँग डटेर युद्ध गर्दा उनले अभिव्यक्त गरेका राष्ट्रभक्ति भनाइले आज पनि त्यो युद्धलाई स्मरण गराउँछ । २३३ वर्ष पुरानो गढीमा बङ्कर अहिले पनि देख्न सकिन्छ । भौतिक संरचना जीर्ण हुँदै गएको छ । गढीको संरक्षणमा अमरगढी नगरपालिका जुटेको छ ।

सङ्घीयता स्थापना हुनुअघि यसको रेखदेखको पूर्ण जिम्मेवारी नेपाली सेनाको थियो । त्यसपछि रेखदेखको जिम्मा स्थानीय सरकारको काँधमा आयो । तर विगतमा बजेटको अभावले गढीको जीर्णोद्धारमा नगरपालिकाले लगानी गर्न सकेन । अहिले बल्ल नगरपालिकाले मर्मतसम्मारको लागि हात हालेको छ । “केही समयअघि घाँस पलाएर टेक्ने ठाउँ थिएन । पुराना संरचना मक्किएका छन् । अहिले मर्मतसम्मारको काम नगरपालिकाले गरिरहेको छ” गढीको रेखदेखमा खटिनु भएका नरबहादुर नगरकोटीले भन्नुभयो ।

गढीको जीर्णोद्धारपछि अवलोकन गर्न आउने



डिल्लीराज जोशी
नगरप्रमुख

पर्यटकको सङ्ख्या अपेक्षा गरिएको छ । नगरपालिकाले गढीसँगै मठमन्दिर पनि जीर्णोद्धार र निर्माण गरिरहेको छ । “पर्यटन विकासका लागि पूर्वाधार बनाउने काम गरिरहेका छौं । पहिलो प्राथमिकता गढीको संरक्षणलाई दिएका छौं” नगर प्रमुख डिल्लीराज जोशीले भन्नुभयो । अमरगढीको इतिहासबारे वृत्तचित्र बनाउने तयारी पालिकाले गरेको छ । अमरगढी बारेको वृत्तचित्रले गढी र त्यो युद्धका बारेमा जानकारी दिनेछ ।

सार्वजनिक पाटी पौवा र चौतारोको संरक्षणमा पनि अमरगढीले चासो दिएको छ । ओझेलमा परेका पाटीपौवालाई संरक्षण गर्ने नीति नगरपालिकाले लिएको छ । नेपालको संविधान जारी भएपछि २०७४ मा भएको स्थानीय तहको निर्वाचनपछि अमरगढीले २२ वटा पाटीपौवा तथा चौताराको संरक्षण सुरु गरेको हो । पाटीपौवा तथा चौतारामा बटुवाको विश्रामस्थल मात्र थियो । तर अचेल नगरपालिका भित्रका औपचारिक कार्यक्रम, बहस र अन्तरक्रिया पाटीपौवा र चौतारमा हुने गरेको छ ।

त्यसैगरी अमरगढीले १० वटा पार्क र उद्यानको प्रवर्द्धन गरेको छ । नगरको प्राकृतिक सुन्दरता कायम गर्ने अवधारणा स्वरूप अमरगढीले पार्क र उद्यनको संरक्षणमा जुटेको हो । ११ वटा वडा रहेको अमरगढीमा ५७ वटा मठ मन्दिर छ । मन्दिरको संरक्षणका साथै धार्मिक पर्यटनको गन्तव्य बनाउने योजना पालिकाको छ । यसलाई अमरगढीले सफल अभ्यासका रूपमा चित्रण गरेको छ । “अमरगढीलाई धार्मिक एवं पर्यटकीय गन्तव्यमा विकास गर्ने योजनाअनुसार काम गरिरहेका छौं” नगर प्रमुख जोशीले भन्नुभयो ।

## पोषणमैत्री नगरपालिका

‘सफा, स्वच्छ, सुन्दर, हराभरा नगरः सम्पूर्ण नगरबासीको गौरवपूर्ण रहर’ भन्ने नारा तय गरेर नगरपालिकाले काम गरिरहेको छ । स्वस्थ नगर बनाउने अभियानअन्तर्गत नगरपालिकाले पोषणमैत्री वडा घोषणा गरिरहेको छ । कुपोषणको अन्त्य गर्न पालिकाले अभियान सञ्चालन गरेको छ । शुद्ध खानेपानी, फलफूल उत्पादन, पोषणका लागि चाहिने आधारभूत तत्वको प्रयोगमा नगरपालिकाले जोड दिएको छ । नगरपालिकाले वडा नं. १० लाई पोषणमैत्री वडा घोषणा गरिसकेको छ ।

“कुपोषणको अन्त्य गर्ने नीति छ । बाँकी वडालाई पनि क्रमशः पोषणमैत्री वडा घोषणा गर्छौं । त्यसपछि पूरै पालिकालाई गर्ने योजना छ” प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद उपाध्यायले भन्नुभयो । पोषणमैत्री नगरपालिका बनाउन तीन हजार तीन सय परिवारमा पोषणसम्बन्धी काम सकिएको छ । यसै वर्ष ११ वटै वडामा सर्भेक्षणको काम सकिएको छ । यसको अन्तिम प्रतिवेदन नगरपालिकाले तयार गरिरहेको छ । अमरगढीमा कडा खालको कुपोषण सात जनामा देखिएको थियो । नगरपालिकाले कुपोषण भएका व्यक्तिको नियमित स्वास्थ्य परीक्षण र उपचार गरेपछि निको भएको छ ।

फोहोर व्यवस्थापन मुख्य चुनौती बनेपछि नगरपालिकाले डम्पिङ साइट निर्माण गर्दैछ । “फोहोरबाट रोग फैलने जोखिम उच्च भएपछि व्यवस्थापन गर्न लागेका हौं” नगर प्रमुख जोशीले भन्नुभयो ।

## ‘हेल्थ प्रोफाइल’

अमरगढीले आफ्नो पालिकाको ‘हेल्थ प्रोफाइल’ तयार गरेको छ । नगर पालिकामा कति जनसङ्ख्या छ ? कति स्वास्थ्य संस्था छन् ? कस्ता सेवा नागरिकले पाउँछन् ? कति बालबालिकाले खोप लगाए ? सुत्केरी आमा र बच्चाको स्वास्थ्य कस्तो छ ? नगरपालिकामा



लक्ष्मीप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

कुन रोग लागेका बिरामीको सङ्ख्या कति छ ? औलो रोगीको सङ्ख्या, दादुरा र रुबेला खोप लगाउने शिशुको सङ्ख्या, प्रजनन उमेरका महिलामध्ये परिवार नियोजनका साधन अपनाउनेको प्रतिशत, बिसिजी खोप लगाउनेको प्रतिशत सबै विवरण हेल्थ प्रोफाइलमा समावेश गरिएको छ। नगरपालिकामा २३ जना क्षयरोगका बिरामी भेटिएको थिए। क्षयरोगका बिरामीको पहिचान गरी नियमित औषधि सेवन गरेपछि निको भएका छन्।

औलो र क्षयरोगीका सङ्ख्या पनि समावेश गरिएको छ। मातृ मृत्युदर र शिशु मृत्युदर कस्तो छ ? शिशु जन्मेको छ महिनासम्म स्तनपान गराउनेको सङ्ख्या पनि पालिकाले प्रोफाइलमा समेटेको छ । अमरगढी नगरपालिकाका अनुसार सुरक्षित शतप्रतिशत पुगेको छ। सबै खोपमा पनि शतप्रतिशत पुगेको छ। यी सबै विवरण नगरपालिकाको वेबसाइटमा गएर पनि हेर्न सकिने व्यवस्था गरिएको छ। यसबाट स्वास्थ्य नीति बनाउन नगरपालिकालाई सहज भएको छ । "स्वास्थ्य नीति बनाउन हेल्थ प्रोफाइल बनाएका हौँ" नगर प्रमुख जोशीले भन्नुभयो।

## शिक्षाको गुणस्तरमा जोड

सामुदायिक र निजी विद्यालयमा दुई खाले शिक्षाको अभ्यास भइरहेको छ । निजी विद्यालयको शैक्षिक गुणस्तर माथि छ तर सामुदायिक विद्यालयको खस्कदो छ। सामुदायिक विद्यालयलाई कसरी सुधार गर्ने त ? यसका लागि सामुदायिक विद्यालयलाई नमुना विद्यालयमा रूपान्तरण गर्ने नीति पालिकाले बनाएको छ। विद्यालयको समायोजनदेखि शिक्षक अपुग भएको ठाउँमा शिक्षकको व्यवस्थापनसम्मका कार्यपालिकाले सम्पन्न गरेको छ। यो वर्ष अमरगढीमा पूर्वप्रारम्भिक शिक्षादेखि कक्षा १० सम्म छ हजार ८४९ जना विद्यार्थी भर्ना भएका छन्।

विद्यालय व्यवस्थापन समिति, विद्यालयका शिक्षक कर्मचारी र अभिभावकसँग पालिकाले नियमित छलफलका साथै विद्यालयको अनुगमन गर्ने गरेको छ। यसले सामुदायिक विद्यालयको गुणस्तरमा सुधार आएको अनुभव नगरपालिकाको छ। विद्यालयको भौतिक संरचना निर्माणको काम पनि पालिकाले गरिरहेको छ । सबै विद्यालयमा पक्की भवन बनाउने काम नगरपालिकाले क्रमशः गरिरहेको छ। नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरेको छ। स्थानीय भाषा, कला, संस्कृति, सम्पदा,







रैथाने बाली लगायतका विषय पाठ्यक्रममा समेटिएको छ । "आफ्नै पालिकाको बारेमा विद्यार्थीलाई जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम बनाएर कार्यान्वयनमा लगेका छौँ" नगर प्रमुख जोशीले भन्नुभयो ।

नगरपालिकाले महिला शिक्षक सुत्केरी भएका त्यसको विकल्पमा वैकल्पिक शिक्षक राख्ने गरेको छ । विद्यार्थीको सिकाइमा असर नपरोस् भनेर नगरपालिकाले महिला शिक्षक सुत्केरी भएर बिदामा बसेको अवधिमा मात्र वैकल्पिक शिक्षक राख्ने गरेको हो । विद्यालयमा शुद्ध खानेपानी, स्यनेटरी प्याड र माध्यमिक विद्यालयमा नर्सको समेत व्यवस्था नगरपालिकाले गरेको छ । एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत हाल माध्यामिक विद्यालयमा मात्र नर्स नगरपालिकाले राखेको छ । स्वस्थ अनुशासित नागरिक तयार गर्न खेलकुदमा लगानी गर्ने योजना नगरपालिकाको छ । जसअन्तर्गत पाँचवटा खेलमैदानको स्तरोन्नतीको काम अमरगढीले गरेको छ ।

कृषकका लागि गोठ सुधार, भैंसी र बाख्रा पालन कार्यक्रम नगरपालिकाले ल्याएको छ । कृषकलाई कृषिको काम गर्न अनुदानको व्यवस्था नगरपालिकाले गरेको छ । युवालाई कृषिमा आकर्षण गर्ने योजना नगरपालिकाको हो । नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन आलु पकेट क्षेत्र बनाएको छ । कृषिका बिउविजन, बोट विरुवा वितरण नियमति नगरपालिकाले सञ्चालन गरिरहेको छ । नयाँ उद्यमीका लागि तालिम पनि नगरपालिकाले दिने गरेको छ । कृषिलाई प्रतिष्ठित पेसाका रूपमा विकास गर्न नमुना कृषि व्यवसाय सुञ्चालन गरिरहेका कृषकलाई सर्वोत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गर्ने तयारी नगरपालिकाको छ ।

## विपत् बुलेटिन

नगरपालिकाभित्र विपत्को स्थिति आयो । पहिरो झऱ्यो । मानिसको घरमा आगलागी भयो । जङ्गलमा डढेलो लाग्यो । सङ्क्रामक रोगले महामारी फैलियो । यसबाट कसरी जोगिने ? आपत्कालीन अवस्था आउन नदिन के गर्ने ? अमरगढीले हरेक दिने बुलेटिन निकाल्छ । कोरोना महामारीको समयमा पनि नगरपालिकाले दैनिक बुलेटिन निकालेको थियो । अहिले पनि आपत्कालीन घटना भयो भने सोही दिन बुलेटिन नगरपालिकाले निकाल्ने गरेको छ । जनतालाई सुरक्षित राख्न सचेतना फैलाउन नगरपालिकाले बुलेटिन निकाल्ने गरेको हो । प्रत्येक बुलेटिन नगरपालिकाले आफ्नो वेबसाइटमा राख्ने गरेको छ ।

खानेपानी, सडक, बसपार्क निर्माणको काम नगरपालिकाले गरिरहेको छ । नगरभित्रका सडक कालोपत्रे गर्ने काम नगरपालिकाले गरिरहेको छ । बसपार्क अव्यवस्थित भएपछि निर्माणको लागि नगरपालिकाले जग्गा खरिद गरेको छ । "जग्गा खरिद गरेर बसपार्क बनाउन लागिपरेका छौँ" नगर प्रमुख जोशीले भन्नुभयो ।

बजारमा चोरीका घटना बढेपछि नगरपालिकाले मुख्य सहरी क्षेत्रमा सीसी क्यामेरासमेत जडान गरेको छ। सीसी क्यामेरा जडानपछि चोरीका घटनामा कमी आएको छ। वडा भवन पनि क्रमशः नगरपालिकाले बनाउँदै गएको छ।

## कामका लागि पारिश्रमिक

अमरगढीले बेरेजगारका लागि रोजगारको व्यवस्था गरेको छ। युवा विदेश पलायन बढ्न थालेपछि नगरनगरपालिकाले रोजगारको व्यवस्था गरेको हो। कामको लागि पारिश्रमकि भनेर अमरगढीले एक सय दिनको काम दिने गरेको छ। २०८० सालमा ८४ जनाले काम पाएका छन् भने अघिल्लो वर्ष १७५ जनालाई नगरपालिकाले काम दिएको छ। दैनिक ज्यालामा उनीहरूलाई विकास निर्माणको काममा लगाइएको हो। स्थानीय तहमा जनप्रतिनिधि आएपछि यसरी काम दिने व्यवस्था भएको हो। यसबाट स्थानीय लाभन्वित भएका छन्। रोजगारको खोजीमा रहेकालाई तालिम र परामर्श पनि अमरगढीले दिने गरेको छ। सुशासन र भ्रष्टाचार मुक्त नगरपालिका बनाउन प्रविधिमा जोड गरिएको छ। राजस्व सङ्कलन अनलाइनबाट, सामाजिक सुरक्षा भत्ता बैंकमार्फत, विद्यालय, स्वास्थ्य चौकीदेखि नगरका कार्यालयमा ई-हाजिरीको व्यवस्था गरिएको छ।

## लिजामा सुधार

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) अमरगढीमा पनि कार्यान्वयनमा छ। लिजामा स्थानीय तहले आफ्नो मूल्याङ्कन आफैं गर्ने व्यवस्था गरिएको छ। जसअन्तर्गत अमरगढीको आर्थिक वर्ष २०७९/८० मा संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) ७६.२५ प्रतिशत रहेको छ। अघिल्लो आवमा ६०.५ प्रतिशत थियो। अघिल्लो वर्षको तुलनामा १५.७५ प्रतिशतले बढेको छ।

लिजा लागू भएपछि सेवाप्रवाहमा थप प्रभावकारी, जवाफदेहिता र पारदर्शिता बढेको देखिन्छ। स्वमूल्याङ्कनका लागि १० वटा विषय क्षेत्र राखिएको छ। शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वय रहेको छ। १० वटा सुचकको समग्र स्थिति, प्रक्रियागत स्थिति र परिणात्मक स्थितिको आधारमा अङ्क दिइन्छ। यसैको आधारमा नगरपालिकाले वर्षभरि गरेको समग्र गतिविधिको मूल्याङ्कन गरिन्छ।




### अमरगढीको लिजाको स्थिति

| आर्थिक वर्ष | लिजा प्रतिशत | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति |
|---|---|---|---|---|
| २०७६/७७ | ४६.५ | ४७.६२ | ४२.६५ | ४८.८९ |
| २०७७/७८ | ५९.७५ | ५८.३३ | ५४.४१ | ६४.४४ |
| २०७८/७९ | ६०.५ | ६४.२९ | ६०.२९ | ५८.८९ |
| २०७९/८० | ७६.२५ | ७९.७६ | ७३.५३ | ७६.६७ |

## ‘फ्रा’ को स्थिति

अमरगढीमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली ‘फ्रा’को स्थितिमा पनि क्रमशः सुधार आएको छ। आर्थिक वर्ष २०७८/७९ मा वित्तीय जोखिम ५५.५ प्रतिशत थियो। तर आव २०७९/८० मा सुधार आई ७५ प्रतिशत पुगेको छ। अमरगढीमा १९.५ प्रतिशतले फ्रामा सुधार आएको तथ्याङ्कले देखाउँछ।

| आर्थिक वर्ष | फ्रा औसत प्रतिशतमा | प्रक्रियाको जोखिम | नतिजाको जोखिम | वित्तीय अनुशासनको जोखिम |
|---|---|---|---|---|
| २०७७/७८ | ७० | ७४.५३ | ६५.३८ | ६४.७१ |
| २०७८/७९ | ५५.५ | ६०.३८ | ३८.४६ | ५४.४१ |
| २०७९/८० | ७५ | ९०.१९ | ६५.३८ | ७०.५९ |






## अमरगढीले दिने सेवा

- बैंक खाता खोल्न सिफारिस
- योजना फरफारक
- योजना सम्झौता
- सामाजिक सुरक्षा कार्यक्रमको रकम निकासा
- मृत्यु दर्ता सिफारिस
- सम्बन्ध बिच्छेद सिफारिस
- जन्ममिति प्रमाणित
- बसाइँसराइ
- जन्म दर्ता
- विवाह दर्ता
- बिद्यालय ठाउँसारी सिफारिस
- फरक फरक नाम, थर, जन्म मिति र प्रमाणित/दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस
- फोटो प्रमाणित
- नक्सा नामसारी
- घरबाटो प्रमाणित
- धारा जडान सिफारिस
- चार किल्ला प्रमाणित
- घर नक्सापास
- मदिरा जन्य पदार्थः खुद्रा विक्रेता सिफारिस
- मदिरा जन्य पदार्थः खुल्ला विर्को खोली बेच्ने सिफारिस
- मदिरा जन्य पदार्थः अधिकृत विक्रेताको सिफारिस
- निजी शैक्षिक संस्था खोल्नका लागि सिफारिस

१५

# सुशासन र विकासमा पिएलजिएसपीको योगदान

नेपालको संविधान, २०७२ ले समन्वय, सहकार्य र सहअस्थित्वको मूलधारमा राज्यका तीन तहका सरकारको परिकल्पना गरेको छ। यस सन्दर्भमा समन्वय प्रणालीलाई प्रभावकारी बनाउन सरकारले आन्तरिक स्रोत र बहुपक्षीय दातृ राष्ट्रको सहयोगमा विभिन्न कार्यक्रम लागू गऱ्यो । यसैमध्येको एउटा कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) रहेको छ। सङ्घमा सङ्घीय मन्त्रालयले र प्रादेशिकस्तरमा प्रदेश सरकारले यो कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

स्थानीय तह र प्रदेश सरकारका कार्यसम्पादन अवस्थालाई सुधार गर्न विभिन्न खालका विषयवस्तु तथा समस्या पहिचान गरी तिनको समाधान गर्न कार्यक्रम तर्जुमा गर्ने गरिएको छ। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानकै प्रारूपमा यसको परिकल्पना गरिएको हो। यद्यपि स्रोत साधन र प्रादेशिक स्तरसम्म विस्तार गर्दा जनशक्ति व्यवस्थापन एवं विज्ञता प्राप्त गर्ने सन्दर्भमा अझै केही समस्या छन् । यी समस्यालाई सम्बोधन गर्न सकिएमा यसले सकारात्मक परिणाम दिनेछ।

राज्यपुनर्संरचनापछि स्थानीय तहको समस्या एकदमै पेचिलो गरी आएको थियो। स्थानीय तहलाई कानुन निर्माण गर्न अधिकार दिइसकेपछि समस्या पनि देखिए किनकी हामी त्यस बेला नयाँ संरचनामा प्रवेश गरेका थियौँ। कर्मचारीको क्षमता विकास भइसकेको थिएन । संस्थागत सवलीकरणको दृष्टिकोणले पनि सक्षम अवस्था थिएन । यस्तो समयमा प्रादेशिक सुशासन केन्द्र जस्ता संरचनाको परिकल्पना गरेर



**विमलप्रकाश जोशी**
निमित्त जिल्ला समन्वय अधिकारी
जिससको कार्यालय कैलाली

सरकारले गरेको अभ्यासले सकारात्मक परिणाम दिन थाल्यो ।

प्रत्येक स्थानीय तहले तर्जुमा गर्नुपर्ने आवधिक विकास योजनाका सन्दर्भ होस्, राजस्व सङ्कलन वा राजस्व व्यवस्थापन वा राजस्व नीति प्रबन्धका विषयमा होस्, कानुन निर्माण तथा तर्जुमाका चरण होस् अथवा विभिन्न सन्दर्भमा पिएलजिएसपीले पाठ्यक्रम निर्माण गरी तालिम सञ्चालन गर्दै आएको छ। तालिमबाट कर्मचारी र राजनीतिक नेतृत्वको क्षमता विकास भई स्थानीय तह सक्षम र सबल हुँदै गएको छ । सुरुमा स्थानीय तहलाई जुन अधिकार प्राप्त भयो वा जसरी कार्यसम्पादन गर्न थालियो पिएलजिएसपी



जस्ता संरचना नल्याइएको भए सम्भवतः कुहिरोको काग जस्तो रुमल्लिनुपर्ने अवस्था पनि हुन्थ्यो । यस्ता संरचनाका कारण आज स्थानीय तहको गन्तव्य पहिचान गर्नेगरीको क्षमता विकास भएको छ ।

परिवर्तनलाई सहजै आत्मसात गर्न समय लाग्छ । यसै कारणले केही स्थानीय तहमा सानातिना समस्या अहिले पनि रहीरहन सक्छ । त्यसैले त्यहाँ समस्या छन् पनि । अर्काको अस्थित्व स्वीकार गर्न नखोजेको जस्तो वा भनेको नगरिदिँदा के फरक पर्ला र ? भनेर टार्ने प्रवृत्ति पनि रहन्छ । आवधिक विकास योजना निर्माण गर्ने सम्बन्धमा कैलालीबाट पनि एउटा पालिका छनोट भएको थियो । सो पालिकालाई पनि आमन्त्रण गरिएको थियो । सोही पालिकाको अनुरोधमा तालिम सञ्चालन गर्न लागिएको थियो तर उसैको उपस्थिति त्यो तालिममा भएन । त्यसैले केही स्थानीय तहमा अझै पनि यस खाले समस्या छ भन्ने उदाहरण लिन सकिन्छ ।

जिससमार्फत पिएलजीएसपीले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा), वित्तीय जोखिम मूल्याङ्कन (फ्रा) र आर्थिक विकासका सूचक परिपालन (एलइडी वा लेड) गरी तीन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यद्यपि लेड अझै अभ्यासमा आइसकेको छैन । अनलाइनमार्फत जजसले स्वस्फुर्त अपलोड गरे ती स्थानीय तहलाई पछि सङ्घीय सरकारबाट प्रदान गर्ने विशेष कार्यक्रम (गत वर्ष नवप्रवर्तन कार्यक्रम) स्थानीय तहमा हस्तान्तरण भएका थिए । यस कार्यक्रममा कैलालीबाट जानकी गाउँपालिका र गोदावरी गाउँपालिका छनोट भएका थिए । समयमै लिजा र फ्रा अपलोड गरेर प्राप्ताङ्क पनि सन्तोषजनक ल्याएकाहरूलाई सो कार्यक्रममा समावेश गरिएको थियो । लेड पनि स्वस्फुर्त भर्नेहरूलाई यस्ता विशेष कार्यक्रम दिने गरी प्रारम्भ गर्ने भन्ने अनौपचारिक जानकारी आएको थियो । यसको प्रतीक्षामा छौँ ।

आन्तरिक र बाह्य मूल्याङ्कन प्रणालीले पनि स्थानीय तहको प्रक्रियागत र संरचनागत विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । लिजाको सन्दर्भमा हेर्ने हो भने विभिन्न सूचकको परिकल्पना गरिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले

जारी गरेको छ र सो कार्यविधिमा भएका सूचकअनुसार सामान्यतया सुशासनसँग सम्बन्धित सन्दर्भ वा कार्यप्रणालीलाई प्रभावकारी बनाउने गरी गरिएका सन्दर्भ महत्त्वपूर्ण छ । सामान्यतया स्थानीय तहमा गरिएका कार्यको 'डकुमेन्टेसन'लाई विभिन्न सूचकका आधारमा मूल्याङ्कन गर्ने प्रणाली छ । ती सूचकका आधारमा स्वमूल्याङ्कन गरिन्छ । स्वमूल्याङ्कन भन्ने शब्दले स्थानीय तहले आफ्नो मूल्याङ्कन आफैँले गर्ने भन्ने जनाउँछ । त्यस मूल्याङ्कनका आधारमा जिल्ला समन्वय समितिको कार्यालयले पृष्ठपोषण दिन्छ । पृष्ठपोषणअनुसार स्थानीय तहले अद्यावधिक गरेमा 'डकुमेन्टेसन' राम्रो हुनसक्छ । मूल्याङ्कन प्रणालीमा अङ्क घट्दैन । तर गुणस्तर परीक्षण नहुँदासम्म स्वमूल्याङ्कनको अङ्क यथावत रहने वा गुणस्तर परीक्षणका क्रममा जिल्ला समन्वय समितिले प्रदान गरेका पृष्ठपोषणकै आधारमा अङ्क घट्नसक्ने अवस्था हुने हुनाले स्वमूल्याङ्कनलाई गुणस्तर परीक्षणमार्फत नियन्त्रण गर्न खोजेको अवस्था छ । यद्यपि स्थानीय तहलाई स्वायत्तता दिइएको छ ।

वित्तीय जोखिम मूल्याङ्कनको सन्दर्भमा लेखाप्रणाली, लेखा परीक्षण, राजस्व सङ्कलन, जिन्सी व्यवस्थापन, सम्पत्ति संरक्षण र व्यवस्थापनका कुरामा विभिन्न आधारमा सूचक निर्धारण गरिएको छ । वित्तीय जोखिम मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहले आफ्नो प्रारम्भिक नतिजा तयार गरिसकेपछि पोर्टलमा समावेश गर्नुपर्ने हुन्छ र त्यसपछि जिससले पृष्ठपोषण दिन्छ । पृष्ठपोषणअनुसार सामग्री थप गरी पेस गरिएमा अङ्क थपिएर आउँछ, पृष्ठपोषणलाई नजर अन्दाज गरियो भने प्रारम्भिक मूल्याङ्कनमा पाएको अङ्क स्वतः घट्नसक्छ । त्यस कारण वित्तीय जोखिम मूल्याङ्कनको सन्दर्भमा जिससको कार्यालयलाई मूल्याङ्कनकर्ताकै भूमिका दिएको महशुस भएको छ । किनकी जिससको पृष्ठपोषण अवज्ञा गर्ने वित्तिकै स्थानीय तहको अङ्क स्वतः घट्छ ।

स्थानीय तहको आर्थिक विकास सूचकाङ्कको सन्दर्भमा आवश्यक पर्ने डकुमेन्टेसनलाई नै मूल्याङ्कन गर्ने परिपाटी छ । त्यसको व्यावहारिक रूपमा अभै कार्यान्वयन भएको छैन । स्थानीय तहको प्रक्रियागत अवस्था, संरचनागत अवस्था, नतिजाले समग्र सुशासनको अवस्था देखाउँछ । जस्तैः वित्तीय जोखिममा बेरुजुको सन्दर्भ हुनसक्छ । बेरुजु व्यवस्थापनमा ध्यान दिइयो वा आन्तरिक लेखा परीक्षण वा लेखा पालनलाई सुधार गरियो भने सुशासन प्रवर्धन हुनसक्छ । पारदर्शीता, जवाफदेहिता, अनुमानयोग्यता र जनसहभागिता यी चारवटै खम्बामा मूल्याङ्कन गरिने भएको हुनाले स्थानीय तहको समग्र सुशासन अवस्थामा प्रवर्धन हुन्छ । कैलालीको जानकी गाउँपालिका, कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिका, गोदावरी गाउँपालिका लगायतको समग्र कार्यसम्पादन अवस्था र लिजा तथा फ्रामा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक छ । सेवा प्रवाहमा पनि राम्रो गरिरहेको पाइएको छ ।

माथि नै उल्लेख गरिसकिएको छ कि कतिपय स्थानीय तहमा पक्कै पनि केही समस्या छ । ती स्थानीय तहले पुरानै पद्धतिबाट काम गरिरहेको पाइएको छ । पिएलजिएसपीमार्फत कार्यक्रम सञ्चालन गरिएपछिको अवस्थालाई समीक्षा गर्दा ती स्थानीय तहमा नयाँपन देखिएको छैन । निजामती सेवासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहमा ऐन नहुँदा जनशक्ति व्यवस्थापनको पाटोमा समस्या परेको छ । यसले गर्दा पनि समस्या देखिएका छन् । यति हुँदाहुँदै पनि कर्मचारीको कार्यसम्पादनको अवस्थालाई निराशाजनक मान्न सकिँदैन । धेरै नयाँ क्षेत्रमा उहाँहरूले काम गरिराख्नुभएको छ । उहाँहरू परिपक्व हुँदै जानुभएको छ ।

सूचना प्रविधिका क्षेत्रमा स्थानीय तहको आन्तरिक क्षमता प्रवर्धन भएको छ । प्रत्येक स्थानीय तहमा एक एक जना आइटी अफिसरको पनि व्यवस्था छ । आइटी अफिसरको क्षमता विकासको सन्दर्भमा पिएलजिएसपीले महत्त्वपूर्ण रूपमा ध्यान दिएको छ । यसले गर्दा हाम्रो परम्परागत अभिलेख प्रणाली अलिकति नयाँ बाटोमा प्रवेश गरेको अवस्था पनि छ ।



समग्र स्थानीय तहको सुशासनको सन्दर्भमा यिनीहरूको उपयोग गर्न सकियो, आत्मसात गर्न सकियो र भएका प्राप्ताङ्कमा अझ नपुग कुरा के छ त्यो कुरा सुधारका लागि पृष्ठपोषण दिन सकियो भने पिएलजिएसपीमार्फत नेपाल सरकारको समग्र सुशासन प्रवर्धन प्रणालीमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा लिन सकिन्छ ।

जिसस संरचनामा आवश्यक जनशक्तिको अभाव छ । लिजा, फ्रा र लेड हामी तीनवटा अनलाइन प्रणालीकै मूल्याङ्कन गर्छौं । आइटी अफिसर वा कम्प्युटर अपरेटर पनि छैनन् । ती नभएकाले त्यसभित्रका प्राविधिक सन्दर्भ नबुझ्न सक्छौं । जिससलाई सच्चिकै अनुगमनकारी निकायका रूपमा उपयोग गर्ने हो आइटीतर्फ जनशक्ति व्यवस्थापन गर्न सकिए कम्तीमा विद्युतीय शासन प्रणालीको युगमा स्थानीय तहका समस्यालाई व्यवस्थापन गर्न महत्त्वपूर्ण योगदान पुग्न सक्थ्यो । यसका लागि पिएलजिएसपीमार्फत वा उसकै निगरानीमा यी जनशक्ति रहने व्यवस्था हुनुपर्छ ।

पिएलजिएसपीले मूल्याङ्कन प्रणाली व्यवस्थापनका लागि जिससलाई अनुगमन प्रक्रियासँग जोडेर केही अनुदान दिने गरेको छ । त्यो अनुदान जीटुजीमा तेस्रो पक्ष समावेश हुन नसक्ने अवस्था भएको हुनाले जिससमा सिधैं ल्याउन नसकिने भनिएको छ । नीतिगत सुधार गरेर वार्षिक बजेटमै त्यो कुरा समावेश भएर आयो भने हामी पनि वार्षिक कार्ययोजनाअनुसार काम गर्छौं ।

जिससले पिएलजिएसपीमार्फत बजेट आउने हो होइन त्यसअनुसार कार्यक्रम तर्जुमा गर्नुभन्दा सुरुमै सिलिंगमै बजेट आयो भने साउनमा नै बजेट तर्जुमाअनुसार कार्यक्रम बनाउँथ्यौं । त्योअनुसार जिससको दायित्वभित्रका समग्र क्षेत्रलाई व्यवस्थित कार्यान्वयन गर्छौं । त्यो गर्दा जिससको संरचनाको पनि उपयोग हुनसक्ने अवस्था रहन्छ ।

# "लिजा र फ्रालाई अनुदानसँग जोड्नुपर्छ"



**खगराज भुसाल**
कार्यवाहक प्रमुख, जिल्ला समन्वय समिति कैलाली

डोटीको पुन्नामा रहेको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले स्थानीय तहको क्षमता विकाससम्बन्धी प्रशिक्षण, गोष्ठी आदि सञ्चालन गर्दै आएको छ । जिल्ला समन्वय समितिमार्फत प्रतिष्ठानले कार्य गरिरहेको छ ।

सङ्घीयता नहुँदा तत्कालीन जिल्ला विकास समितिलाई अङ्कका आधारमा अनुदान उपलब्ध गराइन्थ्यो । अहिले स्थानीय तहमा लिजा र फ्रा लागू भएको छ । स्थानीय तहले कार्यसम्पादनका आधारमा अङ्क पनि प्राप्त गर्दछन् तर मूल्याङ्कनको रेकर्ड हुँदैन । लिजाका सन्दर्भमा पृष्ठपोषण दिन्छौँ । स्थानीय तहका फोकल पर्सनले लिजाको अपलोड गर्छ भने जिससका फोकल पर्सनले तपाईंहरूको यो डकुमेन्ट पुगेको छैन भनेर पृष्ठपोषण दिन्छन् । फ्रामा उनीहरूले दावी गर्ने मात्र हो हामीले अङ्क दिने प्रणाली हुन्छ । अहिलेको नियमअनुसार अङ्क घटाउन मिल्दैन । उहाँहरूले गरेको दावा ठिक हो वा होइन भनेर प्रतिष्ठानले 'क्रसभेरिफाइ' गर्ने पद्धति छ ।

लिजा र फ्रालाई प्रत्यक्ष अनुदानसँग जोड्नुपर्थ्यो त्यो जोडिएको छैन । अनुदानसँग जोड्न सक्दा बल्ल स्थानीय तहले लिजा वा फ्रामा राम्रो गर्दा स्रोत बढी पाउँछु भन्ने अवस्था रहन्छ । त्यसरी प्रत्यक्ष अनुदानसँग नजोडिए पनि स्थानीय तहले गरिरहेको काम राम्रा छन् । लिजा र फ्राका लागि आउने रकम अलि घुमाउरो माध्यमबाट आउँछ । जिल्ला समन्वय समितिको खातामा सिधै आउने व्यवस्था भए राम्रो हुन्थ्यो । पेस्की लिनुपर्ने, त्यसलाई फर्स्योट गर्नुपर्ने अलि लामो प्रक्रिया । मिलेको छैन । अहिलेको युग भनेको सबै विषय स्रोतसँग जोडिएको हुने रहेछ । जोसँग स्रोत बढी छ उलाई बढी टेर्ने भन्ने हुने रहेछ । हिजोको जिविस जस्तो हुन्थ्यो भने पालिकाले बढी समन्वय गर्थे वा टेर्थे । हामीसँग स्रोत नहुने भएकाले जसरी हामीसँग समन्वय सहकार्य गर्नुपर्ने हो त्यो नहुने अनुभव गरिएको छ । कहिलेकाहीँ कुनै कुरा सोध्न पत्र पठाउँदा त्यसको जवाफ आउन महिनौँसम्म ताकेता गर्नुपर्ने अवस्था छ ।

प्रतिष्ठानले जनप्रतिनिधिलाई नीति नियम, शासन सञ्चालनको तौरतरिकाका बारेमा जिसस वा स्थानीय तहसँग जोडेर कार्यक्रम सञ्चालन गर्दै आउनुभएको छ । कतिपय पालिकाले क्षमता विकासको अनुदान लिइसकेपछि काम गरेको पनि पाइन्छ भने कतिपयमा तालिम लिने तर तालिममै सीमित गरेको पाइन्छ । कतिपय स्थानीय तहले तालिम लिइसकेपछि कार्यान्वयनको चरणमा गएको पनि पाइन्छ । अनुगमनका बेला हामीले स्थानीय तहलाई तालिमको प्रगतिका बारेमा कुरा उठाउने गरेका छौँ । पालिकाहरूमा लिजा र फ्राको गत वर्षको भन्दा यस वर्ष केही सुधार भएको छ । लिजा र फ्रामा विगतमा त्यति वास्ता गरिँदैन थियो भने अहिले कतिपय स्थानीय तहले राम्रो सुधार गरेका छन् । उनीहरूमा सुधार भएको देखिन्छ । तालिमले



गर्दा यो प्रभाव देखिएको हुनुपर्छ ।

बेरुजु घटाउन जिल्ला सभामा बारम्बार कुरा उठाउने गरेका छौं । पालिकाले राम्रो काम गरेको छ भने पुरस्कृत गर्ने र बेरुजु बढाउनेलाई दण्ड गर्नुपर्छ भनेर बारम्बार कुरा उठाएका छौं । स्रोत नभएकाले पुरस्कृत गर्न सकेका छैनौं । धेरै पालिकामा आवधिक योजना बनेका छन् । योजना बने पनि घर्रामा थन्काउने र आफ्नै किसिमले काम गर्ने प्रचलन पनि छ । यस्ता योजना बनाउने मात्र छ । हेरिएको छैन । कार्यान्वयनमा लैजानुपर्छ भन्ने हो नि ।

नदीजन्य पदार्थमा राजस्व उठाउने सन्दर्भमा कहीं न कहीं ठूलो खाडल देखिएको छ । नदीजन्य पदार्थको रोयल्टी उठाइन्छ । विशेषगरी वातावरणीय प्रभाव मूल्याङ्कन गरेको क्षेत्र स्पष्ट छैन । बनाउने ठेकेदारले चार किल्ला देखाएको हुँदैन । एउटा प्वाइन्ट मात्र देखाइएको हुन्छ । कति परिमाण निकाल्ने हो त्यो स्पष्ट नहुँदा राज्यको खातामा आउनुपर्ने राजस्वको ५० प्रतिशत पनि आएको छैन । दुरूपयोग भएको छ । यसका बारेमा पालिकासँग कुरा भएको छ । मुख्यमन्त्रीसँग कुरा भएको छ । सांसदसँग पनि कुरा भएको छ । यसलाई रोक्न सकेमा राजस्व पूरा आउनेछ नत्र केही व्यक्तिको खल्तीमा जाने अवस्था रहीरहन्छ । यो प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ ।

तराईंका जङ्गलमा हजारौं क्युबिक फिट काठ जलेर खरानी भएको छ । त्यत्तिकै नष्ट भएको छ । त्यहाँबाट काठ निकाल्ने भन्दा पनि मलेसियाबाट काठ ल्याउने र यहाँका काठ सड्न दिने नीति भयो । कतै कसैको चलखले र केहीको व्यक्तिगत स्वार्थले यस्तो भइरहेको त छैन । गिट्टी, बालुवा, वनजङ्गलको सही रूपमा प्रयोग गर्न सकेको अवस्था छैन । सदुपयोग हुन सकेको छैन । रोक्ने अधिकार जिससलाई नदिएको अवस्था छ । साधनस्रोतमा पनि त्यस्तै छ । नीतिगत रूपमा नियम कानुन बनाइदियो भने सहज हुनेछ ।

१६

# गति लिँदै न्यायिक समिति



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिका बारेमा व्यवस्था गरेको छ। ऐनको परिच्छेद-८ मा न्यायिक कार्यसम्बन्धी व्यवस्था छ। त्यसको दफा (४६) ले गाउँपालिका तथा नगरपालिकामा न्यायिक समिति रहने स्पष्ट गरेको छ। सोहीअनुसार ऐनको दफा (४७) ले न्यायिक समितिको अधिकार क्षेत्र स्पष्ट गरिदिएको छ भने दफा (४८) ले अधिकार क्षेत्रको प्रयोग र दफा (४९) ले न्याय सम्पादनको प्रक्रियाका बारेमा व्यवस्था गरेको छ। विगतमा यी व्यवस्थाको कार्यान्वयन त्यति प्रभावकारी रूपमा हुन सकेको थिएन तर वर्तमान जनप्रतिनिधि निर्वाचित भएर आएपछि कार्यान्वयन प्रभावकारी हुँदै गएको छ। विगतमा जनता यस बारेमा सुसूचित नहुँदा पनि कार्यान्वयनमा चासो देखिएको थिएन। हाल हरेक पालिकामा न्यायिक समिति गठन गरिएको छ भने उजुरी पनि उल्लेख्य सङ्ख्यामा पर्ने गरेको छ। न्याय सम्पादन पनि प्रभावकारी हुँदै आएको छ। पालिकाका जिम्मेवार पदाधिकारीहरूले भने न्यायिक समितिमा स्रोत र साधनको अभाव भएको गुनासो गर्ने गरेका छन्।

न्यायिक समितिका कारण धेरै जसो विवाद अदालतसम्म पुग्नुपर्ने अवस्था अन्त्य भएको छ। पालिकामा नै विवाद उपर मेलमिलाप गराइन्छ। यसले गर्दा न्यायपालिकामा जाँदा हुने समय, आर्थिक लगायतको खर्च बचत हुन पुगेको छ भने विवादकर्ताबीच सुसम्बन्ध कायम भएको अवस्था पनि छ। न्यायिक समितिले सम्पादन गर्दै आएको न्यायिक प्रक्रियाका बारेमा सम्बन्धित पक्षसँग गरिएको कुराकानीको संक्षेप प्रस्तुत छ-



**प्रकाश पाण्डे**
**नेपाल कानुन व्यावसायिक परिषद्का सदस्य**
**सूप प्रदेश**

राजनीतिक व्यक्तिहरू एउटा खालको अभ्यासबाट आएका हुन्छन् । न्यायिक समितिको जिम्मेवारी लिइसकेपछि वा निर्णयकर्ताका रूपमा ओहदामा रहेपछि न्यायिक विवेक प्रयोग गर्न सक्नुपर्छ । दक्षता, योग्यता र सीपको कमी भएमा समस्या आउन सक्छ । त्यसैले यो भूमिकालाई अझै सक्षम बनाउन तालिम आवश्यक पर्छ । सक्षम व्यक्तिमार्फत तालिम दिइनुपर्छ । तालिम समय समयमा दिनुपर्छ । सुदूरपश्चिममा हरेक स्थानीय तहमा अधिवक्ता छन् । तालिममा उनीहरूलाई प्रयोग गर्नुपर्छ । बार वा परिषद् त्यसका लागि सहकार्य गर्न पनि तयार छ ।

नीति बनाएर अधिवक्तालाई पनि न्यायिक समितिसँग जोड्न सकिन्छ । जोड्नु पर्छ । त्यसरी जिम्मेवारी दिने वित्तिकै उनीहरूलाई पारिश्रमिक दिनुपर्छ भन्ने छैन । स्वयंसेवकका रूपमा काम गराउन सक्नुपर्छ । चार वर्षअघि एउटा स्थानीय तहमा म पनि कानुनी सल्लाहकार थिएँ । मलाई उपलब्ध गराएको पारिश्रमिक निकै न्यून थियो तर परिश्रम त्योभन्दा बढी थियो । बेन्चमा बहस गरिरहेका बेला पनि फोन आएर 'अब यस्तो समस्या आयो, के गर्ने होला ?' भनेर सोधिन्थ्यो । पारिश्रमिक खासै नभए पनि योगदान गरियो ।

स्थानीय तहमा निवेदन लेखिदिने जनशक्ति पनि अभाव छ । त्यो कसले गरिदिने ? त्यो कानुनी अधिकार दिने कसले ? त्यो अधिकार पाउनका निमित्त पीडित व्यक्तिका लागि निवेदन लेखिदिने जनशक्ति पनि स्थानीय तहले उपलब्ध गराउनुपर्छ । तपाईँलाई समस्या परेको छ भने हामी सहयोग गरिदिन्छौँ भन्ने व्यक्ति स्थानीय तहमा हुनसक्नुपर्छ । स्थानीय तहले भौतिक विकासमा मात्र रकम खर्च गर्नुपर्छ भन्ने होइन, न्यायिक कार्यमा पनि रकम खर्च गर्नुपर्ने हुन्छ । न्यायिक समितिमा निवेदन लेखेर सहयोग गर्ने जनशक्ति पनि व्यवस्थापन गरिदिनुपर्छ ।



**शारदादेवी रोकाया**
**उपप्रमुख, गोदावरी नगरपालिका, कैलाली**

न्यायिक समितिसमक्ष जग्गाको साँध सीमानासम्बन्धी समस्या बढी आउने गरेको छ । पतिपत्नीको सानातिना झगडा पनि आउँछ । घरेलु हिंसा, गालीलगोज, ज्याला मजदुरीसम्बन्धी पनि विवाद आइरहन्छ । हप्तामा चार, पाँच वटा मुद्दा पर्छ । २०७९ सालमा १०५ वटा विवादका उजुरी परेका थिए । २०७८ सालको २० वटा विवाद सरिआएको थियो । तीमध्ये पाँच वटामात्र अदालत पुगे, बाँकी सबै मिलापत्र भए । नगरपालिकामा विवाद आएपछि दुवै पक्षलाई न्यायिक समितिमा दर्ता गरेर मेलमिलाप केन्द्रमा पठाइदिन्छौँ । मेलमिलाप केन्द्रमा मिलापत्र गराउने प्रयास गरिन्छ । त्यहाँ मेलमिलाप भएपछि फाइल फेरी न्यायिक समितिमा आउँछ र प्रमाणीकरण गरिन्छ । मेलमिलाप नभएमा पनि फाइलसहित विवाद न्यायिक समितिमा आउँछ । समितिले पनि सकभर मिलापत्र गराउने प्रयास गर्छ । चालु आर्थिक वर्ष २०८०/८१ मा ४७ वटा आएका छन् । कानुन अधिकृत नभएकाले तीमध्ये दुई वटा 'पेन्डिङ'मा छ ।

धेरै जसो नगरवासीलाई न्यायिक समितिका बारेमा थाहा भइसकेको छ । गोदावरी नगरपालिकामा दुई वटा बिकट ठाउँ फुलबस्ती र पट्टूयानी छ । त्यहाँ पनि जनचेतना कार्यक्रम सञ्चालन गरेका छौँ । अझै पनि जनचेतना जरुरी देखिएको छ ।



**कल्पना जोशी पन्त**
**उपप्रमुख, शुक्लाफाँटा नगरपालिका**

न्याय सम्पादनका लागि मुद्दा आइरहन्छन् । अहिलेसम्म ५७ वटा आएका छन् । सबै विवादलाई न्यायिक समितिमार्फत टुङ्ग्याउने प्रयास गरेका छौँ । मेलमिलापका माध्यमबाट टुङ्ग्याउँछौँ । अहिलेसम्म कुनै पनि विवादलाई अदालत पठाउनुपरेको । केही दिनअघि कृष्णपुरबाट एक जना आउनुभएको थियो । उहाँले न्यायिक समितिले दिएको न्यायबाट एकदमै सन्तुष्ट भएको सुनाउनुभयो । विवाद दर्ता गर्ने र प्रतिपक्ष दुवैको जितैजितको पक्षमा टुङ्ग्याउने गरेका छौँ ।

चालु आर्थिक वर्षको वैशाखसम्ममा ५७ वटा विवाद आइसकेका छन् । तीमध्ये मेलमिलाप गराउन तीन वटामात्र बाँकी छ । बाँकी मेलमिलापका माध्यमबाट टुङ्ग्याएका हौँ । कतिपयले त घर पुगेर पनि फोन गर्नुहुन्छ र राम्रोसँग टुङ्ग्याइदिनुभएकोमा धन्यबाद भन्नुहुन्छ । समस्या समाधान गर्न तालिममा सिकेर मात्र हुँदैन, घरव्यवहारमै सिकेका कुरालाई अवलम्बन गर्न सक्नुपर्छ । तसर्थ मेलमिलापका कुरा घरबाट सिक्नुपर्छ । अरुलाई आदर गर्न सक्नुपर्छ । अरुका कुरा सुन्न सक्नुपर्छ । गलत गरेका छ छैन भन्ने कुरा हृदयलाई थाहा हुन्छ । त्यसैले धेरै कुरा अरुको सुन्नै पर्दैन, आफ्नो अनुभवबाट गर्नसक्नु पर्छ । भित्री मनमा आफूले यस्तो निर्णय गर्दा अन्याय पर्छ भन्ने थाहा छ तर विविध सम्बन्धले अन्याय गरिरहेका पनि हुन्छौँ । त्यसैले किताब हेरेर वा सुनेर मात्र भन्दा पनि अनुभवबाट सही निर्णय गर्नसक्नुपर्छ । त्यसो भएमा न्याय सम्पादन सही हुनसक्छ ।



**रेखा कठरिया**
**उपाध्यक्ष, जोशीपुर गाउँपालिका**

नजिकको सरकार भनेकै स्थानीय सरकार हो । त्यसैले हामीसमक्ष समस्या त आइरहन्छन् । मेलमिलापका माध्यमबाट समाधान गर्नुपर्छ । हरेक वार्डमा मेलमिलापकर्ता राखेका छौँ । उहाँहरूलाई तालिम दिएर सक्रिय बनाएका छौँ । उहाँहरूले हेर्न नसकेको विवादमात्र गाउँपालिकाको न्यायिक समितिले हेर्छ । नौ, दश वर्षअगाडिको जग्गासम्बन्धी विवाद थियो । दुवै पक्षबीच निकै द्वन्द्व थियो । वनसम्बन्धी विवाद थियो । सम्हाल्नै नसक्ने स्थिति थियो । हामीले त्यो विवाद मिलायौँ । न्यायिक समितिको संयोजकले कुर्सीमा मात्र बसेर काम गर्नुहुन्न । समस्या बुझ्न फिल्डमा जानैपर्छ ।

एउटा वडामा पाँचदेखि सात जनासम्म मेलमिलापकर्ता राखेका छौँ । उहाँहरूलाई नियमित पारिश्रमिकको व्यवस्था त छैन तर कार्यविधिअनुसार विवाद समाधान गरेपछि एक हजार रुपियाँ दिने गरेका छौँ । मेलमिलापकर्तालाई सक्रिय बनाउन हरेक महिना गाउँपालिकामा बैठक बसाउँछौँ ।

मासिक यति नै विवाद आइपुग्छ भन्ने त हुँदैन । न्यायिक समितिमा आएकामध्ये ८० प्रतिशतसम्म सल्टिन्छ । हामीले हेर्न नमिल्ने विवाद हुँदा अदालत जान सिफारिस गर्छौं । आर्थिक लेनदेन, सम्बन्ध विच्छेदजस्ता विवाद पनि आउँछन् ।

**रूपा चौधरी**
**न्यायिक समितिका कानुनी सल्लाहकार, लम्की चुहा नगरपालिका**



वि.सं. २०७४ मा पहिलो निर्वाचित जनप्रतिनिधिले इच्छुक नभए वा जानकारी नपाएर न्यायिक समितिमा कुनै पनि कार्य वा विधि अगाडि बढाउनुभएन । पालिकाका सामान्य काम गर्नुभयो । नयाँ जनप्रतिनिधि आइसकेपछि उपमेयरले क्षेत्राधिकारअनुसार विवादसँग जोडिएका दुवै पक्षसँग एकदमै नजिक भएर काम गरिराख्नुभएको छ । मेलमिलाप गर्ने क्रममा समस्या आइपरेमा म पनि सहयोगी हुँदै आएको छु । मेलमिलाप गोप्य तरिकाले गराउने गरिएको छ । यो तरिका अपनाउँदा दुवै पक्षलाई सहमति हुन नदिने तत्वहरूले खेल्ने अवसर पाउँदैनन् । धेरै विवाद सहमतिका आधारमा टुङ्गिएको छ । केही विवादमा मनोपरामर्शदाता नभएकाले 'कन्भिन्स' गर्न कठिन हुने रहेछ । मेलमिलाप हुने अवस्था सिर्जना हुँदै भएन भने दुवै पक्षलाई अदालत जान सल्लाह दिन्छौँ ।

जनप्रतिनिधि सबै साक्षर हुनुहुन्छ । सिक्ने मामिलामा उहाँहरू निकै इच्छुक हुनुहुन्छ । जिज्ञाशु हुनुहुन्छ । चालु आवमा ६५ वटा मुद्दा परेको छ । तीमध्ये तीन, चार वटा मुद्दामा पक्ष आफैँ गायब छ । निवेदन दिने तर पक्ष गायब हुने प्रवृत्ति पनि छ । दोस्रो पक्षको ठेगाना गलत हुने गरेको पनि छ । त्यस्तो अवस्थामा केही मुद्दा थाती राखिएका छन् । तिनलाई पुनः सूचना जारी गरेर निर्क्योलमा पुऱ्याउने सोचमा छौँ । विवाद आइरहन्छन् । स्वभाविक पनि हो । मेलमिलापकर्ता योग्य हुनुहुन्छ । उहाँहरू आफैँले न्यायिक समितिका बारेमा जानकारी दिँदै हिँड्नु हुन्छ । कोही कोही मेलमिलापकर्ता त वडा कार्यालयमा दिनरात बस्नुहुन्छ । वडामै सहमति भएन भने बल्ल न्यायिक समितिमा विवाद आइपुग्छ ।

**पूर्णप्रसाद जोशी**
**न्यायिक समितिका अधिकृत छैटौं, भजनी नगरपालिका**



गर्भबाट सिकेर कोही पनि आएको हुँदैन । जिम्मेवारी पाएपछि सिक्न पाइन्छ । जनप्रतिनिधिहरूको इच्छाशक्ति प्रबल छ । न्यायिक समितिमा आएका जुनसुकै विवादको कानुनी वा सामाजिक विषयलाई मध्यनजर राखेर समाधान गर्दै आउनुभएको छ । विवाद समाधान गर्ने तौरतरिकाका बारेमा अभ्यास गर्न पाउने भएकाले पनि उहाँहरूमा यस विषयप्रति रुचि पनि छ ।

नेपालको संविधान र सङ्घीय कानुनले परिकल्पना गरेको न्यायिक समितिलाई सबल र सक्षम बनाउनुपर्छ । स्थानीय तह नजिकको सरकार भएकाले जनताले नजिकबाट न्याय पाउनुपर्छ । यसै सिद्धान्तमा उहाँहरू दृढ सङ्कल्पित हुनुहुन्छ । फिल्डमा आफैँ पुग्नुहुन्छ । जग्गासम्बन्धी विवादमा स्रोत साधन र जनशक्तिलाई आफूसाथ लगेर नापजोख गराउने गर्नुभएको छ । भजनीमा ४० वर्षदेखि कब्जा गरेर खाइरहेको एक जना चमार जातिको जग्गालाई न्यायिक समितिले कब्जा गर्नेहरूबाट उम्काइदिएर निजलाई उपभोग गर्न दिएको घटना पनि छ । तसर्थ न्यायिक समितिप्रति जनताको विश्वास बढेको छ । वार्षिक सरदर एक सयवटा भन्दा माथि मुद्दा दर्ता हुने गरेको छ । विशेष गरी सम्बन्ध विच्छेद, लेनदेन र साँध सिमानासम्बन्धी बढी हुने गरेको छ । मेलमिलापका माध्यमबाट समस्या टुङ्ग्याइदिने गरेका छौँ ।



**खगेन्द्रबहादुर विश्वकर्मा**
**न्यायिक समिति सदस्य, जानकी गाउँपालिका**

न्यायिक समितिमार्फत असल काम गरेका छौँ । धेरै जसो मुद्दा लेनदेन र साँधसधियारका आउँछन् । यिनीहरूप्रति बढी ध्यान दिएका छौँ । ठाडो निवेदनमा मिलापत्र गर्नसक्ने वातावरण मिलाउँछौँ । मेलमिलापकर्तादेखि न्यायिक समितिका लागि बजेट नहुने र राज्यले बजेट नदिने पनि रहेछ । स्वास्थ्य, शिक्षा, पूर्वाधार, योजना, महिला, आदिवासी, दलितलाई जस्तै न्यायिक समितिलाई पनि अलग बजेट छुट्टयाएको भए यसले अलग रूप लिइसक्थ्यो । सबै कुरा निःशुल्क गर्नु भनिएको छ । यसले गर्दा समस्या भएको महशुस गरेको छु ।

न्यायिक समितिमार्फत दुवै पक्षको जीत जीतको अभ्यास गरेका छौँ । गाउँपालिकाले मेलमिलापकर्तालाई पोशाक र मोबाइल फोनको व्यवस्था गरेको छ । उनीहरूको एकनासको पोशाक छ । त्यो पोशाक लगाएपछि मेलमिलापकर्तालाई टाढैबाट चिनिन्छ । गरिब जनतालाई गाउँपालिकाको कार्यालय जान टाढा हुने हुँदा समस्या हुन्छ भनेर प्रत्येक वडामा मेलमिलापकर्तालाई बन्दसत्रमा बस्ने व्यवस्था गरेका छौँ । निवेदन गाउँपालिकामा आएर दिनुपर्ने हुन्छ तर बन्दसत्र सम्बन्धित वडामा नै बस्ने गरेको छ ।



**सपना चौधरी राना**
**उपाध्यक्ष, लालझाडी गाउँपालिका, कन्चनपुर**

काम सिक्न एक वर्ष लाग्यो । न्यायिक समितिका लागि बजेट छुट्टयाएँ । रातीको १० बजेसम्म पनि मेलमिलाप गराइयो । पछि व्यस्तताका कारण तीन जनालाई गाउँपालिकास्तरीय मेलमिलापकर्ता राखेँ । अहिले त प्रत्येक वडामा मेलमिलापकर्ता छनोट गरी तालिम पनि दिइसकेका छौँ । थारु जातिमा ससाना मुद्दा आफ्नै गाउँघरमा मिलाइहाल्ने हुन्छ । न्यायिक समितिसम्म त्यस्ता मुद्दा आउँदैन ।

मुद्दा सधैँ आउँदैन । वडामा तीन तीन जना वडास्तरीय मेलमिलापकर्ता राखेका छौँ । उहाँहरूले मिलाउनुहुन्छ । त्योभन्दा अगाडि मुद्दा पालिकामा मिलाउँथ्यौँ । वडामा मेलमिलाप केन्द्र गठन गरेपछि पालिकामा मुद्दा दर्ता हुन्छ र वडामा पठाइदिन्छौँ । अहिलेसम्म सहज तरिकाले मुद्दा मिलाएको अवस्था छ । वडामै मुद्दा टुङ्गिँदा मलाई सजिलो पनि भएको छ ।

कतिपय महिला डराउने गरेका छन् । मैले यो कुरा सबैका सामु राखेपछि श्रीमान्ले अझ कुट्छन् कि घरबाट निकाल्छन् कि भन्ने डर पनि हुन्छ । अहिले त्यस्ता महिला पनि आउन थालेका छन् । गोपनीयताका साथ हामीले सम्झाउने गरेका छौँ । त्यसपछि दोहोऱ्याएर समस्या सिर्जना भएको स्थिति छैन ।



**धनादेवी थापा मगर**
**उपाध्यक्ष,**
**चुरे गाउँपालिका**

विभिन्न प्रकृतिका उजुरी आउँछन् । पहिले वडामा आउँछ । वडाबाट पालिकामा दर्ता गर्छौं । छ वटै वडामा मेलमिलापकर्ता राखेका छौं । उनीहरूलाई सूचीकृत गरेका छौं । एक वडाबाट तीन तीन जना सूचीकृत गरेका छौं । विगतमा पालिकामा उजुरी आउँथे, चालु आवमा वडामा नै मिलाउने प्रयास भएको छ । वडा तहमा मिलाउन नसक्ने खालका विवादमात्र पालिकामा बसेर छलफल गर्छौं । कतिपय विवादमा व्यक्ति सम्पर्कमा आउन नचाहने पनि छन् । सम्पर्क गर्दा आउँछु भन्ने तर नआउने । त्यस्ता खाले चार, पाँच वटा उजुरी छन् । तिनलाई अदालतमा पठाउनुपर्छ भन्ने लागेको छ । अघिल्लो आवमा २९ वटा उजुरी आएको थियो । तीमध्ये १४ वटा बाँकी थियो । चालु आवमा सातवटा परेको छ । तीमध्ये केही अदालतमै पठाउनुपर्ने खालका पनि छन् । पालिकामा न्याय सम्पादन गर्न कठिन छ । किनकी पालिकामा कानुनी सल्लाहकार वा अधिवक्ता हुनुहुन्न ।

तालिममा सुनेको, सिकेको र आफैंले बुझेको भरमा मात्र न्याय सम्पादन गर्दै आएका छौं । आफूले गर्न सक्ने क्षेत्राधिकारभित्र रहेकाको समस्या समाधान गरेका छौं । केही ठाउँ विकट र पहाडी क्षेत्र छ । वडा नं. २ र ४ का विवादीत पक्षलाई पालिकामा बोलाएर समस्या समाधान गराइदिन धेरै खर्च चाहिन्छ । त्यस्तै वडा नं. १ र ६ तिर पनि धेरै टाढाबाट आउँदा असाध्यै गाह्रो । उहाँहरू पालिकामा आइपुग्दा खर्चको निकै जोहो गर्नुपर्छ । पालिकामा बजेट अभाव छ ।

मेलमिलापकर्तालाई हरेक महिना एकपटक बोलाएर बैठक बस्छौं । पुनर्ताजगी तालिम पनि दिन्छौं । पालिकामा अधिवक्ताको व्यवस्था छैन । सङ्घ वा प्रदेश सरकारले कानुन अधिकृत उपलब्ध गराइदिनुपर्छ ।



**लालमति कठरिया**
**उपाध्यक्ष,**
**जानकी गाउँपालिका**

कुनै महिनामा एकदमै बढी मुद्दा आउँछ कुनै महिनामा कम आउँछ । गत वर्ष ४२ वटा आएको थियो विवाद । यो वर्ष ३५ वटा पुगेछ । कुनै कुनै मुद्दा नमिलेको अवस्था पनि छ । प्रायः जसो सबै मिलेको अवस्था छ । प्रायः लेनदेन, साँध सिमाना, कुला निकास, बाटोघाटाको समस्या आउँछ । फौजदारी मुद्दा लिने गरेका छैनौं ।

विगतमा विवाद गाउँघरमा मुखिया, बरघरकहाँ मिलाउने गरिन्थ्यो । कचहरी जस्तो हुन्थ्यो । कतिपयले न्याय पाउँदैन थिए । तर अब त्यस्तो छैन । विवाद पालिकामा दर्ता हुन्छ । न्यायिक सत्र हरेक वडामा हुन्छ । उक्साउने हुन्छन् । दोषी नभए पनि दोषी ठहऱ्याउन खोजिन्छ । मिल्न लागेको कुरामा पनि मिल्न नदिने हुन्छन् । सानो विवादलाई ठूलो बनाउन खोज्ने प्रवृत्ति छ । यस्ता



**भुलियाकुमारी राना**
**उपप्रमुख,**
**पुनर्वास नगरपालिका**

न्यायिक समितिले व्यावहारिकताका आधारमा कार्य सम्पादन गर्छ । त्यसैले मेलमिलापका माध्यमबाट समस्या समाधानका लागि जोड दिइन्छ । न्यायिक समितिको काम सहजीकरणको काम हो । मध्यस्तकर्ता हो । हाम्रो पालिकामा बढी लेनदेन, घरेलु हिंसा, साँध सिमानाका मुद्दा आइरहेका छन् । न्यायिक समिति न्यायको एउटा अङ्ग हो । स्थानीय जनताले छिटो न्याय पाउने पहिलो निकाय न्यायिक समिति हो । अदालतभन्दा पहिले त्यहाँ पुग्छन् । अझै पनि जनतालाई यसबारे थाहा छैन । अनभिज्ञ छन् । टाठाबाठालाई पहिले न्यायिक समितिमा जानुपर्छ भन्ने थाहा छ । विवाद निरूपण हुन नसक्दा बल्ल अदालत जानुपर्छ भन्ने हो ।

जनताबाट छानिएर आइसकेपछि पक्ष विपक्ष भन्ने हाम्रा लागि हुन्न । दुवै जनता हाम्रा लागि समान हुन् । दुवैलाई असर नपुग्ने गरी दुवैलाई न्याय पाउने प्रयास हुन्छ । पालिकामा दैनिक एक दुई निवेदन परेकै हुन्छ । फोनमार्फत सल्लाह सुझाव लिइरहेका हुन्छन् । पहुँच नहुनेहरूका लागि न्यायिक समिति एकदमै प्रभावकारी र सहज हुन्छ । छ ।

इजलास छैन तर न्यायिक समितिको कक्ष भनेर राखेका छौँ । कुर्सी राखेका छौँ । प्रत्येक दिन निवेदन परेकै हुन्छन् । नपरेको दिन नै छैन । छिटोभन्दा छिटो न्याय सम्पादन गर्ने हो त्यसलाई मध्यनजर गरेर लेखाइमात्र हो भने बार तोके भैगो तर हामीहरूको पालिकाको हकमा बिदाको दिन पनि हेरेका छौँ । दुवै पक्ष आउँछन् भने बिदाको दिन पनि हामी बस्ने गरेका छौँ । सरदर २५ प्रतिशतमा असहमति हुन्छ । सहजीकरण गर्ने हामीहरूको प्रयास हो । कानुनी अड्चन पनि हुन्छन् कतिपयमा । दुवै पक्ष राजीखुसी भए सहमतिको कागज बनाइदिन्छौँ । नगरस्तरीय भलमन्सा छन् । तिनलाई पनि कानुनी कुरा सिकाइरहेका छौँ । फौजदारी अभियोगमा कतै हात नहाल्नू नत्र कानुन आफ्नो हातमा लिए कठघरामा पुग्नुहोला भनेर सचेत गराउने गरेको छु । टोलफ्रि नम्बरको पनि व्यवस्था गरेका छौँ । अदालतमा सितिमिति पठाउँदैनौँ ।

प्रवृत्ति नहोस् भन्नका लागि गोप्य वार्ता गरिन्छ । त्यहाँ निशंकोच कुरा राख्न सकिन्छ । यो प्रभावकारी हुन्छ । दिगो पनि हुन्छ, सम्बन्ध पनि बिग्रदैन । जीत जीतको अवस्था हुन्छ । हार जितको कुरा हुँदैन भन्ने भन्दै आएको छु ।

कति र कस्ता विवाद बरघरले तथा कस्ता मेलमिलापकर्ताले हेर्न पाउने भन्ने पनि तय गरिएको छ । न्यायिक समितिले गर्दा आफ्नो वडामा छिटो, सहज र छरितो तरिकाले न्याय पाउने वातावरण सिर्जना भएको छ । काम गर्न चुनौति पनि छ । रमाइलो पनि छ । पीडितलाई न्याय दिँदा सन्तुष्टि हुन्छ । गर्वको अनुभव हुन्छ । न्यायिक समितिको मेरुदण्ड मेलमिलापकर्ता हुन् । उहाँहरूले सक्रिय र प्रभावकारी रूपमा काम गरिराख्नुभएको छ । मेलमिलापकर्तासँग प्रत्येक महिना बैठक हुन्छ । समस्या र चुनौतिका बारेमा समीक्षा हुन्छ । प्रत्येक साउनमा सूचना जारी गरिन्छ । नयाँ मेलमिलापकर्ताको अद्यावधिक हरेक वर्ष हुन्छ र नयाँलाई सूचीकृत गर्छौँ । उमेर पुगेकालाई सम्मान स्वरूप विदाइ गर्‍यौँ । अवकास दियौँ । राम्रो कार्य सम्पादन गर्ने मेलमिलापकर्तालाई सम्मान र पुरस्कृत पनि गर्ने गरेका छौँ ।





१७

# पाँच प्रश्नका उत्तर

कैलाली र कञ्चनपुरका स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत तथा लेखा शाखा प्रमुखका लागि सार्वजनिक वित्त (खर्च) व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो।

तालिमका सहभागीलाई पाँच प्रश्न सोधिएका थिए- १) स्थानीय तहको बजेट तर्जुमा गर्दाका समस्या, चुनौति र अवसर के छ ? २) सार्वजनिक खरिदमा झेल्नु परिरहेका समस्या के छन् ? ३) स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)को प्रयोग कसरी गरिराख्नुभएको छ ? ४) आन्तरिक आय व्यवस्थापन कसरी गर्नुभएको छ ? ५) बेरुजु फछ्र्योटको पहल गर्नुभएको छ ?

**गणेशदत्त मिश्र, प्रमुख प्रशासकीय अधिकृत दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर**



स्थानीय तहको बजेट निर्माण गर्दा मुख्य समस्या स्रोतकै रहन्छ । योजना माग वा आवश्यकता बढी हुनेगर्छ तर बजेट कम हुन्छ। सीमित स्रोतबाट असीमित आवश्यकता पूर्ति गर्न खोज्दा सबैका माग पूरा हुन सक्दैन । निश्चित मापदण्ड छन् । ती मापदण्डलाई टेकेर रकम विनियोजन गरिन्छ। वडाका लागि विनियोजन गरिने बजेट मापदण्डले निर्धारण गर्छ । टोल वा बस्तीबाट योजना उठान हुने गर्दछ । स्थानीय जनताले बजेटका लागि आफैं आवाज उठाउने र समाधान पनि केही हदसम्म पाउने अवस्थालाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ।

सार्वजनिक खरिदमा थोरै कानुनी जटिलता छ । सार्वजनिक खरिद ऐनअनुसार काम गर्नुपर्ने हुन्छ। सङ्घमा जस्तो स्थानीय तहमा अवस्था समान रहँदैन । जस्तै- वातावरण ऐनअनुसार नदीमा स्काभेटर लगायतका उपकरण प्रयोग गर्न पाइँदैन। तर महाकाली नदीमा तिनको प्रयोग नगरेर उत्खनन गर्न सकिँदैन। कानुनलाई मान्ने हो भने उत्खनन गर्न पाइएन। उपकरण प्रयोग नगरिए‌न भने त्यहाँको बालुवा ढुङ्गा साबेलले उठाएर बिक्री गर्न सम्भव छैन । त्यसैले यस्ता अव्यावहारिक जटिलता फुकाइदिनुपर्छ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)को सुरुवात गर्दा त्यसका प्रशिक्षक नै हाम्रा लेखापाल हुनुहुन्थ्यो । उहाँले प्रमुख प्रशिक्षकका रूपमा काम गर्नुभएकाले दोधारा चाँदनीमा सुत्रको प्रयोगमा समस्या छैन।

राजस्व परामर्श समिति छ। समितिले करका दायरा र आम्दानीका स्रोत पहिचान गर्छ। ती पहिचान गरिसकेपछि तिनका दर निर्धारण गर्ने र राजस्व शाखामार्फत कार्यान्वयन गर्ने गरिएको छ।

धेरै जसो बेरुजु सैद्धान्तिक छन् । ती बेरुजुमा कागजात जुटाएर सम्परीक्षण गराइन्छ। कतिपय कागजात ठेकेदारसँग पनि जोडिएको हुन्छ । जबसम्म ठेकेदारले आफ्नो नाममा रहेको बेरुजु कम गर्न चासो दिँदैनन् वा उनले कागजात जुटाउन चाहँदैनन् भने बेरुजु घटाउन समस्या हुन्छ।



**भेषराज चन्द, प्रमुख प्रशासकीय अधिकृत मोहन्याल गाउँपालिका, कैलाली**

स्थानीय माग र आवश्यकता अनुसारको स्रोत साधन छैन । यो नै मुख्य चुनौति हो । स्थानीय तहमा विवेकशील विनियोजनको अभाव देखिएको छ । स्थानीय तहमा ४० हजार रुपियाँसम्मका योजना छन् । त्यति रकमका योजनाले समाज परिवर्तन गर्न सक्दैन । 'भोट बैंक' वा पहुँचका आधारमा विनियोजन हुँदा समस्या देखिएको छ । स्थानीय तहले आफैं बजेट बनाउँछन्, आफैं विनियोजन गर्छन्, आफ्नै स्रोत साधन परिचालन गर्छन्, यो सबैभन्दा सबल पक्ष लाग्छ । तथापि स्थानीय तहले आफ्नो आन्तरिक स्रोतको दायरा विस्तार गर्नुपर्छ । सधैँभरि केन्द्रको बजेट अनुदानमा आश्रित रहेर बस्नु कुनै पनि स्थानीय तहका लागि फाइदाको विषय होइन ।

सबै प्रकारका ठुला खरिदलाई विद्युतीय बोलपत्रका माध्यमबाट खरिद गर्ने गरिएको छ । एक लाख रुपियाँभन्दा बढीको खरिदलाई खुला प्रतिस्पर्धाका आधारमा खरिद गर्ने व्यवस्था पनि छ । तथापि एक लाखभन्दा बढीको खरिदलाई पूर्ण रूपमा सार्वजनिक गर्ने गरिएको छ । सबैलाई प्रतिस्पर्धाको अवसर प्रदान गर्ने गरिएको छ । सबै प्रकारका खरिदको अन्तिम बिल भुक्तानीलाई वेबसाइटमा प्रकाशित गर्ने व्यवस्था पनि गरेका छौं । यस दृष्टिकोणले आर्थिक पारदर्शी छौं । स्थानीय तहमा सुत्र कार्यान्वयनमा छ । सम्पूर्ण लेखाप्रणाली सुत्रमै आधारित छ ।

सबै वडामा अनलाइनबाट राजस्व सङ्कलन गर्ने प्रणाली अवलम्बन गरेका छौं । दुर्गम पालिका भएकाले बैंकको पहुँच सहज छैन । सङ्कलित राजस्वलाई एक सातामा एक दिन बैंकिङ्ग प्रणालीमा दाखिला गर्ने पद्धति अवलम्बन गरेका छौं । नीतिगत र सैद्धान्तिक बेरुजु बढी हुन्छ । महालेखा परीक्षकको अन्तिम प्रतिवेदन आइसकेपछि त्यसलाई सभामा लगेर अनुमोदन गराउनुपर्ने हुन्छ । कतिपय बेरुजु त्यहीँबाट फछ्र्योट गर्ने अधिकार स्थानीय तहलाई दिएकै छ । बाँकी बेरुजु कडाइका साथ हर्जानासहित असुल उपर गरिएको छ । लामो समयसम्म असुल उपर हुन नसकेका बेरुजुलाई केन्द्रीय तहसिलखानामा लेखेर पठाउने योजना बनाएका छौं ।



**ओमप्रकाश उपाध्याय, लेखा अधिकृत बेलौरी नगरपालिकामा, कञ्चनपुर**

जनप्रतिनिधिसँग जनताको अपेक्षा बढी छ । सीमित साधन स्रोत भएकोले हरेक जनअपेक्षालाई पूरा गर्न नसकिने अवस्था छ । आवश्यकता र प्राथमिकताका क्रममा सीमित मात्रामा योजना पर्ने हुँदा सबैका माग समेट्न समस्या छ । सीमित स्रोत साधन भएको हुँदा योजना तर्जुमा गर्दा विविध छलफल गर्ने गरिन्छ । यस कुरालाई असल अभ्यासका रूपमा लिइन्छ ।

सार्वजनिक खरिद ऐनअनुसार खर्च गर्न सकिने मापदण्ड छ । त्योभन्दा बाहिर गएर पालिकाले कुनै पनि काम गर्न

**बसन्त धानुक, लेखापाल**
**लालझाडी गाउँपालिका,**
**कञ्चनपुर**



स्रोतको अभाव छ । आन्तरिक स्रोत न्यून छ । माथिबाट आउने सिलिङ कानुनले तोकेको समयमा नआउने समस्या छ । चैतको मसान्तभित्र सिलिङ आइसक्नुपर्छ । यसै पटक पनि चैतको मसान्तभित्र नआएर वैशाखको मध्यतिर मात्र प्राप्त गर्‍यौँ । अर्को कुरा स्वच्छ रूपमा बजेट विनियोजन नभएर पहुँचका आधारमा विनियोजन हुने प्रवृत्ति पनि छ । यसलाई पालिकाहरूको मुख्य समस्याका रूपमा लिनुपर्छ । टोल, विकास संस्था आदिबाट योजना तर्जुमा हुनु सकारात्मक पक्ष हो ।

सार्वजनिक खरिद ऐनमा थुप्रै प्रकारका संशोधन गरिए पनि वस्तु र सेवा खरिदमा एकै प्रकारका नियम लागू भइरहेको छ । जस्तो- वस्तु खरिद गर्दा वा हवाइजहाज खरिद गर्दा वा सडक निर्माण गर्दा एउटै प्रकारको नियम लागू भएको छ । यसलाई समस्याका रूपमा लिन सकिन्छ । स्थानीय तहमा विद्युतीय खरिद प्रणाली पूर्ण रूपमा लागू हुन सकेको छैन । टुक्रा टुक्रा गरेर खरिद गर्ने सम्भावना पनि उत्तिकै छ । सबै खरिदलाई विद्युतीयमा आबद्ध गर्ने र गुरुयोजना वा वार्षिक योजना बनाएर गर्दा अझ उपयुक्त हुन्छ । अहिलेसम्म सुत्रमा जेजति मोडल आएका छन् ती सबै हामीले प्रयोग गरिरहेका छौँ । विश्वमा नै लेखाप्रणालीमा दुई वटा लेखाको सूत्र प्रयोग हुन्छ- जनरली एसेप्टेड अकाउन्टिङ प्रिन्सिपल (ग्याप) र इन्टरनेसनल फाइनान्सिँग रिपोर्टिंग सिस्टम (आइएफआरएस) । नेपालमा दुवै प्रणालीलाई पूर्ण रूपमा प्रयोग गरिएको छैन । सुत्रमा धेरै सुधारिएको छ । पहिले हातैले ढड्डा भर्नुपर्ने हुँदा धेरै समस्या हुन्थ्यो । अहिले सुत्रमा आएकाले रिपोर्टिङ र बजेटिङ पनि राम्रो छ ।

नेपालको संविधानले नै तोकेअनुसारकै राजस्व अधिकार छ । स्थानीय तहमा राजस्व परामर्श समिति, स्रोत अनुमान समिति, क्षेत्रगत समिति छन् । यिनीहरूकै समन्वयमा राजस्वका दर निर्धारण गर्ने र त्यसैका आधारमा कर सङ्कलन गर्ने गरिएको छ । सुत्रले धेरै सहयोग गरिरहेको छ । धेरै जसो कागजात पुऱ्याउनुपर्ने बेरुजु छ । त्यस्ता बेरुजु करिब ६३ प्रतिशत देखिएको छ । यसबाट बुझ्न सकिन्छ कि स्थानीय तहमा असुल गर्नुभन्दा पनि कागजात पेस हुनुपर्ने र सैद्धान्तिक किसिमका बेरुजु बढी छन् । बेरुजु घटाउन बेलाबेलामा पत्राचार गरिरहेका हुन्छौँ । असुल गर्नुपर्ने असुल गरिरहेकै छौँ ।

सक्दैन । बोलपत्र आह्वानबाट खरिद प्रक्रिया गर्नुपर्ने भएकाले हामीले सोही व्यवस्थालाई टेकेर काम गरिरहेका छौँ ।

सुत्रका कतिपय मोडल प्रयोग गर्न बाँकी नै छ । किनकी सुत्र भर्खरमात्र आएको प्रणाली हो । खर्च, राजस्व, तलबी प्रतिवेदनका कुरा सुत्रबाट नै गर्ने गरेका छौँ । पूर्ण रूपमा प्रयोग हुने क्रममा छ ।

राजस्व परामर्श समितिले राजस्वका दररेट प्रत्येक वर्ष तोक्ने गरेको छ । विभिन्न ठेक्कापट्टा लगायतलाई आम्दानीको प्रमुख स्रोतका रूपमा लिएर अगाडि बढेको अवस्था हो ।

पालिकाले प्रत्येक वर्ष महालेखा परीक्षकको प्रतिवेदनअनुसार बेरुजु फछ्र्योट गर्ने गरेको छ । खास गरी नियमित गर्नुपर्ने बेरुजु बढी मात्रामा छ । यसलाई नियन्त्रण गर्नु जरुरी छ । कतिपय अवस्थामा कर्मचारी नयाँ हुँदा वा जनप्रतिनिधि नयाँ हुँदा वा दबाब आउने हुँदा बेरुजु बढ्न सक्छ ।



**शिवराज भट्ट, प्रमुख प्रशासकीय अधिकृत पुनर्वास नगरपालिका, कैलाली**

स्थानीय स्तरमा बजेट निर्माणको सिद्धान्त, प्रक्रिया र कार्यान्वयन चरणबारे सुसूचित गराउन नसकिएको अवस्था हो । यसले गर्दा समस्या आइरहन्छ । कतिपयलाई नतिजाभन्दा पनि मागप्रति चासो बढी हुन्छ । त्यसैले हस्तक्षेप भएको महशुस हुने पनि अवस्था रहन्छ । बजेट तर्जुमा गर्दा सरोकारवालालाई सुसूचित गराएर वा सहभागी गराएरै जानु उपयुक्त हुन्छ । वडास्तरमा व्यापक भेला हुनु राम्रो । टोलस्तरमा भेला हुनु पनि राम्रो । सँगसँगै बजेट तर्जुमाका क्रममा विज्ञलाई पनि जोड्नुपर्छ । विज्ञलाई खटाएर माग सङ्कलन गर्ने हो भने प्रभावकारी हुनसक्छ ।

सार्वजनिक खरिदको विधिअनुसार नै काम गरिरहेका छौं । त्यो गर्दा पनि कतिपय अवस्थामा समस्या पक्कै आउँछन् । १० लाख रुपियाँभन्दा माथिका कामको ई-बिडिङ हुन्छ । त्योभन्दा तलका सिलबन्दी दरभाउबाट पनि हुनसक्छ । एक लाख रुपियाँभन्दा मुनिको अमानतबाट पनि गर्नुपर्ने अवस्था आउँछ । त्यसको प्रकृति हेरेर काम गर्नुपर्ने हुन्छ । सुत्र प्रयोग भइरहेको छ । त्यसबाटै काम भइरहेको छ । आर्थिक ऐनबमोजिम करको दर तोकिएको छ । वडाबाट राजस्व सङ्कलन भइरहेको छ । करको दायरा बढाउनुपर्ने छ । बेरुजु फछ्र्योटका लागि पहल गरिरहेका छौं । सफ्टवेयरमा अपलोड गरेर प्रयास गरिरहेका छौं । मुख्य गरेर सैद्धान्तिक बेरुजु बढी छ । केही असुलउपर गर्नुपर्ने पनि छ ।



**गोविन्दराज रेग्मी, प्रशासन शाखा प्रमुख बर्दगोरिया गाउँपालिका, कैलाली**

स्थानीय जनताको आवश्यकतालाई परिपूर्ति गर्ने खालको योजना हुनुपर्छ । स्थानीय स्रोत साधनको अधिकभन्दा अधिक उपयोग हुने खालको योजना छनोट गर्नुपर्ने हुन्छ । त्यही अनुसार योजना छनोट छनोट प्रक्रिया अगाडि बढाइरहेका हुन्छौं । दोस्रो कार्यकालमा जनप्रतिनिधि आइसकेपछि उहाँहरूको चाहना नै समृद्ध बर्दगोरिया गाउँपालिका बनाउने रह्यो । अध्यक्षको नेतृत्वमा शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधारलाई प्राथमिकताका साथ अगाडि बढाएका छौं । बस्तीस्तरबाट योजना छनोट गर्छौं । भेला बोलाएर पनि छलफल गरिन्छ ।

सार्वजनिक खरिदमा त्यस्तो धेरै ठूलो समस्या झेलिएको छैन । ठुला योजना ई-बिडिङबाट गर्ने गरिएको छ । तत्काल नगरी नहुने सानातिना खर्च कोटेसन गरेर गर्ने गरिएको छ । आर्थिक क्षेत्रमा सुशासन कायम गर्न नेपाल सरकारद्वारा जारी गरिएका विभिन्न सूचकलाई पालना गर्ने गरिएको छ । सुत्रलाई लागू गरेका छौं ।

आन्तरिक आय अभिवृद्धि गर्न करका दायरा बढाउनुपर्ने हुन्छ । यो विषयमा राजस्व परामर्श समितिमा व्यापक छलफल गरेर गाउँसभामा लैजाने निर्णय गरेका छौं । असुल उपर गर्नुपर्ने खालका बेरुजु पनि छन् । केही सैद्धान्तिक र अनियमित बेरुजु पनि छन् । महालेखा परीक्षकले औंल्याएको बेरुजुलाई घटाउने नीति लिएका छौं ।

१८

# सेवाकालीन तालिमले सिकाएका कुरा

**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा प्रदेशस्तरमा कार्यरत अधिकृतस्तर सातौँ र आठौँ तहका कर्मचारीका लागि कार्यसम्पादन, विकास व्यवस्थापन र सेवा प्रवाहसम्बन्धी ३५ कार्यदिनको सेवाकालीन तालिम सञ्चालन गरेको गरियो । २०८१ साल जेठ ३ देखि असार ११ गतेसम्म तालिम सञ्चालन भएको थियो । तालिममा सहभागीका संक्षिप्त प्रतिकृया–**



**सिद्धराज उपाध्याय,**
**प्रमुख, कृषि ज्ञान केन्द्र, दार्चुला**

दैनिक कार्यालय सञ्चालन गर्न विभिन्न गुण आवश्यक पर्छ । जस्तैः प्रशासनीक दक्षता, नेतृत्वको गुण, नीति नियमका जानकार आदि । ती सबै पाटोमा विज्ञ हुन सेवाकालीन तालिमले सहयोग गर्छ । तालिमको उद्देश्य र अपेक्षा पनि हो । कार्यालय सञ्चालन र प्रशासनीक कार्य गर्दा विभिन्न प्रकारका समस्या भोग्दै आएका छौं । कर्मचारीमा कतिपय सन्दर्भमा प्रयोगात्मक ज्ञान कम रहन्छ, कतिपय नीतिगत अभाव पनि रहन्छ । तालिमपछि समस्या समाधान गर्न सकिने तहमा पुगेका छौं भन्नेमा विश्वस्त छौं । नियमित रूपमा सेवाग्राहीसँग सम्पर्कमा रहिरहनुपर्छ । धेरै प्रकारका सेवाग्राही आउँछन् । कतिपयले नबुझेर असन्तुष्ट हुन्छन् भने कतिपय सेवाग्राही हाम्रा कमजोरीले असन्तुष्ट हुन्छन् । दुवै कमजोरीका बारेमा तालिमले उजागर गरेको छ ।



**डा. विकास खड्का, दन्त विभाग प्रमुख,**
**सेती प्रादेशिक अस्पताल, कैलाली**

सेवाकालीन तालिमको मुख्य उद्देश्य भनेकै कर्मचारीको वृत्ति विकासका साथै बढुवाका लागि सहयोगी हुनेछ भन्ने नै हो । अर्को कुरा प्रशासन सञ्चालनका लागि यस्ता तालिम उपयोगी हुन्छन् । कर्मचारी परिपूर्ण हुँदैन । प्रशासनिक ज्ञान प्राप्तिका लागि तालिम सहयोगी बनेको छ । हामीहरू शुद्ध प्राविधिक जनशक्ति भएकाले यस्ता तालिम त अझ आवश्यक रहेको महशुस भएको छ । सरकारी कार्यालयमा कसरी कार्य सम्पादन हुन्छ, कसरी सेवाग्राहीसँग व्यवहार गर्नुपर्छ, कसरी सहज रूपमा सेवा दिनुपर्छ भन्ने लगायतका बारेमा तालिमले जानकारी दिएको छ । त्यसैले यो कर्मचारीका लागि आवश्यक हो ।



**कुमारी कमला विष्ट**
**वरिष्ठ नर्सिङ अधिकृत, महाकाली प्रादेशिक अस्पताल, कञ्चनपुर**

सेवाकालीन तालिम 'करियर र प्रोफेसनल लाइफ'मा एकदमै महत्त्वपूर्ण हुन्छ । त्यसैले सेवाकालीन तालिममा सहभागी भएका हौं । प्राविधिक समूहका कर्मचारीसँग प्राविधिक सीप हुन्छ तर व्यवस्थापकीय सीपमा कहीँकतै कमी भइरहेको हुन्छ । यसले गर्दा व्यवस्थापकीय तहमा काम गर्दा प्राविधिक सीपले मात्र काम गर्दैन । व्यवस्थापकीय सीप, निर्णय गर्नसक्ने सीप, सञ्चार सीप लगायत सबै चाहिने हुँदा सेवाकालीन तालिम आवश्यक पर्छ । प्राविधिक सीपसँगसँगै प्रशासकीय सीपलाई अभिवृद्धि गरेर सेवालाई गुणस्तरीय बनाउन यो तालिमले सहयोग पुऱ्याउनेछ भन्नेमा विश्वस्त छु । आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिइनुपर्छ ।



**गृष्मा ठकुन्ना, इन्जिनियर, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कन्चनपुर**

व्यक्तिगत क्षमता विकास गर्न र व्यवस्थापकीय तहमा सिर्जना हुने विविध किसिमका समस्यालाई सहज व्यवस्थापन गर्न यस्ता तालिमको महत्त्व हुन्छ । तसर्थ मेरा लागि यो तालिम बढी लाभदायक भएको छ । व्यवस्थापकीय तहमा निर्णायक भूमिका हुने भएकाले सही निर्णय गर्न तालिमबाट प्राप्त ज्ञानको प्रयोग हुनसक्छ । तालिमका क्रममा थुप्रै प्रशासनिक ज्ञान प्राप्त भएको छ । विगतमा प्रशासनिक र व्यवस्थापकीय जानकारी अघिल्लो पुस्ताबाट हस्तान्तरण भएको जस्तो लाग्थ्यो । तर अब हामीले कुन तर्क, नियम, आधारमा कार्य सम्पादन गरिरहेका छौं भन्ने थाहा पाउने अवसर मिल्यो । धेरै विषयमा जानकारी पाएका छौं ।



**धर्मराज जोशी, शाखा अधिकृत, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश**

अधिकृत स्तरका कर्मचारीका लागि एक तह बढुवाका लागि सेवाकालीन तालिम अनिवार्य रहन्छ । त्यो पाटो त छ तर व्यावहारिक पाटोमा पनि तालिमको अनिवार्यता रहन्छ । दैनिक रूपमा सम्पादन गर्दै आइरहेका कामलाई सेवाग्राही उन्मुख बनाउन तालिमबाट प्राप्त सूत्र उपयोगी रहन्छन् । दैनिक क्रियाकलापमा सहजीकरण गरेर नागरिकमुखी सेवा प्रवाह गर्न सहयोग मिल्ने छ । सेवाग्राहीसँग प्रस्तुत हुने शैली र दैनिक कार्यसम्पादनका क्रमका यसले सहजता ल्याउनेछ । कार्यसम्पादनका बेला विभिन्न गतिविधिलाई वेवास्ता गरिरहेका हुन्छौं । सेवाग्राहीसँग 'यो मिल्दैन' भन्ने तरिकाले प्रस्तुत हुन्छौं । तर किन र कसरी 'यो मिल्दैन' भन्ने प्रयोगात्मक रूपमा अब प्रस्तुत हुनसक्छौं । तालिमले धेरै सिकाउने भएकाले प्रभावकारी छ ।



**नरेन्द्र शाह,**
**कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय, कैलाली**

सेवा प्रवेश गरिएको यस अवधिमा थुप्रै कुरा सिकेका छौँ । अझै धेरै नै सिक्न बाँकी छ । आगामी दिनमा प्रवाह गर्ने सेवाका लागि योजना बताउनुपर्ने हुन्छ । त्यस क्रममा थप सुधार कसरी गर्न सकिन्छ भन्ने कुराको बाटो यस तालिमले देखाएको छ । मुख्य कुरा ज्ञान, सीप, क्षमतालाई थप कसरी अभिवृद्धि गर्न सक्छौं भन्नेमा तालिमले मजबुत बनाएको छ । दर्शनका कुरा, सकारात्मक सोच्ने कुरा, समूह निर्माण गर्ने वा स्वव्यवस्थापन कसरी गर्ने भन्ने कुरा पनि सिकेका छौं । हतियारलाई समय समयमा धारिलो बनाए जस्तै कर्मचारीलाई बेलाबखतमा तालिमको आवश्यकता पर्दछ । समयसँगै जानेका कुरा वा सीप कमजोर भएको हुनसक्छ । त्यसैले पुनर्ताजगी आवश्यक छ ।

